नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गरिएको राष्ट्रिय दलित आयोगको

# वार्षिक प्रतिवेदन

## आ.व. २०७७/७८


राष्ट्रिय दलित आयोग

कुपण्डोल, ललितपुर, नेपाल

फोन नं: ०१–५४३११४८, ५४३३६५०

ईमेल: info@ndc.gov.np, वेभसाईट: www.ndc.gov.np

प्रकाशक : राष्ट्रिय दलित आयोग
कुपण्डोल, ललितपुर, नेपाल
फोन नं: ०१ ५४३११४८, ५४३३६५०
ईमेल: info@ndc.gov.np
वेबसाईट: www.ndc.gov.np
प्रकाशन मिति : भाद्र, २०७८

# आयोगको भनाइ



जातीयताका आधारमा व्यवहार गर्ने त परको कुरा भयो, छुवाछूत तथा जाति पाति प्रथालाई कुनै पनि सभ्य मानिसले स्वीकार्न सम्म पनि सक्दैन । आफू जस्तै एक मानिसले अर्को मानिसलाई कुनै कूल वंशमा जन्मिनु स्वतः ठूलो र कुनै कुल वंशमा जन्मिनु स्वतः सानो मान्ने-ठान्ने संस्कृति कसरी सुसंस्कृति हुन सक्छ ? यो त अत्यन्त क्रुर, जंगली, पाशविक र कुसंस्कृति हो । यो प्रथा, परम्परा किन पुस्तान्तरण भैरहेको छ ? विश्व मानव समुदाय विज्ञान प्रविधिको उच्चतम् र चमत्कारपूर्ण विकास मार्फत् पृथ्वीमा मात्र होइन ब्रह्माण्डका अन्य ग्रहमा समेत विचरण गर्ने योजना बनाइरहँदा नेपाली समाज भने अन्यन्त पछौटे र पुरातन संस्कृतिमा जकडिएको छ ।

इतिहासको कुनै कालखण्डमा अमूक पेशा गरेको आधारमा जुन जाति वा समुदायलाई राज्यका सबै प्रकारका सेवा सुविधाबाट वञ्चित गर्दै न्यूनतम् मानव अधिकारबाट समेत वञ्चित गरेर निकै पिँधमा दवाइयो, किनारमा धकेलियो र पशु सरहको मान्यता समेत पाउन वञ्चित रहेको समुदाय हो -दलित समुदाय । देशको १३% जनसंख्याको हिस्सा आगटेको, मानव समाजलाई विकास र प्रगतिको मार्गमा अग्रसर गराउन निकै ठूलो योगदान गरेको शिल्पी वर्ग नै दलित समुदाय हो । राज्यको १३% भन्दा बढी जनसंख्याको हिस्सालाई अलग गरेर देश अघि बढ्छ भन्ने हामी कल्पना पनि गर्न सक्दैनौं ।

नेपालको पहिलो लिखित कानून मुलुकी ऐन, १९१० मा कथित पानी नचल्ने जात भनी शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत अधिकारबाट वञ्चित समुदायले आफ्नो अधिकार खोसिएको कुरालाई निरन्तर रुपमा बुलन्द गर्दै आयो, फलस्वरुप ११० वर्षपछि वि.सं. २०२० सालमा जारी मुलुकी ऐन, २०२० ले छुवाछूत भेदभाव गर्नु हुँदैन भन्ने सैद्धान्तिक स्वीकार त गऱ्यो तर त्यो अपराधका कसूरदारलाई के सजाय हुने भन्ने अस्पष्ट नै रह्यो । लामो समयसम्म देश बन्द राजनीतिक व्यवस्थामा जकडियो । ३० वर्षसम्म नागरिकका मौलिक हक खोसिँदा दलित समुदायको हक प्रथमिकतामा पर्ने कुरै थिएन अपितु हाम्रा अग्रजहरूले मुक्तिको झण्डा उठाइरहनु भयो । वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलन दलितहरूको मुद्दा उठाउने उपयुक्त मञ्च बन्यो । वि.सं. २०४७ सालमा जारी संविधानमा केही अधिकार समेटिए पनि दलित समुदाय सन्तुष्ट हुने स्थिति थिएन । दलित समुदायको परिवर्तन प्रतिको तीव्र चाहना १० वर्षे जनयुद्ध र वि.सं. २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनमा दलित समुदायले गरेको बलिदान र योगदानको फलस्वरुप दलित समुदाय माथि करिव २५०० वर्षसम्म गरेको शोषण र दमनलाई सम्बोधन गर्ने काम नेपालको अन्तरिम संविधान, २०६३ ले गऱ्यो । पहिलो पटक दलितको अधिकारलाई निःशर्त स्वीकार गर्ने संविधानका रुपमा यो संविधानलाई लिन सक्छौं र यही संविधानले स्वीकार गरेको हो दलित समुदायलाई सकारात्मक विभेद (केही सुविधासहित) मार्फत राज्यको सबै अंगमा समुचित प्रतिनिधित्व सहित मूल प्रवाहीकरण र समावेशीकरणको कुरा । नेपालको अन्तरिम संविधान, २०६३ ले जातीय भेदभाव, छुवाछूतलाई गम्भीर सामाजिक अपराध मानेको कारणले जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ बनाउन बाटो खुल्यो । केही अपूर्णताका बाबजुद यो ऐन दलित समुदायका लागि ऐतिहासिक उपलब्धि हो ।

जनताका आफ्ना प्रतिनिधि मार्फत आफूमाथि शासन गर्ने देशको मूल कानून बनाउने नेपाली जनताको ७ दशकको सपना पूरा भएको छ । स्पष्ट व्यवस्था सहित दलित मसुदायले हजारौं वर्षदेखि भोगेको अपमान, तिरस्कार र क्रुर दमनको क्षतिपूर्ति दिने संकल्पको व्यवस्था वर्तमान संविधानले गरेको छ । थुप्रै ऐन कानूनको निर्माण गरेर ती संविधानका व्यवस्थाहरूलाई हामीले पूरा गर्नु पर्नेछ । दलित समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउने, यो देश मेरो पनि हो भन्ने प्रत्येक उपेक्षित समुदायले अनुभूति गर्ने गरी काम गर्न राज्यको संवैधानिक निकायका रुपमा राष्ट्रिय दलित आयोग स्थापित छ । झण्डै ६६ लाख दलित समुदायको प्रतिनिधिका रुपमा राष्ट्रिय दलित आयोगको पदाधिकारी हुन पाउँदा हामीलाई गौरव लाग्नु स्वभाविक नै हो ।

सोचे भन्दा छिटो दलित समुदायमाथिको थिचोमिचो, शोषण, दमनलाई समूल रुपमा अन्त्य गरी समतामूलक, समुन्नत र सभ्य समाज निर्माण गरी अब कोही दलित छैनौ भन्ने विन्दुमा समाजलाई पुऱ्याउने गरी काम गर्ने हुटहुटी राष्ट्रिय दलित आयोगका पदाधिकारीहरूमा छ । जस्तोसुकै प्रतिकूलतामा पनि काम गर्ने उच्च मनोबल र दृढ विश्वास छ । साधन स्रोतको सीमितता र अपर्याप्तताका कारणले काममा कुनै असर पर्न नदिने कृत संकल्प पनि छ । कोरोना महामारीले हाम्रो क्रियाशीलतालाई सीमित गर्न बाध्य पारेकोमा हामी दुःखी छौँ ।

संविधानले हामीलाई सुम्पेको दायित्व यथाशीघ्र पूरा गर्नु हाम्रो पहिलो कर्तव्य हो । अधिकतम् नीतिहरूमा सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाएर सोचे भन्दा छिटो दलित समुदाय प्रतिको अनुचित सोँच र उनीहरूको जीवनस्तर माथि उठाउनु हाम्रो प्राथमिक दायित्व हो । दलित समुदायलाई माथि उठाउनु अरु समुदायलाई तल पार्नु किञ्चित होइन बरु सँगसँगै हिड्दा र सँगै सबै माथि उठ्दा नै उच्चता मापन हुने हो । त्यसैले गैर दलित समुदायलाई यो अभियानको सहयात्री बनाउने हाम्रो चाहाना छ । कतिपय आन्तरिक व्यवस्थापन तथा तयारीको काममा लाग्दा आयोग सुस्ताएको प्रतीत हुनु स्वभाविक हो । पञ्चवर्षीय रणनीतिक योजना, सामाजिक अन्तरघुलन तथा भ्रम निवारण अभियान सम्बन्धी योजना सरोकारवाला पक्षकै सहभागितामा तयार पारिने आयोगको तयारी छ । दलित मुक्तिको अभियानसँग प्रत्यक्ष अप्रत्यक्ष रुपमा सरोकार राख्ने सबैसँग सहकार्य गर्न आयोग हार्दिक अपिल गर्दछ ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष संवैधानिक आयोगका रुपमा राष्ट्रिय दलित आयोगको पहिलो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा निकै खुसीको अनुभूति भएको छ । नेपालको संविधानले व्यवस्था गरेका दायित्व पूरा गर्नका खातिर राष्ट्रिय दलित आयोग क्रियाशील हुने क्रममा आयोगले आ.व. २०७७/०७८ मा सम्पादन गरेका कार्यहरू प्रतिवेदनका रुपमा तयार भएको छ । अन्त्यमा यो प्रतिवेदन तयारीका सन्दर्भमा सहयोग गर्नु हुने आयोगका माननीय सदस्यज्यूहरू, आयोगको सचिव लगायत सम्पूर्ण कर्मचारीहरूमा धन्यवाद व्यक्त गर्दछु ।

**देवराज विश्वकर्मा**
अध्यक्ष
राष्ट्रिय दलित आयोग

# प्रतिवेदनको सारांश

राष्ट्रिय दलित आयोग २०५८ सालमा गठन भई दलित समुदायको मानव अधिकार संरक्षण र सशक्तीकरण सम्बन्धी कार्य गर्दै आएको छ। नेपालको संविधान जारी भएपछि आयोगले संवैधानिक हैसियत ग्रहण गरेको हो। नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। यस आयोगमा एक अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था रहेको छ। आयोगको कार्य संचालनको लागि नेपाल सरकारबाट तीस जना जनशक्ति रहने व्यवस्था गरिएको छ। आयोगको कार्यक्षेत्र अन्तर्गत दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्वधित कानून एवं कार्यकम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने संवैधानिक र कानूनी व्यवस्था छ। दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको सन्धी वा सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने एवं दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा प्राप्त उजुरी उपर छानवीन गरी मुद्दा दायर गर्नु पर्ने देखिएमा सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने समेत आयोगको कार्यक्षेत्र भित्र पर्दछ। राष्ट्रिय दलित आयोगले आ.व. २०७७/७८ मा सम्पादन गरेको कार्य समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरेको छ। आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदनको सार संक्षिप्त रुपमा तल प्रस्तुत गरिएको छ।

१. यस आयोगको आफ्नै भवन छैन। कुपण्डोल, ललितपुर स्थित भाडाको घरमा आयोगको कार्यालय सञ्चालन भई रहेको छ। पदाधिकारीहरू नियुक्त भई बहाल भइसक्नु भएको अवस्थामा आयोगको कार्यालय संचालन गर्न भवन पर्याप्त छैन।

२. यस आर्थिक वर्षमा आयोगले दलितको हक हित प्रवर्द्धन तथा दलित समुदायको सशक्तिकरणका लागि सचेतनामूलक कार्यकम र जातीय छुवाछूत अन्त्यका लागि जनचेतनामूलक कार्यकम, सन्देशमूलक सूचना प्रकाशन, प्रशारण र प्रचार प्रसार सम्बन्धी कार्य गरेको छ।

३. यस आयोगले स्थानीय तहका दलित समुदायका जनप्रतिनिधिहरू, प्रहरी प्रशासन, जिल्ला समन्वय समितिका पदाधिकारीहरू लगायत सरोकारवालाहरूलाई जातीय छुवाछूत विरुद्धका कानूनी व्यवस्था तथा स्थानीय तहका दलित समुदायका जनप्रतिनिधिहरूको

नेतृत्व क्षेमता  विकास सम्बन्धी विषयमा यस आयोगले अन्तक्रिया तथा सचेतनामूलक कार्यक्रम संचालन गरको छ ।

४. विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्राप्त दलित सम्बन्धी जातीय छुवाछूत तथा हिंसा सम्बन्धी घटनाहरूको क्रम हेर्दा अन्तरजातीय विवाह, छुवाछूतका घटना, हत्या हिंसा, विभेद, वलात्कार, जातीय विभेद लगायतका मुद्दामा आयोगले सक्रियतापूर्वक भूमिका खेलेको छ ।

५. यस आयोगमा छुवाछूत तथा भेदभावको उजुरी लिने, अनुगमन गर्ने, विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरी विभेदका घटना हुन नदिन सम्बन्धित निकायहरूकामा पत्राचार गर्ने कार्य भएका छन् ।

७. दलित समुदायको हक हित र अधिकारका सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धी पुस्तिका, आयोगको परिचयात्मक ब्रोसर, पम्प्लेट, वार्षिक क्यालेण्डर, सूचनामूलक स्पाइरल नोट र आयोग नामाकरण साधारण डट्पेन तयार गरेको छ ।

८. यस आयोगमा आर्थिक वर्ष २०७७/७८ मा जातीय छुवाछूत तथा भेदभाव, अन्तरजज्ञातिय विवाह, जातीय हिंसा, दलित किशोरीलाई वलात्कार लगायतका उजुरी तथा विभिन्न पत्रपत्रिका र अनलाइन माध्यमबाट प्राप्त जानकारीका आधारमा पर्ने आएको कुल ३६ वटा जातीय विभेद तथा हिंसाका घटनाको कारवाहिका लागि सम्बन्धित मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित प्रहरी कार्यालयमा ध्यानाकर्षण तथा कारवाहिका लागि सिफारिस गर्ने कार्य गरेको छ ।

९. विभिन्न माध्यमबाट यस आयोगमा पर्न आएका उजुरीहरू उपर आयोगका माननीय सदस्यज्यूहरूबाट आवश्यक समन्वय र स्थलगत अनुगमन गर्ने कार्य भएको छ ।

# विषयसूची


## परिच्छेद - १
## छुवाछूत प्रथाको शुरुवात र कानूनी व्यवस्था

| | | |
|---|---|---|
| १. | नेपालमा छुवाछूत प्रथाको शुरुवात | १ |
| २. | अन्तर्राष्ट्रिय कानूनमा छुवाछूत तथा भेदभाव विरुद्धको व्यवस्था | २ |
| ३. | विभेद अन्त्यका लागि ऐन कानून मार्फत भएका प्रयासहरू | ३ |
| ४. | नेपालको संविधानको मौलिक हक तथा कर्तव्य र विभिन्न कानूनमा दलित हक हित सम्बन्धी भएका व्यवस्थाहरू | ५ |
| | ४.१. संघीय व्यवस्थापिकामा भएका व्यवस्थाहरू | ७ |
| | ४.२. प्रदेश व्यवस्थापिकामा भएका व्यवस्थाहरू | ७ |
| | ४.३. स्थानीय कार्यपालिकामा भएका व्यवस्थाहरू | ७ |
| | ४.४. स्थानीय व्यवस्थापिकामा भएका व्यवस्थाहरू | ८ |
| ५. | अन्य कानूनमा भएको व्यवस्था | ८ |
| ६. | जातीय विभेद अन्तका लागि राज्यका लाकेप्रिय घोषणाहरू | १३ |
| ७. | दलित लक्षित कार्यक्रमहरू | १४ |
| ८. | बिभिन्न निकायमा दलितहरूको प्रतिनिधित्व | १६ |
| | ८.१ व्यवस्थापिका संसदमा | १६ |
| | ८.२ न्यायालय, सुरक्षा निकाय तथा निजामति सेवामा प्रतिनिधित्व | १६ |
| | ८.३ स्थानीय निकाय र स्थानीय तहमा प्रतिनिधित्व | १६ |
| | ८.४ संवैधानिक निकायमा दलितको प्रतिनिधित्व हाल सम्म | १७ |
| | ८.५ कार्यकारी पदहरूमा दलित समुदायको प्रतिनिधित्व | १७ |
| | ८.६ गरीबी अवस्था | १७ |
| | ८.७ स्वास्थ्य तथा सरसफाइ | १७ |
| | ८.८ जनसंख्या २०६८ | १८ |
| | ८.९ शिक्षाको अवस्था | १८ |

## परिच्छेद - २
## राष्ट्रिय दलित आयोगको परिचय

| | | |
|---|---|---|
| २.१ | परिचय | १९ |
| | २.२ आयोगको सोच | १९ |
| | २.३ उद्देश्य | १९ |
| | २.४ रणनीति | २० |
| ३. | राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार | २० |
| ४. | राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको अन्य काम, कर्तव्य र अधिकार | २१ |

## परिच्छेद - ३
## दलित समुदायको अवस्था

| | | |
|---|---|---|
| ३.१ | दलित शब्दको शाब्दिक अर्थ | २२ |
| ३.२ | दलितको आर्थिक अवस्था | २२ |
| ३.३ | सामाजिक तथा सांस्कृतिक अवस्था | २३ |
| ३.४ | राजनैतिक अवस्था | २३ |

## परिच्छेद - ४
## आयोगको प्रशासनिक तथा वितिय स्थिति

| | | |
|---|---|---|
| ४.१ | संगठन संरचना | २४ |
| ४.२ | दरबन्दि र पदपूर्तिको अवस्था | २४ |

| | | |
|---|---|---|
| ४.३ | भौतिक अवस्था तथा उपयोग | २५ |
| ४.४ | बजेट व्यवस्था | २५ |
| ४.५ | आयोगको वार्षिक बजेट र खर्च | २५ |
| | ४.५.१ बजेट तथा कार्यक्रम सम्बन्धी समस्या तथा चुनौती | २६ |
| | ४.५.२ जोखिम पक्षको अनुमान | २६ |


## परिच्छेद - ५

## आयोगको वार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका कार्यहरुको विवरण तथा लागत


| | | |
|---|---|---|
| ५.१ | जातीय छुवाछूत विरुद्ध प्रवर्द्धनात्मक कार्य | २७ |
| ५.२ | सचेतनामूलक कार्यक्रम | २७ |
| ५.३ | आयोगबाट विभिन्न जिल्लामा सञ्चालन भएका कार्यक्रम र प्राप्त सुझावहरू | २७ |
| ६. | राष्ट्रिय दलित आयोग र महान्याधिवक्ता बीच छलफल | ४१ |
| ७. | राष्ट्रिय दलित आयोग र पशुपति क्षेत्र बिकास कोषबीच छलफल | ४१ |
| ८. | वार्षिक कार्यक्रम | ४१ |
| ९. | वार्षिक कार्यक्रमको प्रगति | ४२ |
| १०. | आयोगबाट जारी भएका प्रेस विज्ञप्ती र शुभकामना सन्देशहरू | ४२ |
| ११. | राष्ट्रिय दलित आयोग बैठकका महत्वपूर्ण निर्णयहरू | ४३ |
| १२. | विश्वव्यापी कोरोना महामारी र यसको असर | ४६ |


## परिच्छेद - ६

## जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी घटनाहरुको निवारण


| | | |
|---|---|---|
| ६. | जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी घटना उजुरी र कारवाही तथा आयोगको सुझाव | ४७ |
| ७. | माननीय सदस्य मिनादेबी सोवद्वारा गरिएको विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी घटनाको स्थलगत अनुगमन प्रतिवेदन | ५४ |
| ८. | कैलाली र कञ्चनपुर जिल्लाको अध्ययन भ्रमण प्रतिवेदन | ५५ |
| ९. | माननीय सदस्य मेहले पार्कीद्वारा गरिएका विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी घटनाको अनुगमन प्रतिवेदन | ५७ |
| १०. | दोलखा जिल्लाको अनुगमन प्रतिवेदन | ६० |
| ११. | माननीय सदस्य टुञ्जे कामीद्वारा गरिएको विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी गटनाको स्थलगत अनुगमन प्रतिवेदन | ६२ |
| १२. | भोजपुर जिल्लाको घटना अनुगमन | ६३ |
| १३. | मोरङ्ग र ओखलढुङ्गा जिल्लाको घटना अनुगमन | ६३ |


## परिच्छेद-७

## आयोगको विद्यमान अवसर, चुनौती र सुझावहरू


| | | |
|---|---|---|
| ७. | दलित समुदायको हक हित तथा जातीय विभेद तथा छुवाछूत सम्बन्धी विद्यमान अवसर, चुनौती र सुझावहरू | ६४ |
| | अनुसूची - १ हाल आयोगको कर्मचारी विवरण | ७१ |
| | अनुसूची - २ खर्चको फाँटवारी | ७२ |
| | अनुसूची - ३ आ.व २०७६/७७ को खर्चको फाँटवारी | ७६ |
| | अनुसूची - ४ आयोगबाट प्रकाशित सचेतनामूलक सामग्रीहरू | ७७ |
| | अनुसूची - ५ आयोगबाट जारी भएका प्रेस विज्ञप्ती र शुभकामना सन्देशहरू | ७८ |

## परिच्छेद - १

# छुवाछूत प्रथाको शुरूवात र कानूनी व्यवस्था

## १. नेपालमा छुवाछूत प्रथाको शुरुवात

दक्षिण एशियामा दलित समुदायमाथि जातपातको आधारमा छुवाछूत तथा भेदभाव हुँदै आएको छ। इ.पू. ३००० भन्दा अगाडि अर्थात लगभग छ हजार वर्ष पहिले आर्यहरू भारत प्रवेश गरी त्याहाँका मुलतः द्रविड र आष्ट्रिक जातका मानिसहरूको सामाजिक जीवनमा हस्तक्षेप गरी आफ्नो राज्य स्थापना गरे सँगै आर्य शासित दास व्यवस्थाको थालनी भयो आर्यहरूको जनसंख्याको वृद्धिसँगै राज्यहरूको बिभाजन र उनीहरूबीच युद्ध शुरु भयो। युद्धमा पराजित आर्यहरू दासमा फेरिने क्रम बढ्यो, बिजेता आर्यहरूले पराजित सबैलाई श्रमजन्य काम लगाउन थाले ब्राम्हणले पुरेत्याँई गर्ने, ज्ञान र शिक्षा आर्जन गर्ने, क्षेत्रीले सैनिक तथा प्रशासकीय कार्य गर्ने, वैश्यले पशुपालन खेती, व्यापार र शुद्रले श्रम, शिल्पकारी र सेवाको काम गर्ने गरी श्रम बिभाजन गरियो र श्रम बिभाजनको यही क्रम विस्तारै वर्ण व्यवस्थामा रुपान्तरित भयो।

दक्षिण यशियाली उपमहाद्विप र संसारकै पुरानो संकलित ग्रन्थ ऋग्वेद आर्यहरूद्वारा रचित ग्रन्थ हो। यसलाई संकलन र सम्पादन गर्ने काम व्यासले गरेकोले उनको नाम वेदव्यास रहेको धरैको अनुमान छ। ऋग्वेदका दस मण्डलहरूमध्ये दसौं मण्डलमा पुगेपछि मात्र “त्यस विराट पुरुषको मुख ब्राम्हण, हात क्षत्रीय, जाङ्घ वैश्य र खुट्टा शुद्र थिए” भनी उल्लेख भएको पाइन्छ।

यसरी त्यी आर्य राज्यहरूमा वर्ण व्यवस्था खडा गरिएपछि करिब १००० वर्षसम्म पनि त्यसभित्र छुवाछूत प्रथा थिएन, शास्त्र पढ्न निषेध थिएन, वर्ण परिवर्तन हुन सक्थ्यो। लगभग इ.पू. ३०० देखि इ.पू. २०० मा आइपुग्दा शुद्रको निम्ति श्रम बिभाजनलाई अनुल्लंघनीय बनाउन वर्ण व्यवस्थालाई पूर्णतः लागु गरियो। त्यसपछि नै सम्पूर्ण शुद्रलाई दास मान्न र त्यस अनुसार व्यवहार गर्न थालियो।

राजा मनु (जन्म लगभग इ.पू.२००) ले छुवाछूत सहितको वर्ण व्यवस्थालाई अत्यन्तै कठोरतापूर्वक कानूनी रुपमै लागु गरे। उनको कालमा आएर “शुद्र, ढोल र नारी यातनाका भागिदार” भन्ने स्तरको कानून स्थापित भयो। इ.सा. पूर्व ६०० सम्ममा वर्ण व्यवस्थामा छुवाछूत समेत थप भईसकेको र त्यसलाई राजा मनुले कानूनी रुप दिएर वर्ण व्यवस्थालाई झन कठोर पारे।

यसरी श्रमको बिभाजन नै विस्तारै वर्ण व्यवस्थामा फेरिँदै त्यहि वर्ण व्यवस्थामा छुवाछूत स्थापना हुन पुग्यो र यो छुवाछूत सहितको वर्ण व्यवस्था बिभिन्न काल खण्डमा नेपाल प्रवेश गर्यो। नेपालमा लिच्छवीहरूको शासन शुरु भयसँगै वर्ण व्यवस्थाको थालनी गरियो र तत्कालिन बाग्मती उपत्यकामा चार वर्ण अठार जातको स्थिति कायम गरियो। मल्ल वंशको शासनकालमा पनि बाग्मती उपत्यकामा चार वर्ण चौंसठ्टी जातमा समाजलाई विभक्त गरी छुवाछूतलाई कठोरतापूर्वक लागु गरियो। गोरखाका राजा राम शाहले चार वर्ण छत्तीस जातको व्यवस्था कायम गरी वर्गहरूबीच

श्रेणी बिभाजनको काम गरे शाहकालिन समयमा पृथ्वीनारायण शाहले "असिल हिन्दूस्तान" निर्माण गर्ने नारा सहित आधुनिक नेपाललाई एकीकरण गरेपछि वर्ण व्यवस्था सिङ्गै नेपालको शासक जातीय धर्म बन्न पुग्यो । छुवाछूत सहितको वर्ण व्यवस्थामा आधारित शाह वंशीय राज्यसत्ताले दलितहरू माथि पुरानो उत्पीडनलाई मात्र कायम गरेन अझ बढेर क्रमशः मङ्गोल मुलका जातीलाई समेत छुवाछूतयुक्त वर्ण व्यवस्थालाई आफ्नो संस्कृति बनाउन प्रेरित र प्रशिक्षित गर्यो । जङ्गबहादुर राणाले बि.स.१९१० मा मुलुकी ऐन जारी गरी पहिले देखिको अछुत बनाइएका दलितहरूलाई पानि नचल्ने जातका रुपमा कानूनी छाप लगाई दिएर त्यहि अनुसारको दण्ड सजायको व्यवस्था गरे । उनले छुवाछूतयुक्त वर्ण व्यवस्थालाई लिखित रुपमै संस्थागत गरे । उक्त ऐनमा व्यक्तिलाई पेशाका आधारमा तागाधारी, मतवाली, छोइ छिटो हाल्नु नपर्ने (पानी नचल्ने) र छिइ छिटो हाल्नु पर्ने (पानी नचल्ने) गरी बिभाजन गरिएको छ ।

वि.स.२००७ सालको राजनीतिक परिवर्तनले शहर बजारमा केही मात्रामा खुकुलोपन ल्याए पनि दलितहरूको मुक्तिको निम्ति आधारभूत कदम चाल्न सकेन । वि.सं. २०१७ सालमा पञ्चायती प्रणाली शुरु भए पश्चात राजा महेन्द्रले वि.सं. २०१९ सालमा हिन्दू अधिराज्य भनी किटान गरी संबिधान जारी गरे । वि.सं. २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरी ऐनको अदलको १० मा छुवाछूत र जातपातको आधारमा बिभेद गर्न नपाइने उल्लेख त भयो तर त्यसो गरेमा कानूनी सजाँयको व्यवस्था नहुनाले र त्यही महलमा सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने व्यवस्थाले त्यो प्रावधान व्यर्थ हुन पुग्यो । यसरी ३० वर्षको पञ्चायतकाल भरी दलितको आर्थिक दरिद्रता र अपमानजनक सामाजिक स्थिति कायम रही रह्यो । वि.सं. २०४६ सालको जनआन्दोलनले पञ्चायती राजनीतिक प्रणालीलाई अन्त्य गरी राजतन्त्रात्मक संसदीय बहुदलीय प्रणालीको स्थापना गर्यो । वि.सं. २०४७ को संविधानले जातपातको आधारमा बिभेद गर्न नपाइने घोषणा फेरि पनि गर्यो । तर हिन्दू अधिराज्यको व्यवस्था भने कायमै राख्यो । केही नेपाल संशोधन गर्न बनेको ऐन, २०४८ ले भेदभावपूर्ण व्यवहार गर्ने लाई दण्दनीय कानूनको व्यवस्था गरे पनि व्यवहारमा पूर्णतः लागु हुन सकेन । वि.स.२०५८ चैत्र ६ गतेको गठन आदेशबाट राष्ट्रिय दलित आयोगको स्थापना भएता पनि यसले संबैधानिक आयोगको हैसियत भने वि.सं. २०७२ सालमा संविधान जारी भए पश्चात मात्र प्राप्त गर्यो । नेपालमा वि.सं. २०६३/०२/२१ गते जातीय छुवाछूत तथा भेदभावमुक्त राष्ट्र घोषणा भई जातीय छुवाछूत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस मनाउन थालिएको हो । वि.सं. २०६८ मा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लागु भई उक्त ऐनमा जातीय बिभेद तथा छुवाछूत गर्नेलाई कैद तथा जरिवानाको व्यवस्था गरिएको छ । नेपालको संबिधानको प्रास्तावना मै सवै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख भएको छ ।

## २. अन्तर्राष्ट्रिय कानूनमा छुवाछूत तथा भेदभाव विरुद्धको व्यवस्था

मानव बीचको भेदभावको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि भएको हो । मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को धारा २ मा जाति, वर्ण,

लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनैपनि आधारमा कुनै किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणा पत्रमा उल्लेखित अधिकार हुने अवधिको मूल्य र मान्यता प्रति प्रतिवद्धता जनाइएको छ। घोषणा पत्रको धारा-६ मा कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुने कुरा उल्लेख छ। धारा-७ मा सवै ब्यक्तिहरू कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानूनको संरक्षणका हकदार हुनेछन् भन्ने उल्लेख गरिएको छ। सवै ब्यक्तिहरूलाई यस घोषणापत्रको उल्लंघन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव विरुद्ध वा त्यस्तो भेदभावको दुरुत्साहन विरुद्ध संरक्षण पाउने अधिकार हुने व्यवस्था गरेको छ। सन् १९६० मा विश्वका विभिन्न भागमा घटेका निश्चित भाषीहरू विरुद्ध लक्षित घटनाहरू प्रति तत्काल संयुक्त राष्ट्रसङ्घीय महासभाले खेद प्रस्ताव पास गरी जातीय, धार्मिक वा राष्ट्रिय रुपमा घृणा फैल्याउने सवै कार्यको गम्भिर रुपमा आलोचना गरेको थियो। यस्ता कार्यहरू मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र विपरित भएकोले उक्त प्रस्तावको माध्यमबाट सदस्य राष्ट्रहरूलाई यस्ता कार्यहरू रोक्न उपयुक्त संयन्त्रको विकास गर्न आव्हान गरको थियो। सन् १९६३ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघ महासभाले सवै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी घोषणा पत्र पारीत गऱ्यो। सोही दिन महासभाले आर्थिक तथा सामाजिक परिषद्लाई उच्च प्राथमिकताका साथ सवै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको मस्यौदा तयार गर्न आग्रह गऱ्यो। सोहि अख्तियारी वमोजिम महासन्धिको मस्यौदा तयार गरी सन् १९६५ डिसेम्वर २१ मा महासभाले पारीत गऱ्यो। यस महासन्धिलाई नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो। सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछ। आफ्ना क्षेत्राधिकार अन्तर्गतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारलाई रोक लगाउन निषेध तथा उन्मूलन गर्ने उल्लेख गरेको छ।

रंगभेद अपराध दमन र सजाय कार्यक्रम अन्तर्राष्ट्रिय महासन्धि १९७३ को धारा १ को उपधारा २ ले प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरूले रंगभेद अपराध गर्ने संघ, संस्था र व्यक्तिलाई अपराध घोषणा गर्दछन् भन्ने उल्लेख गरिएको छ। उक्त अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले १२ जुलाई १९७७ मा अनुमोदन गरेको छ।

## ३. विभेद अन्त्यका लागि ऐन कानून मार्फत भएका प्रयासहरू

जातीय आधारमा हुने सबै प्रकारका बिभेद, कुरीति, अन्धविश्वास अपराध, बहिष्करण, बञ्चितीकरण र हिंसालाई संवैधानिक र कानूनी रुपमा अन्त्य गदै यसलाई निषेध गरिएको छ। सबै जातीका मानिसहरूलाई विना भेदभाव सम्मानित जीवन यापन गर्न सक्षम तुल्याउने नीति सरकारले लिएको छ। मानव समाज विकासको मध्ययुगीन चरणमा भएको श्रम विभाजनलाई आधार बनाएर वा समाजको अन्धविश्वासको आड लिएर युगौं अघिदेखि भइरहेको छुवाछूत प्रथाको अन्त्य गर्न सरकारको तत्परता एवं संविधानको प्रस्तावनामा नै सबै प्रकारका बिभेदको अन्त्य गरिने व्यवस्था गरिएको छ।

१ नागरिक अधिकार ऐन, २०१२ दफा ४ कुनै सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको निम्ति कुनै पनि नागरिक माथि केवल जात, वर्ण, धर्म, लिङ्ग वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने प्रावधान राखियो ।

२. नेपाल अधिराज्यको संविधान वि.सं. २०१५ ले सबै नागरिकलाई कानूनको समान संरक्षण र सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि जात, वर्ण, धर्म, लिङ्ग जातजातिका आधारमा भेदभाव गर्न नपाइने कुराको साथै सरकारी सेवामा समेत नियुक्तिमा भेदभाव नगरिने जस्ता प्राबधानको व्यवस्था भयो ।

३. मुलुकी ऐन २०२० को मा कुनै पनि नागरिक माथि जात, वर्ण, धर्म, जातजातिका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था भयो ।

४. नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक शताब्दीयौं देखि राज्यले बैधानिकता प्रदान गरेको छुवाछूतजन्य व्यवहार र जातीय विभेदलाई अपराधका रुपमा स्वीकार गऱ्यो ।

५. नेपालको अन्तरिम संविधान २०६३ ले  मौलिक हकमा जातीय भेदभाव गर्न नपाईने कुराको संबैधानिक प्रत्याभूति गरी नेपालको संबैधानिक इतिहासमा जातपात र छुवाछूतलाई मौलिक हक अन्तर्गत पहिलो पटक किटानी गऱ्यो ।

६. गाली बेइज्जती ऐन २०१६ को दफा ३ ले जात र पेशाको आधारमा बेइज्जती वा होच्याउन नहुने भनी व्याख्या गऱ्यो ।

७. चलचित्र निर्माण (प्रदर्शन तथा वितरण) ऐन २०२६ को दफा ८ (२) ले जातीय छुवाछूतलाई निरुत्साहित गऱ्यो ।

८. सार्वजनिक (अपराध सजाय) ऐन २०४७ ले सार्वजनिक स्थानमा जथाभावी भेदभाव व्यवहार गर्न निषेध गरे पनि यो किटान गरेको अपराधको परिधि भित्र छुवाछूत तथा विभेद समेटिन सकेन ।

९. शिक्षा ऐन २०२८, विवाह दर्ता ऐन २०२८, लगाएतका ऐन निर्माण हुदा जातीय छुवाछूतको पूर्वाग्रह गरेको पाइदैन । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३, सामाजिक व्यवहार (सुधार) ऐन २०३२, संस्था दर्ता ऐन २०३४ ले समेत जातीय छुवाछूत लाई निरुत्साहित गऱ्यो ।

१०. महेन्द्र संस्कृत विश्वविद्यालय ऐन २०४३ को दफा १२ मा स्पष्ट रुपमा धर्म, जाति, वर्ण, लिंगको आधारमा भेदभाव नगरिने व्यवस्थाले कानूनी प्रत्याभूति प्रदान गऱ्यो ।

११. सार्वजनिक सुधार ऐन २०४६ को दफा ३(१), दफा ३(२) तथा नेपाल सन्धि ऐन २०४७ को दफा ९, बालबालिका सम्बन्धी ऐन २०४८, छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८ को दफा १४ (छ) र (ङ) तथा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी २०६० श्रावण १२ गते नेपाल राजपत्रमा प्रकाशित गरी मुलुकी ऐन अदल को १० क. अन्तर्गत सजाय हुने छुवाछूत तथा जातीय भेदभाव सम्बन्धी मुद्दालाई यस ऐनको अनुसूचि-१ मा समावेश गरी सरकारवादी बनाइएको । छुवाछूत तथा जातीय भेदभाव

सम्बन्धी अपराध जाहेरी दरखास्त दिने, अपराध अनुसन्धान र तहकिकात तथा अभियोजन सम्बन्धी कार्यविधि तय गर्ने सवालमा सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को व्यवस्था भयो ।

१२. समाज कल्याण ऐन २०४९, राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ११ समेतले जातीय छुवाछूतलाई निरुत्साहित गर्ने प्रयास गऱ्यो ।

१३. पुनरावेदन अदालत नियमावली २०४८, जिल्ला अदालत नियमावली २०५२, सर्वोच्च अदालत नियमावली २०४९ जातीय छुवाछूत निरुत्साहित गर्न उन्मूख रह्यो ।

१४. मानव अधिकार आयोग ऐन २०५३, यातायात सम्बन्धी क्षतिपूर्ति ऐन २०५३, उपभोक्ता संरक्षण ऐन २०५४, कानूनी सहायता ऐन २०५४ ले जातीय छुवाछूत कम गर्नको लागि सहयोग पुऱ्यायो ।

१५. स्थानीय स्वायत्त शासन ऐन २०५५, बालश्रम (निषेध नियमित गर्ने) ऐन २०५६, कमैया श्रम-निषेध गर्ने सम्बन्धी ऐन २०५८ र राजनीतिक दल सम्बन्धी ऐन २०५८ ले जातीय विभेदलाई कम गरेको छ । मुलुकी ऐन अदलको १० क. नं., मिति २०६३/०६/२८ मा केहि नेपाल कानून संशोधन गर्ने ऐन २०६३ धारा संसोधन भयो । सो महलमा “कसैले कसैलाई जाति पाति, धर्म, वर्ण वा कामको आधारमा छुवाछूत भेदभावपूर्ण वा वहिस्कार वा निषेध गरेमा तीन महिना देखि तीन वर्ष सम्म कैद वा एक हजार रुपैया देखि पच्चीस हजार सम्म सजाए हुनेछ भन्ने व्यवस्था गरियो ।”

१६. नेपाल कनून आयोग २०६३, राष्ट्रिय महिला आयोग ऐन २०६३, जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ ले पनि जातीय छुवाछूत कम गर्न सहयोग पुऱ्यायो ।

१७. सूचनाको हक सम्बन्धी ऐन २०६४, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ ले जातीय छुवाछूतलाई निरुत्साहित गरेको छ । निजामति सेवा ऐन, २०४९ को दोस्रो संसोधनले भै निजामती सेवामा दलित समुदायलाई आरक्षणको व्यवस्था गऱ्यो ।

१८. वि.सं.२०६३ जेष्ठ २१ गते नेपाल छुवाछूतमुक्त राष्ट्र घोषणा भयो ।

१९. वि.सं.२०६८ जेष्ठ १८ गते जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाए) ऐन २०६८ संविधान सभाबाट जारी भयो ।

## ४. नेपालको संविधानको मौलिक हक तथा कर्तव्य र विभिन्न कानूनमा दलित हक हित सम्बन्धी भएका व्यवस्थाहरू

नेपालको संविधानमा दलित समुदायका लागि विशेष अधिकार सहितको अन्य विभिन्न व्यवस्थाहरू गरिएको छ । यस आयोगलाई संवैधानिक निकायका रुपमा स्थापना गरी आयोगको काम, कर्तव्य अधिकार तोकिएको छ । नेपालको संविधानको भाग-३ अन्तर्गत मौलिक हक तथा कर्तव्यमा देहाय बमोजिम छुवाछूत तथा भेदभाव विरुद्ध हक, दलित हक र सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ ।

**धारा २४: छुवाछूत तथा भेदभाव विरुद्धको हक:**

(१) कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछ । त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ४० : दलितको हक:**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशा सँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**धारा ४२ : सामाजिक न्यायको हकः**

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

## ४.१. संघीय व्यवस्थापिकामा भएका व्यवस्थाहरू

४.१.१ **धारा ८४ (२) प्रतिनिधि सभाको गठनः** समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

४.२.२ **धारा ८६ राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि :** प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहितआठ जना गरी निर्वाचित छपन्न जना ।

## ४.२. प्रदेश व्यवस्थापिकामा भएका व्यवस्थाहरू

धारा १७६ प्रदेश सभाको गठनः समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

## ४.३. स्थानीय कार्यपालिकामा भएका व्यवस्थाहरू

४.३.१ **धारा २१५ गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्थाः** (४) धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् ।

४.३.२ **धारा २१६ नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्थाः** (४) धारा २२३ बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएकोमितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगरकार्यपालिकाको सदस्य हुनेछन् ।

४.३.३ **धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समिति :** (३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

## ४.४. स्थानीय व्यवस्थापिकामा भएका व्यवस्थाहरू

४.४.१ **धारा २२२ गाउँ सभाको गठनः** (१) प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ ।

(२) उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् ।

४.४.२ **धारा २२३ नगर सभाको गठनः** (१) प्रत्येक नगरपालिकामा एक नगर सभा रहनेछ ।

(२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् ।

४.४.३ **धारा २६७ उपधारा (३) :** नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ ।

४.४.४ **धारा २६९ उपधारा ४ (ग):** दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालक विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ ।

४.४.५ **धारा २५७ प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेः** राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ ।

## ५. अन्य कानूनमा भएको व्यवस्था

### ५.१ जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र – २०६८

नेपालमा कानूनतः छुवाछूत प्रणालीको अन्त्य भइसकेको भएता पनि अन्धविश्वास तथा सामाजिक कुसंस्कारका अवशेष विद्यामान रहेको कारण व्यवहारमा दलित माथि भेदभाव र हिंसाजन्य घटना घटिरहेको अवस्था छ । सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकास प्रक्रियामा दलित तथा पिडिएका वर्गको सहभागिताले मात्र मुलुकको सर्वाङ्गीण विकास सम्भव

छ । सवै किसिमका जातीय भेदभाव उन्मूलन सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले “कानूनका सामु सवै जातजाति समान हुनेछन्” भन्ने प्रमुख अवधाराणालाई आत्मसात गरेको छ । दलितहरूको अधिकार प्रवर्धन र संरक्षण तथा जातीय विभेद र छुवाछूत उन्मूलनका लागि प्रधानमन्त्रीको कार्यालयमा जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र २०६८ निर्माण गरिएको थियो । हाल जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र सम्बन्धी कार्यविधि, २०७२ अनुसार केन्द्रीय स्तरमा रहने संयन्त्रमा प्रधानमन्त्रीको संयोजकत्वमा नेपाल सरकारका मुख्य सचिव र राष्ट्रिय दलित आयोगका अध्यक्ष सदस्य रहेको उच्चस्तरीय समिति, नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय समिति र जिल्ला स्तरमा रहने संयन्त्रमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ । यो संयन्त्रले नितिगत व्यवस्थालाई सम्बोधन गर्ने तथा नेपालमा जातीय विभेदसंग जोडिएका सवालहरूको कार्यन्वयन गर्ने लक्ष राखिएको छ । उक्त लक्ष हासिल गर्न तिनको संस्थागत संयन्त्र खडा गरिएको छ ।

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) जातीय भेदभाव र छुवाछूतको अन्त्य तथा दलित अधिकार प्रवर्द्धनका लागि केन्द्र देखि स्थानीय स्तरसम्म उपयुक्त संयन्त्र निर्माण गर्ने ।

ख) जातीय हिंसा, भेदभाव र छुवाछूतको अन्त्यका लागि सवै क्षेत्र र तहमा जातीय मूलप्रवाहीकरण हुने गरी सम्बद्ध सरोकारवाला सवैको सहभागितामा कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।

ग) जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि हालसम्म प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै विद्यामान जातीय बिभेद, असमनता र बञ्चितीकरण निवारणका लागि ठोस तथा ब्यवहारिक कार्यक्रमहरू तय गर्ने ।

घ) कार्ययोजनामा सम्बद्ध निकायहरूको अपनत्व र जिम्मेवारीपना विकास गर्नका लागि यसको निर्माणका चरणहरूदेखि नै सहभागितामूलक विधिको अवलम्वन गर्ने ।

## ५.२ जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन,२०६८ तथा जातीय भेदभाव तथ छुवाछूत (कसूर र सजाय) नियमवाली, २०७४

प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछूत, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभाव जन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गर्ने उल्लेख छ ।

**५.३ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ तथा छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० मा भएको व्यवस्था छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३(क) मा छात्रवृति दिने सम्बन्धमा भएको व्यवस्था निम्न छन् ।**

**दफा ३ क छात्रवृत्ति सुरक्षित गरिने :** नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा तोकिएको दुर्गम क्षेत्रको व्यक्तिलाई तोकिए बमोजिम सुरक्षित गरिने छ । छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० मा छात्रवृति दिने सम्बन्धमा भएको व्यवस्था निम्न छन् ।

**उक्त नियमावलीको नियम १० क छात्रवृत्ति आरक्षण गरिने:** (१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये पैंतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरीदलितका लागि नौ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

नियम १० क (३) मा महिलाका लागि आरक्षित तेत्तीस प्रतिशत स्थान मध्ये तीन प्रतिशत स्थान दलित समुदायका महिला र दुई प्रतिशत स्थान मुस्लिम समुदायको महिलालाई आरक्षण गरिनेछ ।

नियम १० क (४) मा मधेसी समुदायका लागि आरक्षित बीस प्रतिशत स्थान मध्ये तीन प्रतिशत स्थान मधेसी दलित समुदायका व्यक्तिलाई आरक्षण गरिनेछ ।

**५.४ निजामती सेवा ऐन, २०४९ मा भएको व्यवस्थाः**

निजामती सेवा ऐनको दफा ७ को उपदफा ७ मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि नौ प्रतिशत आरक्षण गरिने प्रावधान रहेको छ ।

**५.५ जनस्वास्थ सेवा ऐन, २०७५ मा भएको व्यवस्थाः**

जनस्वास्थ ऐनको दफा १२ मा समान व्यवहार गर्नु पर्ने व्यवस्था रहेको छ । दफा १२ को उपदफा ३ मा कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्नु, गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ ।

**५.६ श्रम ऐन, २०७४ मा भएको व्यवस्थाः**

श्रम ऐनको दफा ६ मा भेदभाव गर्न नहुने व्यवस्था रहेको छ । दफा ६ को उपदफा १ मा रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन भन्ने उल्लेख गरिएको छ ।

## ५.७ शिक्षा ऐन, २०२८ मा भएको व्यवस्था :

शिक्षा ऐनको दफा ११ मा जिल्ला शिक्षा समितिको गठन गर्दा अभिभावक वा शिक्षाविद्हरू मध्ये बाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको कम्तीमा एकजना दलित र एकजना महिला सहित तीनजना सदस्य रहने व्यवस्था गरेको छ । शिक्षा ऐन को दफा १६ (ञ) मा संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था गरको छ ।

दफा १६ (ञ,१) मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

## ५.८ स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत (ग) को विकास कार्य अन्तर्गतको (३०) मा वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने भन्ने उल्लेख गरिएको छ ।

## ५.९ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा भएको व्यवस्था

दफा २९ मा भेदभाव गर्न नपाइने कसैलाई निजको उत्पत्ति,धर्म, वर्ण, जात जाति, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट सङ्क्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटि) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमले भेदभाव गर्न पाइने छैन ।

## ५.१० सामाजिक सुरक्षा ऐन, २०७५ मा भएको व्यवस्था

ऐनको दफा ४ मा ज्येष्ठ नागरिक भत्ता : (१) दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउनेछन् ।

## ५.११ रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था

ऐनको दफा ६ मा भेदभाव गर्न नहुनेः कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, भाषा, क्षेत्र,वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुदैन ।

## ५.१२ बैदेशिक रोजगार ऐन, २०६३ मा भएको व्यवस्था

ऐनको दफा ९ मा विशेष सुविधा तथा आरक्षण प्रदान गर्नेः

(१) वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवी प्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्नेछ ।

(२) वैदेशिक रोजगारमा कामदार पठाउदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्नेछ ।

## ५.१३ भूमि सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था

ऐनको दफा ५२ (क) मा जमिन उपलब्ध गराउनेः (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन वर्ष भित्र जमिन उपलब्ध गराउनेछ ।

## ५.१४ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था

ऐनको दफा ८ मा आर्थिक रुपमा विपन्न, अपाङ्गता भए र दलित नागरिकलाई निःशुल्क उच्च शिक्ष प्राप्त गर्ने अधिकार हुनेछ ।

## ५.१५ प्रहरी नियमावली, २०७१ मा भएको व्यवस्था

प्रहरी नियमावली, २०७१ को नियम (५) प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानि पन्ध्र प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

## ५.१६ सैनिक सेवा नियमावली, २०६९ मा भएको व्यवस्था

सैनिक सेवा नियमावली, २०६९ को नियम ५ को उपनियम (२) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको पैतालीस प्रतिशत पदसंख्या समावेशीकरणका लागि छुट्याई सो संख्यालाई शत प्रतिशत मानी पन्ध्र प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

## ५.१७ प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०६४ मा भएको व्यवस्था

ऐनको दफा ४ मा महिला दलित समुदाय र विपन्न वर्गका व्यक्तिलाई एक करोड रुपैयासम्म पूजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न एकसय रुपैया दस्तुर लाग्नेछ र एक करोड रुपैया भन्दा बढी पाच करोडसम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न यस नियम बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ भन्ने व्यवस्था रहेको छ ।

## ५.१८ राष्ट्रिय दलित आयोग

दलितहरूका विकास तथा सबै किसिमका जातीय छुवाछूत तथा विभेदको उन्मूलनसंग सम्बन्धित बिषयमा कार्य गर्ने जिम्मेवारी पाएको राष्ट्रिय दलित आयोग संबैधानिक निकाय हो । राष्ट्रिय दलित आयोगले नेपालमा जातीय विभेदको अन्त गर्नका लागि निती तथा कार्यक्रमको निर्माणमा सकृय भूमिका खेल्दै आएको छ । दलित समुदायको मानव अधिकारको

सम्मान तथा हक हित संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूलप्रवाहमा समाहित गर्न राष्ट्रिय दलित आयोगको गठन भएको हो । राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम उल्लेख गरिएको छ ।

### ५.१९ उपेक्षित-उत्पीडित तथा दलित वर्ग उत्थान विकास समिति (दलित विकास समिति)

उपेक्षित-उत्पीडित तथा दलित वर्ग उत्थान विकास समिति तत्कालिन स्थानीय विकास मन्त्रालय अन्तर्गत वि.सं. २०५४ मा स्थापना गरिएको दलित आन्दोलनको विकास तथा सशक्तिकरणको लागि गठन भएको संरचना हो । यसको मुख्य कार्यादेश नै आयआर्जन क्रियाकलापको कार्यन्वयन गर्ने दलित विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने तथा मुलुकमा विभिन्न किसिमका सचेतना कार्यक्रमको आयोजना मार्फत दलितको अवस्थामा सुधार ल्याउने रहेको थियो ।

### ५.२० वादी विकास समिति

स्थानीय विकास मन्त्रीको अध्यक्षतामा वादी विकास समितिको गठन सन् २०१२ मा भएको हो । समितिलाई मुलुकको वादी समुदायको विकास उन्नति र संरक्षणका लागि ठोस नीति तथा कार्यक्रमको निर्माण र कार्यन्वयन गर्ने तथा वादी समुदायको जीवनस्तर सुधार एवं राष्ट्रिय विकासको मूलधारमा ल्याउन विकास सम्बन्धी विविध किसिमका अभियानहरू सञ्चालन गरिएको छ ।

### ५.२१ खलो, बालिघरे (बाहुरे) तथा हलिया प्रथा र त्यसको अन्त्य

अन्तरिम संविधान २०६३ को मौलिक हक अन्तर्गतको शोषण विरुद्धको हकको धारा २९ मा प्रत्येक नागरिकलाई शोषण विरुद्धको हक हुनेछ भन्नुका साथै उपधारा २ मा प्रथा, परम्परा र प्रचलनको नाममा कुनै किसिमले कसैलाई शोषण गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । त्यस्तै उपधारा ४ मा कसैलाई निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भनी उल्लेख छ । बालिघरे प्रथा, हलिया प्रथा र अत्यन्तै न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता विरुद्ध पीडितहरूलाई शोषण विरुद्धको हक प्रदान गरेको छ ।

## ६. जातीय विभेद अन्तका लागि राज्यका लाकेप्रिय घोषणाहरू

नेपाल सरकारले विभिन्न समयमा दलित समुदायका उन्नती र प्रगतिका लागि गरेको केही ऐतिहासिक महत्वका घोषणाहरू निम्नानुसार रहेको छ ।

१. वि.सं. २०५८ श्रावणमा सामाजिक रुपमा परम्परादेखि जातीय विभेद तथा छुवाछूत जस्तो अमानवीय व्यवहारको अन्त्यको लागि सरकारले आठ बुदे नीति तथा कार्यक्रमको घोषणा ।

२. वि.सं. २०६० सालमा जातीय विभेद तथा छुवाछूत कसुरको गम्भीर्यता र प्रभावलाई मध्यनजर गरी सरकारवादी मुद्दाको मान्यता वि.सं. २०६०।५।१२ मा नेपाल राजपत्रमा सूचना प्रकाशित ।

३. वि.सं. २०६३ साल जेष्ठ २१ गते नेपाललाई जातीय विभेद तथा छुवाछूत मुक्त राष्ट्रको रुपमा घोषणा तथा जेष्ठ २१ गतेलाई जातीय छुवाछूत तथा भेदभाव उन्मूलन दिवशको घोषणा ।

४. वि.सं. २०६८ चैत्र २७ गते नेपाल सरकारको मन्त्रिपरिषदको निर्णयले जातीय विभेद तथा छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्धन संयन्त्र २०६८ को जारी भएको छ ।

## ७. दलित लक्षित कार्यक्रमहरू

वि.सं. २०६८ सालको जनगणना अनुसार पाँच वर्ष माथिका व्यक्तिको साक्षरता दर औसद ६५.९४ प्रतिशत हुँदा दलितको भने ५४ प्रतिशत मात्र छ । मानव विकास सूचांकमा दलित समुदाय सबै भन्दा तल छ । राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसंघीय विकास नियोग (यु.एन्.डि.पी.) ले संयुक्त रुपमा सन् २०१४ मा प्रकाशित गरेको मानव प्रतिवेदन अनुसार ब्राह्मण क्षेत्रीको गरीबी दर १० प्रतिशत हुदा पहाडी दलितको गरीबी दर ४३.६ र मधेशी दलितको गरीबी दर ३८.२ प्रतिशत थियो भने पछिल्लो आर्थिक विकासको सूचांक हेर्दा सरदर गरीबी ३१ प्रतिशत छ भने दलितको गरीबी ४७ प्रतिशत रहेको छ । बाहुन क्षेत्रीको गरीबी १९ र नेवारको गरीबी १४ प्रतिशत मात्र छ । यी सबै आर्थिक, सामाजिक सूचकले दलितहरू सबैभन्दा तल रहेको स्पष्ट देखाएको छ । ब्राह्मण क्षेत्रीको औसत आयु ७३ वर्ष र दलितको औसत आयु ६७ वर्ष छ । मानव अधिकार उल्लंघनबाट सबै भन्दा प्रभावित हुने समुदाय दलित नै हो । यसै सन्दर्भमा सरकारको समावेशीकरण राज्यको मूल नीति भएको छ । दलित केन्द्रीत राज्यको संघ, प्रदेश र स्थानीय तहहरूमा विद्यमान संरचनाहरूमा संघका मन्त्रालयहरू, विभागहरू, निकाय, समिति, बोर्ड तथा अन्य सरकारी तथा गैर सरकारी संघ, संस्थाहरू, प्रदेशका मन्त्रालयहरू, विभागहरू, निकाय, समिति, बोर्ड तथा अन्य सरकारी तथा गैर सरकारी संघ, संस्थाहरू, स्थानीय तहका जिल्ला समन्वय समिति लगायत विभिन्न सरकारी कार्यालय, समिति, बोर्ड तथा अन्य सरकारी तथा गैर सरकारी संघ, संस्थाहरू, नगरपालिकाहरू, गाउँ पालिकाहरू, स्थानीय तहमा क्रियाशील राष्ट्रिय तथा संस्थाहरू, राष्ट्रिय दलित आयोग, दलित विकास समिति, वादी विकास समिति र क्रियाशिल दलित सञ्जाल, दलित समिति, तथा दलित नागरिक समाजद्वारा दलित समुदाय लक्षित सशक्तिकरण तथा गरीबी न्युनीकरणका कार्यक्रमहरू सञ्चालन गरीरहेका छन् । जसमा हाल राज्यका दलित लक्षित कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

### ७.१ दलितका लागि छात्रवृत्ति कार्यक्रम

सरकारले आर्थिक वर्ष २०५२/५३ देखि नै शिक्षा मन्त्रालय मार्फत प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यामिक तहमा र सिमित रुपमा उच्च शिक्षा, प्राविधिक तथा व्यवासायीक शिक्षामा विभिन्न छात्रवृत्ति प्रदान गऱ्यो । विद्यालयमा विद्यार्थी टिकाइ राख्न र विद्यालय छोड्ने दर कम गर्न आधारभूत तहका वालबालिकालाई दिवा खाजा जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् ।

### ७.२ रोजगारीका विशेष कार्यक्रम

स्थानीय तहमा रहने रोजगार केन्द्रमा वेरोजगारी सूची दर्ता भएका मुक्त कमैया, हलिया, हरूवा, चरुवा, कमलरी, सीमान्तकृत र विपन्न समुदाय, अपांगता भएका र खाद्य असुरक्षा

भएका क्षेत्रका वेरोजगारलाई लक्षित गरी बजेटमा दलितलाई प्राथमिकतामा राख्दै रोजगारीका विशेष कार्यक्रम सञ्चालन गरिदै आएका छन् ।

### ७.३ सामाजिक सुरक्षा कार्यक्रम

सबै नागरिकलाई गर्भावस्था देखि वृद्धावस्था सम्मको जीवन चक्रलाई सामाजिक सुरक्षामा आवद्ध गरिने र जसमा पाँच वर्ष मुनिका दलित बालबालिकाहरूलाई पोषण भत्ता र ६० वर्ष उमेर पुगेका दलितहरूलाई वृद्ध भत्ताको व्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएको छ । "कोही भोकै पर्दैन, कोही भोकै मर्दैन" भन्ने सरकारको प्रतिवद्धता रहेको छ ।

### ७.४ कर्जामा ब्याज अनुदान

दलित समुदायको सामाजिक एकिकरण गर्दै उनीहरूलाई सहकारी तथा सामुदायिक उत्पादन प्रर्णाली मार्फत आधुनिक व्यवसाय गर्न कार्यविधिका आधारमा कर्जा ब्याज अनुदान उपलब्ध गराइने लक्ष्य बजेटले राखेको छ ।

### ७.५ अन्तरजातीय विबाह प्रोत्साहन भत्ता

दलित र गैर दलित बीचको अन्तरजातिय विबाह गर्ने जोडीलाई पुरस्कृत वा हौसला प्रदान गर्न एकलाख रुपैयाँ प्रोत्साहन भत्ता दिने व्यबस्था ल्याइएको थियो ।

### ७.६ जनता आवास कार्यक्रम

जनता आवास, सुरक्षित आवास लगाएतका कार्यक्रम अन्तर्गत गरीव र दलित बस्तीहरूका दलित परिवारलाई सरकारले आवास निर्माण गरी गरीव दलित परिवारलाई हस्तान्तरण गर्दै आएको छ ।

### ७.७ जनचेतना अभिवृद्धिका कार्यक्रम

नागरिकलाई मानव अधिकारका आधारभूत पक्षमा सजक र क्रियाशिल बनाउन, जातीय विभेद तथा छुवाछूत अन्त्य एवं मानव अधिकार वहाली गर्न सामाजिक मर्यादा कायम गर्न जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिदै आएका छन् ।

### ७.८ निःशुल्क कानूनी सहायता

राज्यले हिंसा पीडित महिला, अपांग भएका व्यक्ति, दलित बालबालिका र जेष्ठ नागरिकलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउदै आएको छ ।

### ७.९ मुक्त हलिया पुनःस्थापना कार्यक्रम

राज्यले मुक्त हलिया पुनस्थापना संगै हरूवा, चरुवाको पनि पहिचाहन गरी पुनस्थापना गर्ने कार्यक्रम बर्षौदेखि सञ्चालन हुदै आएको छ । यसको सुरुवाती सुदूरपश्चिम र साविकको कर्णालीका केही जिल्लाबाट भएको थियो ।

## ८. बिभिन्न निकायमा दलितहरूको प्रतिनिधित्व

### ८.१ व्यवस्थापिका संसदमा

| वि. सं. (वर्ष) | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०१५ सम्म | ० | ३ | ३ |
| २०१६ देखि २०४७ सम्म | ० | ६ | ६ |
| २०४८ देखि २०६२ सम्म | ० | ९ | ९ |
| पुर्नस्थापित व्यवस्थापिका संसद (२०६३) | ६ | १२ | १८ |
| पहिलो संविधान सभा (२०६४) | २१ | २८ | ४९ |
| दोस्रो संविधानसभा (२०७०) | २२ | १८ | ४० |
| संघीय संसद (प्रतिनिधि सभा) | १३ | ६ | १९ |
| संघीय संसद (राष्ट्रिय सभा) | ० | ७ | ७ |
| प्रदेश सभा (७ वटै) | २१ | ८ | २९ |

स्रोत: व्यवस्थापिका संसद सचिवालय

### ८.२ न्यायालय, सुरक्षा निकाय तथा निजामति सेवामा प्रतिनिधित्व

| सर्वोच्च अदालत न्यायाधीश | उच्च अदालत न्यायाधीश | जिल्ला अदालत न्यायाधीश | अदालतमा कर्मचारी (अधिकृत तह) | सरकारी वकिल | सर्वोच्च अदालत न्यायाधीश |
|---|---|---|---|---|---|
| ० | २ | ० | ५ जना | २ जना | १.९४ प्रतिशत |
| नेपाली सेना (अधिकृत तह) | | नेपाल प्रहरी (अधिकृत तह) | | शसस्त्र प्रहरी (अधिकृत तह) | |
| तथ्याङ्क नभएको | | ०.००५ प्रतिशत | | ०.००२ प्रतिशत | |
| **निजामति (प्रशासन) सेवामा** | | | | | |
| ब्राहमण/क्षेत्री | ६३ | | | | |
| जनजाति | १९.५५ | | | | |
| मधेशी | १५.९५ | | | | |
| दलित | १.९४ | | | | |

### ८.३ स्थानीय निकाय र स्थानीय तहमा प्रतिनिधित्व

| स्थानीय निकाय | स्थानीय तह | | | |
|---|---|---|---|---|
| २०४८ साल | २०५४ साल | पद | जम्मा | दलित |
| ००.१ प्रतिशत | ०.१ प्रतिशत | मेयर | २९३ | ६ |
| २.६५ प्रतिशत | ३.३९ प्रतिशत | उपमेयर | २९३ | ११ |
| | ४.६७ प्रतिशत | अध्यक्ष | ४६० | ४ |
| | | उपाध्यक्ष | ४६० | १४ |
| | | वडा अध्यक्ष | ६७४२ | १९४ |
| | | खुला सदस्य | १३४८४ | ७९७ |

| स्थानीय निकाय | स्थानीय तह | | | |
|---|---|---|---|---|
| २०४८ साल | २०५४ साल | पद | जम्मा | दलित |
| | | दलित महिला सदस्य | ६७४२ | ६५६७ |

स्रोत: निर्वाचन आयोग

## ८.४ संवैधानिक निकायमा दलितको प्रतिनिधित्व हाल सम्म

| अख्तियार | निर्वाचन | लोकसेवा आयोग | मानव अधिकार आयोग | राष्ट्रिय योजना आयोग | महान्या-यधिवक्ता | महालेखा परीक्षक | महिला आयोग |
|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० |

| राष्ट्रिय महिला आयोग | राष्ट्रिय समावेशी आयोग | राष्ट्रिय दलित आयोग | मुस्लिम आयोग | मधेशी आयोग | थारू आयोग | आदिवासी जनजाति आयोग |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | ० | ० | ० | ० |

## ८.५ कार्यकारी पदहरूमा दलित समुदायको प्रतिनिधित्व

| राष्ट्रपति/ उपराष्ट्रपति | प्रधानमन्त्री/ उप्रधानमन्त्री | सभामुख/ उपसभामुख | अध्यक्ष/ उपाध्यक्ष | प्रमुख जिल्ला अधिकारी |
|---|---|---|---|---|
| ० | ० | ० | उपाध्यक्षमा १ जना | हालसम्म ३ जना |

## ८.६ गरीबी अवस्था

| विषय/क्षेत्र | राष्ट्रिय औसत | दलित समुदाय |
|---|---|---|
| वार्षिक आय | रु. ८८७८५ | ३४१८७ |
| भुमिहिन | २१ प्रतिशत | ४० प्रतिशत |
| मानव विकास सूचकांक | ०.४ प्रतिशत | ०.४४६ |
| गरीबी | २५ प्रतिशत | ४२ प्रतिशत |
| खाद्यान्न पर्याप्तता | ७७ प्रतिशत | ५३ प्रतिशत |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

- ४६ प्रतिशत मधेसी दलितहरूले वर्षभर दुई छाक पूरा खान पाउँदैनन्
- स्रोत र साधनहरू माथिको पहुँचको अभाव, गरीबी, शिक्षाको अभाव र रोजगारीका पऱ्याप्त विकल्प नहुँदा दलित समुदायको खाद्यअधिकार दिनानुदिन कुण्ठित हुँदै गएको छ ।
- ४२.५ प्रतिशत मधेसी दलितहरू प्राथमिक पेसाहरूबाट आफ्नो जीविकोपार्जन गरीरहेका छन् ।

## ८.७ स्वास्थ्य तथा सरसफाइ

| विषय/क्षेत्र | अन्य महिला | दलित महिला | दलित |
|---|---|---|---|
| परिवार नियोजनको साधनमा पहुँच | ५३ प्रतिशत | ४३ प्रतिशत | |
| गर्भावस्थामा स्वास्थ्य चौकी जाने | ६३.५ | ४० प्रतिशत | |
| स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ४८.५२ | २६.४ | |
| आइरन चक्की लिनेहरूमा | ५१ | २८ | |

| | | | |
|---|---|---|---|
| खोप लिने | ९० | ८६ | |
| आफ्नै आम्दानीबाट आफ्नो स्वास्थ्य उपचार खर्च व्यहोर्न नसक्ने | ५५.५ | | ६५ प्रतिशत |
| बाल विवाह | | | ६० प्रतिशत |
| सुधारिएको शौचालयमा पहुँच | | | ३५ प्रतिशत |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

## ८.८ जनसंख्या २०६८

- कूल जनसंख्याः २६४९४५०४ (पुरुष ४८.५ र महिला ५१.५)
- दलितको कुल जनसंख्याः ३५७९१२८ (१३.१२ प्रतिशत)
- जसमा पूरुषः १७१२२२२ महिला १८६६९०६
- पहाडी मूलका दलितः ८.१२ प्रतिशत, मधेशी मूलका ४.११ प्रतिशत र अन्य दलित ०.५९ प्रतिशत(कूल जनसंख्यामा)
- दलित जातिहरूमध्ये सबैभन्दा बढी विश्वकर्माहरूको जनसंख्या (४.७५ प्रतिशत) रहेको छ भने सबैभन्दा कम मधेसी दलित समुदायभित्र पर्ने कलार जातिको (०.००५ प्रतिशत) रहेका छन् ।
- मधेसी दलितहरूको परिवार संख्या औसत ५.६ जना र पहाडी दलितहरूको परिवार संख्या औसत ४.८ जना रहेको छ ।
- राष्ट्रिय दलित आयोगले मधेसी मूलका १९ र पहाडी मूलका ७ गरी २६ वटा जातलाई दलितभित्र सूचीकृत गरेको ।

## ८.९ शिक्षाको अवस्था

| क्षेत्र | राष्ट्रिय औसत | दलित समुदाय | मधेशी दलित |
|---|---|---|---|
| साक्षरता | ५९ प्रतिशत | ४९ प्रतिशत | ३४ प्रतिशत |
| कक्षा ८ अध्ययन पूरा गर्ने | | २५ प्रतिशत | १२ प्रतिशत |
| एस.एल.सी. उत्तिर्ण गर्ने | | १.६ प्रतिशत | ०.८ प्रतिशत |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

❑❑

# परिच्छेद – २
# राष्ट्रिय दलित आयोगको परिचय

## २.१ परिचय

नेपालमा दलितको मानव अधिकार संरक्षण र सशक्तीकरण गर्न तथा जातीय छुवाछूत र भेदभावको अन्त्यका लागि राष्ट्रिय दलित आयोगको गठन वि.सं २०५८ सालमा भएको हो । नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको गठनको व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २५६ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । दलितको हक हित संरक्षण, सम्बर्धन तथा जातीय छुवाछूत अन्त्यका लागि राष्ट्रिय दलित आयोग ऐन, २०७४ रहेको छ ।

## २.२ गठन

सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ । यस आयोगमा एक अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था रहेको छ ।

दलित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र सम्बर्धन तथा सो समुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न यस आयोगको गठन भएको हो ।

## २.३ कार्यक्षेत्र

- आयोगको कार्यक्षेत्र अन्तर्गत दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।
- जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्वधित कानून एवं कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने ।
- दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको सन्धि वा सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।
- दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा प्राप्त उजुरी उपर छानवीन गरी मुद्दा दायर गर्नु पर्ने देखिएमा सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने समेत आयोगको कार्यक्षेत्र भित्र पर्दछ ।
- आयोगको कार्य संचालनको लागि आवश्यक पर्ने जनशक्ति नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ ।

## २.४ आयोगको सोच

दलित समुदायको मानव अधिकारको सम्मान तथा हक हितको संरक्षण र सम्वर्द्धनका लागि जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी समृद्ध, समतामूलक र सामाजिक न्यायपूर्ण समाज निर्माण गरी सामाजिक एवं राष्ट्रिय  एकता अभिवृद्धि गर्दै समृद्ध र सुखी नेपालको निर्माण गर्ने ।

## २.५ उद्देश्य

१. आर्थिक, सामाजिक तथा राजनैतिक अवसरबाट बञ्चितिमा परेका दलितहरूका लागि मुलुकमा उपलब्ध साधन स्रोत तथा सुविधामा समानुपातिक समावेशी पँहुचको सुनिश्चितता गर्ने,

२. दलित समुदायको मानव अधिकारको संरक्षण तथा प्रर्वद्धन गर्ने,

३. विभेद तथा छुवाछूत अन्त्य गरी राष्ट्र निर्माण तथा विकासमा मूलप्रवाहीकरण गर्ने ।

## २.६ रणनीति

१. मुलुकको उपलब्ध स्रोत साधनहरूमा दलित वर्गको समानुपातिक पँहुच बढाउने,

२. राज्यका सबै निकायमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट दलित समुदायको प्रभावकारी भूमिका र सहभागिता सुनिश्चित गर्ने,

३. जातीय भेदभाव र छुवाछुतजन्य व्यवहार अन्त्यका लागि विद्यमान नीति, कानून र कार्यक्रमको अनुगमन र मूल्यांकन गरी सुधारको लागि सिफारिस गर्ने,

४. सबै किसिमका जातीय भेदभाव र छुवाछूतजन्य व्यवहारको पूर्ण अन्त्यका लागि सामाजिक सचेतनामूलक कार्यक्रम चलाउने,

५. विभेद र छुवाछूतजन्य सामाजिक व्यवहारको अनुसन्धान गर्ने र कानूनी कारवाहीको लागिी सिफारिस गर्ने ।

# ३. राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५६ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम उल्लेख गरिएको छ ।

(क) दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाब दिने,

(घ) दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) जातीय भेदभाव तथा छूवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष गर्ने ।

## ४. राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको अन्य काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५६ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख गरिएको छ ।

(क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायका सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायका सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

(ङ) दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

(छ) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ज) दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने,

(ञ) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,

(ट) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

# परिच्छेद - ३
# दलित समुदायको अवस्था

## ३.१ दलित शब्दको शाब्दिक अर्थ

दलित शब्दको प्रयोग भारतिय आन्दोलनबाट प्रारम्भ भएको हो । भारतिय दलित आन्दोलनका अगुवाहरूले दक्षिण एसियाली समाज र विशेषतः भारतिय समाजमा प्राचीन वर्णाश्रम व्यवस्थाले शुद्र र अछुत भनेर बिभेद गर्दै आएको मानव समुदायलाई दलितको संज्ञाले सम्बोधन गरेका थिए । नेपालमा वि.स. २०२४ सालदेखि दलित आन्दोलनमा दलित शब्द प्रयोगमा आएको थियो ।

त्यस अघिसम्म नेपाली समाजमा शूद्र, अछुत जाति र हरिजन जस्ता शब्दहरू प्रचलित थिए । अझ भिन्ना भिन्नै थर अनुसार भिन्ना भिन्नै पदावली प्रयोग हुन्थे जसले गर्दा एउटै समस्या उस्तै उत्पीडन र समान पीडा भएर पनि दलितहरूमा खण्डित अवस्था बिद्यमान थियो । दलित शब्द जात व्यवस्थाले गरेको उत्पीडनमा बाँचेको र अछुतको अपमान भोगेको सबै नश्ल र थरका मानिसहरूलाई एकीकृत गर्ने र एउटै परिचय दिने साझा पदावलि बन्न पुग्यो । यद्यपि तत्कालिन पञ्चायती व्यवस्थाले लामो समय सम्म यस पदावली माथि नै प्रतिबन्ध लगाएको थियो ।

सारतः दलित सक्कली श्रमजिवी सभ्यताको सूत्रधार भौतिकशास्त्री र संघर्षशील मानवको साझा चिनारी वोधक पदावली हो । जसले एकता र परिवर्तनको सन्देश दिन्छ ।

हिन्दू वर्णाश्रम जात व्यवस्थाले शुद्र र अछुतको रुपमा विभेद गर्दै आएको तर मानव समाज र सभ्यताको इतिहाशमा श्रमिक, शिल्पकारी, भौतिकशास्त्री र परिवर्तरकारीको रुपमा अटुट योगदान गर्दै आएको तर अफसोच आजको युगमा समेत छुवाछुत र भेदभावको अमानवीय पीडा भोगिरहेको विभिन्न नश्ल भित्रका तर उस्तै उत्पीडनमा रहेका मान्छेहरू दलित हुन् भन्न सकिन्छ ।

राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा दलित समुदाय भन्नाले राष्ट्रिय दलित आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदायलाई सम्झनु पर्छ भन्ने उल्लेख भएको छ ।

## ३.२ आर्थिक अवस्था

दलित समुदायको आर्थिक अवस्था कमजोर रहेको छ । कुल दलित जनसंख्या मध्ये ४२ प्रतिशत दलित गरीवीको रेखामुनि रहेको छ । स्रोत र साधनहरू माथिको पहुँचको अभाव, गरीबी, शिक्षाको अभाव र रोजगारीका पर्याप्त विकल्प नहुँदा दलित समुदायको खाद्य अधिकार दिनानुदिन कुण्ठित हुँदै गएको छ ।

## ३.३ सामाजिक तथा सांस्कृतिक अवस्था

जातीय छुवाछूत र भेदभावका घटना विगतदेखि हुँदै आई रहेको छ । समाजमा आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास सँगै सामाजिक बनौट, रहन सहन, संस्कृतिमा समय अनुरुप विकास हुदै गएता पनि सामाजिक रुढिवादी संस्कार र सोचले गर्दा समाजमा नेपालको संविधानले परिकल्पना गरे अनुसारको परिवर्तन अझै भै सकेको छैन । जातीय विभेद अन्त्य गर्ने तथा दलितको हक हित संरक्षणका लागि राज्यका जिम्मेवार राजनीतिज्ञ तथा सरोकारवाला व्यक्तिहरू नै यस प्रति संवेदनशिल र प्रतिवद्ध हुनु पर्ने देखिन्छ । दलित समुदाय आर्थिक रुपमा सम्पन्न, शैक्षिक रुपमा सवल, सामाजिक रुपमा प्रगतिशिल र राजनीतिक रुपमा सचेत हुन आवश्यक छ। दलित समुदायको परम्परागत पेशालाई अझ आधुनिकीकरण गरी जिविकोपार्जन मात्रै होइन व्यावसायिकीकरण गर्न आवश्यक रहेको छ । यसको लागि सवै तहको सरकारबाट उपयुक्त वातावरण र लगानी गर्न आवश्यक रहेको छ । दलित समुदायको अवस्था विश्लेषण गरी आगामी राष्ट्रिय जनगनणामा दलित समुदायको आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिक, पेशागत लगायतका वास्तविक तथ्यांक सम्बन्धित सरोकारवाला सबैले उपलब्ध गराई दलितको उत्थानका लागि उपयुक्त नीति तथा रणनीति तर्जुमा गर्न सहयोग पुग्ने हुनाले सबै सरकारी, गैर सरकारी निकाय तथा प्रदेश, स्थानीय तह र लक्षित वर्गको यस तर्फ ध्यान पुग्न आवश्यक छ ।


## ३.४ राजनैतिक अवस्था

नेपालको शासन सञ्चालन राजनैतिक दलहरूबाट हुँदै आएको छ। बहुदलिय प्रतिस्पर्धामा आधारित दलीय प्रणाली छ । दलितहरू सवै राजनीतिक दलमा आवद्ध भइ परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका राजनैतिक आन्दोलनमा लामवद्ध हुँदै आएका छन् । शहिद पनि भएका छन् । तर नेतृत्व तहमा पुगन सकेका छैनन, अवसरबाट वञ्चित छन् । राजनैतिक विचार र मुद्दाका हिसाबले सचेत देखिए पनि जटिल र महँगो निर्वाचन प्रणालीको कारण नेतृत्व तहमा आउन सकेनन् । राजनैतिक दलहरूले पनि सीमित पदमा बाहेक कार्यकारी र ठूला निर्णय लिन सक्ने ओहदामा दलित समुदायलाई स्थापित गरेको पाइएको छैन ।

## परिच्छेद - ४
# आयोगको प्रशासनिक तथा वितिय स्थिति

### ४.१ संगठन संरचना

राष्ट्रिय दलित आयोगको संगठन संरचना




### ४.२ दरबन्दि र पदपूर्तिको अवस्था

यस आयोगको आ.व २०७७/७८ को कर्मचारीहरूको दरवन्दी र पदपूर्तिको अवस्था तपसिल बमोजिम रहेको छ।

**कर्मचारीको दरवन्दि र पदपूर्तिको विवरण (२०७७ साल असार मसान्त सम्म)**

| क.सं | पद | श्रेणी | दरवन्दि | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सचिव | रा.प.प्र,प्र | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्धि, प्र, सा.प्र. | २ | २ | - | |
| ३ | शाखा अधिकृत | रा.प.तृ,प्र, सा.प्र. | २ | २ | - | |
| ४ | लेखापाल | रा.प.अन.प्र, लेखा | १ | १ | - | |
| ५ | नायव सुब्बा | रा.प.अन.प्र, सा.प्र. | ८ | ३ | ५ | |
| ६ | ह.स.चा. | श्रेणी विहिन | ८ | ६ | २ | |
| ७ | कार्यालय सहयोगि | श्रेणी विहिन | ८ | ७ | १ | |
| **कुल जम्मा** | | | **३०** | **२०** | **१०** | |

कुल कर्मचारीको दरबन्दी संख्या ३० जना रहेता पनि हाल सम्म १० जना कर्मचारीको पद रिक्त रहेको छ। यद्यपि आयोगमा नयाँ दरबन्दी सृजनाको गृहकार्य भइरहेको छ। हाल आयोगमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-१ मा संलग्न छ।

## ४.३ भौतिक अवस्था तथा उपयोग

यस आयोगको आफ्नै कार्यालय भवन छैन । हाल ललितपुर जिल्लाको कुपण्डोलमा भाडामा आयोगको कार्यालय सञ्चालनमा रहेको छ । यस कार्यालयमा ६ वटा नयाँ गाडि तथा ३ वटा पुराना गाडि गरी जम्मा ९ वटा सवारी साधन चालु अवस्थामा रहेका छन्। त्यस्तै ५ वटा नयाँ मोटरसाइकल तथा २ वटा नयाँ स्कुटर र २ वटा पुराना मोटरसाइकल रहेको छन्। कार्यालयको लागि आवश्यक फर्निचर र फर्निसिङ गरिएको छ। कार्यालयको दैनिक कार्य सूचारु रुपमा संचालन गर्न सोलार जडान गरिएको छ। आयोगको Web Site निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

## ४.४ बजेट व्यवस्था

यस आयोगको आ.व २०७७/७८ को विनियोजित कुल वार्षिक बजेट रकम रु. ३,२८,००,०००।- तीन करोड अठ्ठाइस लाख रहेको तथा चालु तर्फ रु. २,१८,००,०००।- र पूँजीगत तर्फ रु १०,००,०००।- बजेट विनियोजन भएको देखिन्छ। विनियोजित बजेट मध्ये पूँजीगत तर्फ रु. ९,९९,८८०।- खर्च भएको छ भने कार्यक्रम तथा चालु तर्फ रु. २,५३,४३,८९६।- रकम खर्च भएकोछ। कुल वितिय प्रगति ८० प्रतिशत रहेको छ। जसमध्ये पुँजीगत वित्तिय प्रगति ९९.९८ प्रतिशत छ। चालु भौतिक वितिय प्रगति ७९ प्रतिशत रहेको छ। आ.व २०७७/७८ मा विनियोजित बजेट तथा खर्चको फाँटवारी अनुसूची दुईमा संलग्न गरिएको छ।

## ४.५ आयोगको वार्षिक बजेट र खर्च

यस आयोगको वार्षिक बजेट र खर्च अनुसूची तीनमा संलग्न रहेको छ।

### ४.५.१ बजेट तथा  कार्यक्रम सम्बन्धी समस्या तथा चुनौती

- आयोगमा पदाधिकारीहरूको नियुक्ति समयमै नहुनु ।
- आयोगका लागि वार्षिक बजेट तथा कार्यक्रम न्यून हुनु ।
- आयोगको आफ्नै कार्यालय भवन नहुनाले कार्य संचालनमा समस्या हुनु ।
- दरवन्दी न्यून हुनु ।
- कोभिड-१९ महामारीका कारण स्वीकृत वार्षिक कार्यक्रम लक्ष्य अनुरुप सम्पन्न हुन नसक्नु ।
- जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी घटनाहरूको उजुरी न्यूनरुपमा पर्नु ।
- पीडितलाई हतोत्साहित गरी कानूनी उपचारको बाटोमा आउन नदिनु ।
- छुवाछूत तथा जातीय भेदभाव सामाजिक कुरितीका रुपमा रहेकाले यसलाई निर्मूल पार्न पीडकलाई कडा कानूनी सजायको व्यवस्था नहुनु ।

### ४.५.२ जोखिम पक्षको अनुमान

आयोगका आवश्यक नीति, नियम, निर्देशिका, रणनीति, आचारसंहिताहरू निर्माणको क्रममा छन् । आयोगको कार्य संचालनका लागि आफ्नै भवन तथा प्रयाप्त कोठाहरूको अभाव छ । आयोगको कार्य गर्नको लागि सम्बन्धित क्षेत्रको विज्ञ कर्मचारीहरूको आवश्यक पर्ने देखिन्छ त्यसको लागि सम्बन्धित दरवन्दिको अभाव रहेको छ । प्रदेशस्तरमा आयोगको सम्पर्क कार्यालय नहुनाले विभिन्न भौगोलिक विकटता तथा दुर्गम क्षेत्रमा रहेका दलित समुदायको समस्याहरूको अनुगमन तथा अनुसन्धान गर्न कठिनाई भई आयोगको लक्ष्यित उद्देश्य हासिल गर्न जोखिम रहने देखिन्छ ।

परिच्छेद – ५

# आयोगको वार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका कार्यहरूको विवरण तथा लागत

## ५.१ जातीय छुवाछूत विरुद्ध प्रवर्द्धनात्मक कार्य

जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि यस आयोगले छुवाछूत विरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रम तथा प्रचार प्रसार सम्बन्धी कार्य गरेको छ। जातीय भेदभाव तथा छुवाछूत अन्त्य र दलितको अधिकार प्रवर्द्धन अन्तर्गत जातीय छुवाछूत सम्बन्धी कसूर र सजाय ऐनको बारेमा सर्वसाधारणको जानकारीका लागि प्रचार प्रसार सामाग्रीहरू पम्पेल्ट, ब्रोसर, नोटवुक, डायरी, वारम्वार सोधिने प्रश्नोत्तर र जातीय बिभेद विरुद्धका सचेतनामूलक सूचनाहरू राखी २०७८ सालको वार्षिक क्यालेण्डर तयार गरी गाउँपालिका, नगरपालिकाहरू, जिल्ला समन्वय समिति तथा गैर सरकारी संस्थाहरूमा वितरण गरिएको छ। दलित समुदायको हक, हित र अधिकारका सम्बन्धमा भएका कानूनी व्यवस्था सम्बन्धी पुस्तिका प्रकाशन गरेको छ। प्रकाशित सामग्रीहरूको विवरण अनुसूची-४ मा संलग्न छ।

## ५.२ सचेतनामूलक कार्यक्रम

जातीय छुवाछूतलाई जातीय तथा अन्य सामाजिक छुवाछूत र  भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले जातीय छुवाछूत तथा भेदभाव जन्य कार्यलाई कानूनी रुपमा दण्डनीय बनाएको छ। उक्त ऐनका बारेमा संचार माध्यम तथा पत्रपत्रिका मार्फत सवैको जानकारीका लागि प्रकाशन तथा प्रशारण गरिएको छ। स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरू तथा सरोकारवालाहरूसँग जातीय छुवाछूत अन्त्यका लागि र आयोगको आगामी कार्यक्रमको तर्जुमानका लागि केन्द्रस्तरमा र विभिन्न जिल्लास्तरमा पटक पटक अन्तर्किया तथा छलफल कार्यक्रमा गरिएको छ।

## ५.३ आयोगबाट विभिन्न जिल्लामा सञ्चालन भएका कार्यक्रम र प्राप्त सुझावहरू

### ५.३.१ बागमती प्रदेश अन्तर्गत रसुवा जिल्लाको धुञ्चेमा सञ्चालित जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि राष्ट्रिय दलित आयोगको भूमिका सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि राष्ट्रिय दलित आयोगको भूमिका सम्बन्धी विषयमा अधिकार प्राप्त अधिकारीहरू, दलित अगुवाहरू र दलित समुदायहरूसँग अन्तक्रिया कार्यक्रम मिति २०७७ माघ ४ गते, रसुवा जिल्लाको धुन्चेमा सम्पन्न भएको थियो। दलितको हकहित संरक्षण, संम्बद्धन र सशक्तीकरण गर्दै दलितको हक हित तथा जातीय छुवाछूत अन्त्यका लागि आयोगले के कस्ता कार्यहरू गर्ने आवश्यक छ भन्ने विषयमा सरोकारवालाहरू सँग छलफल भयो।

जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि राष्ट्रिय दलित आयोगको भूमिका विषयक

एक दिने अन्तक्रिया कार्यक्रम जिल्ला समन्बय समिति रसुवाका प्रमुख श्री कुलप्रसाद भट्टज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा जिल्ला समन्वय समिति रसुवाका उप-प्रमुख श्री छेपोमा तामाङ्ग, रसुवाका प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद पन्त, जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख श्री अशोकराज रेग्मी, जिल्ला समन्बय समितिका अधिकृत मञ्जु थापा, लगायत दलित अगुवाहरूको उपस्थिति रहेको थियो । आयोगका शाखा अधिकृत श्री मेखबहादुर मंग्रातीले राष्ट्रिय दलित आयोगको परिचय र आयोगको काम कर्तव्य र अधिकारको बारेमा र जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री अशोकराज रेग्मीले दलितका सम्बन्धमा भएको कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**कार्यक्रमबाट प्राप्त सुझावहरू**

- कानूनको प्रभावकारी कार्यान्वयन हुनपर्छ । कानून कार्यान्वयनमा जिम्मरवार व्यक्ति / निकायले तोकिएको कार्य नगरे कडा सजायको प्रावधान पनि कानूनमै राखिनु पर्दछ ।
- गरीब र निरीह दलितहरूलाई राज्यको मूल प्रवाहमा ल्याउने कानून निर्माण गरिनु पर्दछ ।
- सबै स्थानीय तहलाई समेटी वडा-वडामा अन्तरक्रिया कार्यक्रम राखिनु पर्छ ।
- विद्यालय तहको पाठ्यक्रममा जातीय विभेदका विषय समावेश गरिनुपर्दछ ।
- समाजका सचेत गैरदलितहरूलाई पनि बिभेदको अभियानमा सहभागी गराउनु पर्दछ ।
- प्रहरी प्रशासन जिम्मेवार रहनु पर्दछ, बिभेदका उजुरीहरूलाई प्रथमिकता दिनु पर्दछ ।
- उत्पीडितको मुक्तिको लागि वैचारिक संघर्ष जारी राख्नु पर्दछ ।
- उत्पीडित समुदायको एकताका लागि दलित सूचना सञ्जाल निर्माण गरिनु पर्दछ ।
- जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि सोचमा परिवर्तन ल्याउनु पर्ने/सबै पालिकाका दलित प्रतिनिधिलाई सहभागी गराउनु पर्ने ।
- भएका अन्तर्जातीय बिबाहबाट सिर्जित पारिवारिक बेमेललाई कानूनीरुपमा सम्बोधन गरिनु पर्दछ ।
- स्थानीय तहका दलित जनप्रनिधिहरूलाई जातीय छुवाछूत तथा भेदभाव विरुद्धको विषय टोल टोलमा जानकारी दिनु पर्दछ ।

मन्तव्यको क्रममा प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद पन्तज्यूले कानून कार्यान्वयनमा आफू प्रतिबद्ध रहने, पालिका र जि.स.स ले अन्तर्घुलनका कार्यक्रमलाई अघि सार्नु पर्ने र जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि सोचमा परिवर्तन ल्याउनु पर्ने साथै जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी उजुरीलाई जिम्मेवार निकायले वेवास्ता गर्न नहुने कुरा व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्बय समिति प्रमुख कुलप्रसाद भट्टज्यूले सबै पालिकाहरूका अध्यक्ष र उपाध्यक्षलाई समेटी कार्यक्रम गर्दा सवै पालिकामा राम्रो सन्देश जाने विचार व्यक्त गर्दै जातीय बिभेद अन्त्यका लागि भित्रैबाट परिबर्तन आउनुपर्ने र त्यो व्यवहारमा देखिनुपर्ने र शुरुवात आफैबाट गरिनुपर्ने कुरामा जोड दिनु भयो ।

### ५.३.२ राष्ट्रिय दलित आयोगमा पदाधिकारीहरूको पदबहाल

संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष मिति २०७७/१०/२१ गते सपथ लिई सोही दिन यस आयोगमा माननीय अध्यक्ष श्री देवराज विश्वकर्मा सहित तीन जना माननीय सदस्यहरू श्री मीनादेवी सोव, ङ्ञ्जे कामी र मेहले पार्कीले पदाबहाली गर्नु भएको थियो । राष्ट्रिय दलित आयोगले राखेको माननीयहरूको पदबहाली कार्यक्रमा बोल्दै सवै माननीयहरूले संवैधानिक व्यवस्थाहरू अनुसार आम दलितहरूको हक, हित र अधिकारका पक्षमा आयोगलाई केन्द्रित गर्ने कुरा व्यक्त गर्नु भयो ।

### ५.३.३. दक्षिण अफ्रिका लगायत देशका लागि नियुक्त हुनुभएका महामहिम राजदुत डा. निर्मल कुमार विश्वकर्मालाई बधाई

२०२० मार्च ३ मा दक्षिण अफ्रिका लगायतका देशका लागि नियुक्त हुनुभएका महामहिम राजदुत डा. निर्मल कुमार विश्वकर्मालाई राष्ट्रिय दलित आयोगद्वारा एक कार्यक्रमको आयो जना गरी बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्नुभयो । आयोगको यो सम्मानलाई धन्यबाद दिँदै नवनियुक्त राजदुत डा. निर्मल विश्वकर्माले दक्षिण अफ्रिकाको समाज पनि नेपालको जस्तै रहेकोले राम्रा कुराहरूलाई नेपालको परिवेसमा कार्यान्वयन गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा जोड दिनुभयो ।

### ५.३.४ ५६ औं अन्तराष्ट्रिय जातीय बिभेद उन्मूलन दिवस (मार्च २१) समारोह कार्यक्रम

दक्षिण अफ्रिकाको तत्कालिन सरकारले काला जातिहरूमाथी दमन गर्न रङ्गभेदी नीति लागु गरेको विरोधमा सन् १९६० मार्च २१ का दिन दक्षिण अफ्रिकाको सार्पभिल्लो भन्ने शहरमा काला जातीहरूले गरेको सडक संघर्षमा प्रशासनले निर्ममतापूर्वक गोली चलाँउदा ६९ जनाको हत्या भएको र १८० जनाभन्दा बढी घाइते भएको कुरा विश्व इतिहासमा उल्लेख भएको छ। मानव अधिकारको चरम उल्लघन भएको उक्त घटना पश्चात संयुक्त राष्ट्रसंघले सन् १९६६ सालमा सवै प्रकारका जातीय बिभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गर्यो र नेपालले सन् १९७१  मा सो महासन्धिलाई अनुमोदन गर्यो ।

उक्त घटना पश्चात विश्व समुदायले मार्च २१ लाई अन्तर्राष्ट्रिय जातीय बिभेद उन्मुलन दिवसको रुपमा मनाउंदै आएको छ । सवै प्रकारका जातीय बिभेद उन्मूलन गर्ने सम्बन्धमा यस आयोगको पनि महत्वपूर्ण भूमिका रहने भएकोले २०७७ चैत्र ०८ तदनुरुप (सन् २०२१ मार्च २१) गते आइतबार समिट होटेल, कुपण्डोल ललितपुरमा "५६ औं अन्तराष्ट्रिय जातीय बिभेद उन्मूलन दिवस (मार्च २१) समारोह कार्यक्रम राष्ट्रिय दलित आयोगको आयोजनामा

लुम्बिनि प्रदेशका माननीय मुख्यमन्त्री श्री शंकर पोखरेलज्यूको प्रमुख आतिथ्यतामा उद्योग बाणिज्य तथा आपुर्ती राज्यमन्त्री माननीय श्री बिमला बि.क.ज्यू लगायत संघीय संसदका माननीयज्यूहरूको उपस्थितिमा उक्त समारोह सम्पन्न भयो ।

समारोहमा शुभकामना मन्तव्य राख्ने क्रममा राजनैतिक दलको तर्फबाट श्री मिना स्वर्णकार (रा.प्र.पा.) र लक्ष्मी के.सी (रा.जनमोर्चा) त्यस्तै दलित मुक्ति मोर्चाको तर्फबाट श्री गणेश बि.क., प्राध्यापक एवं समाजसेवी श्री लव प्रसाद त्रिपाठी तथा यस आयोगका प्रमुख सल्लाहकार तथा विशिष्ट श्रेणीको राष्ट्रिय समाजसेवी प्रा.डा. श्री जगदिश वैद्य, राष्ट्रिय सभाका माननीय श्री नरपति लुवार, प्रतिनिधि सभाका माननीय श्री आशा कुमारी वि.क. ले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

संवैधानिक आयोगहरूबाट राष्ट्रिय महिला आयोगकी माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल (खतिवडा), आदिवासी जनजाती आयोगका माननीय अध्यक्ष श्री राम बहादुर थापा मगर ज्यूले र राष्ट्रिय मानब अधिकार आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरज्यूले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

### ५.५.५ थर सूचीकरणको लागि सूचना प्रकाशन

राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ (छ) मा दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने प्रावधान अनुरुप यस आयोगको मिति २०७८/११/२३ गतेको निर्णयानुसार यस आयोगमा सूचीकृत हुन छुटेका थरहरूलाई सूचीकरण गर्नको लागि २०७८ असार मसान्तसम्म समय दिई निवेदन आव्हान गरिएको थियो । सो सूचना अनुसार बिभिन्न जिल्लाबाट २५ भन्दा बढि थरहरू सूचीकरणको लागि निवेदन पर्न आएको छ ।

### ५.६.६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा दलित समुदायका लागि देहायको व्यवस्था गर्न आयोगले लेखी पठाएको

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सामाजिक विकास तथा प्रादेशिक समन्वय शाखा) सिंहदरवार काठमाडौंको च. नं यो.अ/४२२/३७७७ मिति २०७७/११/०६ गतेको पत्र अनुसार आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा दलित समुदायको हक हित र अधिकारको संरक्षण, सम्बर्धनका लागि देहाय अनुसारका नीति तथा कार्यक्रमहरू समावेश गरी दिन आयोगको बैठकको निर्णयानुसार पत्राचार गरिएको छ ।

(क) दलित समुदायका व्यक्तिहरूले पेशा वा व्यवसाय सञ्चालनको लागि प्रस्ताव तयार गरी ऋण माग गरेमा माग बमोजिम कम्तिमा १० लाख सम्म बिना धितो सहुलियतपूर्ण ब्याजदरमा ऋण दिने व्यवस्था हुन ।

(ख) दलित समुदायको हक अधिकारका सम्बन्धमा सचेनतामूलक कार्यक्रम सञ्चालन गर्न र रोजगारीको अवसरमा समान पहुँच पुर्‍याउन दलित समुदायको परम्परागत

पेशाको संरक्षण र आधुनिकीकरणका लागि सीप विकास तालिम कार्यक्रमहरू प्रदेश र स्थानीय तहले पर्याप्त बजेट सहित अभियानका रुपमा सञ्चालन गर्ने व्यवस्था हुन ।

(ग) स्थानीय तहमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूको क्षमता विकासका लागि तालिम सञ्चालन गर्नु पर्ने देखिएको र त्यस्तो तालिम राष्ट्रिय दलित आयोगको प्रयासबाट मात्र सम्भब नहुने हुँदा आयोगबाट तयार गरिएको तालिम सामग्री प्रयोग गरी ७७ वटै जिल्ला समन्वय समितिबाट त्यस्तो क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट आवश्यक बजेट व्यवस्था हुन ।

(घ) नेपालको संविधानको धारा ४० मा मौलिक हकको रुपमा रहेको दलितको हकमा भएको व्यवस्थानुसार दलितहरूको पृथक अवस्थालाई सम्बोधन गर्ने गरी भूमिमा समान पहुँचको लागि छुट्टै भूमि सम्बन्धी कानून बनाउने व्यवस्था मिलाउन ।

(ङ) शैक्षिक क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व बढाई जातीय बिभेदको अन्त्यको लागि सहयोग पुऱ्याउन कम्तिमा "एक बिद्यालय, एक दलित शिक्षक" कार्यक्रमको व्यवस्था हुन ।

(च) पश्चिम नेपालमा मुक्त भएका दलित हलियाहरूको समस्यालाई सम्बोधन गर्न उनीहरूलाई नेपाल सरकारबाटै जमिनको व्यवस्था गरी सो जमिनमा आवासको व्यवस्था मिलाउन ।

(छ) रोजगारीमा दलित समुदायको पँहुच बढाउन "एक दलित परिवार, एक रोजगार" कार्यक्रम ल्याउने व्यवस्था गर्न ।

(ज) दलित र गैर दलित बीचको बिवाह भई निजहरूबाट जन्मिएका सन्तानलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरी समाजमा सम्मानपूर्वक बस्न पाउने वातावरणको लागि स्थानीय तहहरूले कार्यक्रम ल्याउने । त्यस्तो बिवाहबाट विस्थापित भएका परिवारलाई सरकारकै पहलमा पुनःस्थापनाको व्यवस्था मिलाउन ।

(झ) गरीवी निवारणको लागि नेपाल सरकारले ल्याएको गरीब परिचय पत्र वितरण कार्यक्रमलाई आर्थिक मानकको आधारमा दलित समुदायको सहज पहुँच स्थापित गर्नु पर्ने ।

(ञ) जातीय छुवाछूत तथा बिभेद अन्त्यका लागि बिभिन्न धार्मिक स्थल, पुजारी, पुरोहितहरू तथा पञ्चांग निर्णायक समिति लगायतका धार्मिक संघ संस्थाहरूलाई छुवाछूत तथा जातीय बिभेद विरुद्ध प्रशिक्षित गर्ने र त्यस्ता संस्थाबाट प्रकाशित हुने सामग्रीहरूमा जातीय छुवाछूत बिरुद्धका सचेतनामूलक सूचनाहरू अनिवार्य राख्ने व्यवस्था मिलाउनु ।

(ट) दलित समुदायहरूको स्वास्थ्यमा सहज पँहुच बृद्धि गर्नको लागि न्यून आय भएका दलितहरूलाई कडा तथा दीर्घ रोग लागेमा निःशुल्क उपचारको व्यवस्था मिलाउने र

स्वास्थ्य बिमा नेपाल सरकारले निःशुल्क रुपमा गरी बिमाङ्क रकम कम्तिमा छ लाख पुऱ्याउन ।

(ठ) प्रदेश र स्थानीय तहले दलित विकास सूचकांकको प्रगति समावेश गर्ने व्यवस्था मिलाउन ।

**५.६.७ प्रदेश नं. २ अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा, कोभिड महामारीको अवस्थामा दलित हक अधिकारको रक्षाको सन्दर्भमा स्थानीय तहका दलित जनप्रतिनिधिहरूको भुमीका र क्षमता विकास कार्यक्रम**

कोभिड महामारीको अवस्थामा दलित हक अधिकारको रक्षाको सन्दर्भमा स्थानीय तहका दलित जनप्रतिनिधिहरूको भूमिका र क्षमता विकास कार्यक्रम बर्दिबास नगरपालिकाकी नगर उप प्रमुख श्री कृष्णमाया गौतमको अध्यक्षतामा राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष एवं सदस्यहरू बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री बिदुर कुमार कार्कीज्यू, इलाका प्रहरी कार्यालयका प्र.ना.उ. श्री बिरेन्द्र थापा, बर्दिबास अस्पतालका मेडिकल अधिकृत श्री प्रसाद दाहा, प्रमुख प्रशासकीय अधिकृत श्री रेवती प्रसाद पराजुली लगायत दलित अगुवाहरूको उपस्थितिमा मिति २०७८ जेठ २८ गते दिपक पार्टि प्यालेस, बर्दिबासमा सम्पन्न भएको थियो । .

कार्यक्रममा बर्दिबास नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, आयोगका सचिव, प्र.प.अ, प्र.ना.उ. र मेडिकल अधिकृतबाट आ-आफ्नो विषयबस्तुमा कार्यपत्र प्रस्तुत भयो ।

मन्तव्यको क्रममा नगर प्रमुखले दलित समुदायको विकास र हक अधिकारको रक्षाको लागि नगरपालिका प्रतिबद्ध रहेको जनाउनु भयो । त्यस्तै इलाका प्रहरी कार्यलायका प्र.ना.उ.ले कानून कार्यान्वयनमा आफू प्रतिबद्ध रहने भन्दै नागरिक सचेतनाका कुरालाई जोड दिनु भएको थियो । साथै जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि सोचमा परिवर्तन ल्याउनु पर्ने र स्थानीय तहको बजेटको परिधिभित्र बसि दलितको आर्थिक तथा समाजिक विकासका लागि पालिकाहरूले कार्य गर्नु पर्ने र जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि आफ्नो जिम्मेवारी इमान्दारीका साथ निभाउने कुरामा कुनै पनि किसिमको राजनैतिक दवावमा जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी उजुरीलाई वेवास्ता नगर्ने कुरा व्यक्त भयो ।

कार्यक्रमको अध्यक्षले स्थानीय तहका दलित समुदायका जनप्रतिनिधिहरूको क्षमता विकासका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउने तथा जातीय छुवाछूत विरुद्धको कानूनी व्यवस्था बारेमा सहभागीहरूलाई जानकारी हासिल हुने हुदा स्थानीय तहबाट जातीय छुवाछूत तथा भेदभाव विरुद्धको कानून कार्यान्वयनमा टेवा पुग्ने कुरा औल्याउनु भएको थियो । साथै आयोगमा पदाधिकारिहरूको पनि बहाल भैसक्नु भएकोले आयोगको गति बढ्ने विचार व्यक्त गर्दै कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सवैलाई र सहभागिहरूलाई धन्यवाद दिदैं कार्यक्रमा समापन गर्नु भएको थियो ।

### ५.६.८ गण्डकी प्रदेश अन्तर्गत तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिकामा कोभिड महामारीको सन्दर्भमा दलित समुदायमा परेको प्रभाव न्यूनीकरणमा दलित जनप्रतिनिधीहरूको भूमिका" विषयक कार्यक्रम

मिति २०७८/०३/०६ गते तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपलिकामा राष्ट्रिय दलित आयोगको आयोजनामा "कोभिड महामारीको सन्दर्भमा दलित समुदायमा परेको प्रभाव न्यूनीकरणमा दलित जनप्रतिनिधीहरूको भूमिका" विषयक कार्यक्रम राष्ट्रिय दलित आयोगको माननीय अध्यक्ष श्री देवराज विश्वकर्माको अध्यक्षतामा नगरपालिकाको उप प्रमुख श्री सबिता रसाईली, आयोगका सचिव श्री नबराज ढुङ्गाना, नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको कर्मचारीहरू, इलाका प्रहरी कार्यालयको प्रतिनिधिलगायत दलित जनप्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य तथा कोभिड महामारी र दलित समुदायको सन्दर्भमा कार्यपत्र आयोगको सचिवज्यूले प्रस्तुत गर्नु भएको थियो । त्यस्तै आयोगका माननीय अध्यक्ष, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आयोगका शाखा अधिकृतबाट कार्यपत्र प्रस्तुत भएको थियो। कार्यक्रम सञ्चालन नगरपालिकाको कार्यपालिका सदस्य श्री भरत लामगादेले गर्नुभएको थियो । कार्यक्रममा बोल्दै दलित जनप्रतिनिधिहरूले देहाय बमोजिमको विषयहरू उठाउनु भएको थियो ।

यस कार्यक्रमले दलितको हकहित संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्दै दलितको हक हित तथा जातीय छुवाछूत अन्त्यका लागि स्थानीय तहहरू र त्यसमा पनि दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरूको भूमिकालाई कार्यक्रमले सहयोग पुऱ्याएको थियो । यस किसिमको महामारीको सन्दर्भमा आयोगले के कस्ता कार्यहरू गर्ने आवश्यक छ भन्ने विषयमा सरोकारवालाहरूसँग छलफल भयो र कार्यक्रममा प्राप्त सुझावहरूले यस आयोगलाई आगामी दिनमा प्रभावकारी रुपमा काम गर्न मद्दत पुग्नुको साथै कानूनी र नीतिगत सुधारका लागि सम्बन्धित निकायमा सिफारिसका लागि पहल गर्न सहयोग पुग्ने देखियो ।

- दलित भित्र रहेका फरक फरक जातका अलग अलग संगठनलाई एक बनाउनुपर्ने ।
- कोभिड संक्रमितलाई सम्मान गर्नु पर्ने ।
- सेवा प्रदायकले सेवाको विवरणहरूलाई जनतासामु पुऱ्याउनु पर्ने ।
- संक्रमितलाई समाजले हेयको दृष्टिले हेर्ने भएकोले त्यसमा नगरपालिकाले समन्वय तथा सहयोग गर्नुपर्ने ।
- स्थानीय तहले दलित र गरीब संक्रमितहरूको सहयोगका लागि बिशेष प्याकेज बनाउनु पर्ने ।
- आयोगको भूमिकालाई थप शसक्त बनाउनु पर्ने ।

कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माज्यूले

कार्यक्रममा उपस्थित दलित जनप्रतिनिधिहरूलाई हौसला प्रदान गर्दै जातीय बिभेदको विषयमा, कोभिड महामारीले दलित समुदायमा परेको र पर्न सक्ने प्रभावको विषयमा अग्रपंक्तिमा रही कार्य गर्न र आयोगको तर्फबाट हुन सक्ने सबै साथ र सहयोग रहने कुरा व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

### ५.६.९ प्रदेश नं. १ अन्तर्गत झापा जिल्लाको दमक नगरपालिकामा, "कोभिड महामारीको सन्दर्भमा दलित समुदायमा परेको प्रभाव न्यूनीकरणमा दलित जनप्रतिनिधीहरूको भूमिका" विषयक कार्यक्रम

मिति २०७८/०३/०८ गते झापा जिल्लाको दमक नगरपलिकामा माननीय सदस्य श्री टुञ्जे कामीको समन्वय र राष्ट्रिय दलित आयोगको आयोजनामा "कोभिड महामारीको सन्दर्भमा दलित समुदायमा परेको प्रभाव न्यूनीकरणमा दलित जनप्रतिनिधिहरूको भूमिका" विषयक कार्यक्रम राष्ट्रिय दलित आयोगको माननीय अध्यक्ष श्री देवराज विश्वकर्माको अध्यक्षतामा आयोगका माननीय सदस्य श्री टुञ्जे कामी, संविधान सभा सदस्य श्री दीपक कार्की, दमक नगरपालिकाको नगर प्रमुख श्री रोमनाथ ओली, नगर उप प्रमुख श्री गितादेवी अधिकारी, नगरपालिकाको उप सचिव श्री दिनेश आचार्य, पत्रकारहरू, दलित अधिकारकर्मीहरू लगायत दलित जनप्रतिनिधिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यको बरेमा दमक नगरकार्यपालिका सदस्य श्री टिकाराम बयलकोटीले राख्नु भयो । त्यस्तै आयोगका माननीय अध्यक्ष, संबिधान सभा सदस्यबाट कार्यपत्र प्रस्तुत भएको थियो । कार्यक्रम सञ्चालन र "दलित समुदाय, कोभिड महामारीको सन्दर्भ र राष्ट्रिय दलित आयोगको" भूमिका विषयमा कार्यपत्र आयोगको शाखा अधिकृत श्री मेखबहादुर मंग्रातीबाट प्रस्तुत भयो ।

यस कार्यक्रमले दलितको हकहित संरक्षण, संम्बद्धन र सशक्तीकरण गर्दै जातीय तथा विभेद छुवाछूत अन्त्यका लागि स्थानीय तहहरू र त्यसमा पनि दलित समुदायबाट निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र भूमिकामा कार्यक्रमले  सहयोग पुऱ्यायो । यस किसिमको महामारीको सन्दर्भमा आयोगले के कस्ता कार्यहरू गर्ने आवश्यक छ भन्ने विषयमा सरोकारवालाहरू सँग छलफल भयो र कार्यक्रममा प्राप्त सुझावहरूले यस आयोगलाई आगामी दिनमा प्रभावकारी रुपमा काम गर्न मद्दत पुग्नुको साथै कानूनी र नीतिगत सुधारका लागि सम्बन्धित निकायमा सिफारिसका लागि पहल गर्न सहयोग पुग्ने देखियो ।

कार्यक्रममा बोल्दै दलित जनप्रतिनिधिहरूले देहाय बमोजिमको विषयहरू राख्नु भएको थियो ।

- यस महामारीमा देशभर घटेका जातीय बिभेदका घटनाका सन्दर्भमा अग्रसर हुनु पर्ने ।
- कोभिड संक्रमितलाई स्थानीय तहले उपचार र पोषणको लागि कार्यक्रम बनाउनु पर्ने ।
- नगरसभामा दलितमैत्री बजेट तथा कार्यक्रम ल्याउनु पर्ने ।

- जातीय बिभेदको घटनामा आयोग परिचालित हुनुपर्ने ।
- स्थानीय सरकारले नै आफ्नो क्षेत्रभित्रका उत्पीडितहरूको समस्या बुझ्ने भएकोले नगरपालिकाले जातीय बिभेद अन्त्यको लागि सचेतनाका कार्यक्रमहरू तर्जुमा गर्नु पर्ने ।

छलफल कार्यक्रममा पत्रकार केशब भुल, चिरञ्जिबी घिमिरे, मान बहादुर दर्नाल दलित जागरण संघका अध्यक्ष श्री छबिलाल विश्वकर्माले मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष एवं राष्ट्रय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माज्यूले कार्यक्रममा उपस्थित दलित जनप्रतिनिधिहरूको क्षमता विकास, नगरपालिकासँग दलित जनप्रतिनिधिहरूको निरन्तर समन्बय र सहकार्य हुनु पर्ने कुरा राख्दै जातीय बिभेद तथा कोभिड महामारीले दलित समुदायमा परेको र पर्न सक्ने प्रभावको विषयमा अग्रपंक्तिमा रही कार्य गर्न र आयोगको तर्फबाट हुन सक्ने सबै साथ र सहयोग रहने कुरा व्यक्त गर्नु भयो ।

कार्यक्रममा नगर क्षेत्रका दलित महिलाहरूलाई, कोभिड महामारीबाट समस्यामा परेका वर्ग र समुदायहरूलाई नगरपलिकाले नगरसभामा पेश हुने बजेट मार्फत् सम्बोधन गर्ने बिचार राख्दै नगर उप प्रमुख श्री गितादेवि अधिकारीले कार्यक्रम समापन गर्नुभएको थियो ।

### कार्यक्रमबाट प्राप्त भएको उपलब्धिहरू

- नगरपालिकाको आगामी आ.व को लागि बजेट पनि बनिरहेको समय भएकोले लक्षित वर्गका लागि कार्यक्रम तथा बजेट बिनियोजन गर्न नगरपालिकालाई सुझाब दिइएको ।
- कोभिड महामारीमा दलित समुदायमा परेको प्रभाव र यसको समाधानका बारेमा भएको छलफलले दलित जनप्रतिनिधिहरूको थप भूमिका र क्रियाशिलताको अपेक्षाको महसुस गराएको । महामारीको प्रभावलाई कम गर्नको लागि समन्बय र सहकार्य हुने प्रतिबद्धता नगरपालिका र जनप्रतिनिधिहरूबाट भएको ।
- राष्ट्रिय दलित आयोगसँग स्थानीय तहका जनप्रतिनिधिहरूको सम्बन्ध र समन्वय राम्रो भएको ।
- जातीय छुवाछूत तथा भेदभावका विषयमा बोल्न प्रतिनिधिहरूमा उत्सुक भएका र सहकार्य गर्न नगरपलिका तयार भएको ।
- नगरपालिकाको आगामी बजेट तथा कार्यक्रममा दलितहितका बिषयहरू समावेश हुन नगरपालिका प्रतिबद्ध भएको ।
- समारोहमा संलग्न अतिथिहरूको धारणाबाट आयोगलाई आगामी दिनमा आयोगको कार्यक्रम तयार गर्न सहयोग भएको ।

### ५.६.१०. कर्णाली प्रदेश अन्तर्गतको सुर्खेत जिल्लाको लेकबेसी नगरपालिकामा "दलितको हक अधिकार सम्बन्धी" स्थानीय तहका जनप्रतिनिधीहरूसँग छलफल तथा अन्तरक्रिया" कार्यक्रम

दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी दिने, आयोगको काम, कर्तव्य र अधिकारहरूको कार्यान्वयन गर्ने सन्दर्भमा यस आयोगले गर्नुपर्ने आगामी भावी कार्यदिशाको बारेमा राय सुझाव लिन मिति २०७८/०३/२० गते सुर्खेत जिल्लाको लेकबेशी नगरपालिकामा माननीय सदस्य श्री मेहले पार्कीज्यूको समन्वयमा राष्ट्रिय दलित आयोगको आयोजनामा “दलितको हक अधिकार सम्बन्धी स्थानीय तहका जनप्रतिनिधीहरूसँग छलफल तथा अन्तरक्रिया” कार्यक्रम राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माको अध्यक्षतामा आयोगका माननीय सदस्य श्री मेहले पार्की, लेकबेशी नगरपालिकाका नगर प्रमुख श्री गगन सिंह सुनार, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री राम प्रसाद घर्ती, लेकबेशी न.पा.का कानूनी सल्लाहकार श्री राम बाबु वि.सी., पत्रकारहरू, दलित अधिकारकर्मीहरू लगायत दलित जनप्रतिनिधिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यको बारेमा आयोगका माननीय सदस्य श्री मेहले पार्कीज्यूले राख्नु भयो । कार्यक्रम सञ्चालन आयोगको शाखा अधिकृत श्री भोजराज श्रीपाइलीले गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै दलित जनप्रतिनिधिहरूले देहाय बमोजिमको विषयहरू राख्नु भएको थियोः-

- देशभर घटेका जातीय बिभेदका घटनाका सन्दर्भमा आयोग अग्रसर हुनुपर्ने ।
- आयोगले दलितको हक अधिकार सम्बन्धी सचेतनात्मक तथा सम्बर्द्धनात्मक कार्यक्रम बनाउनु पर्ने ।
- आयोगले विभेदकारी ऐन, कानूनको अध्ययन गरी संशोधनका लागि पहल गर्नुपर्ने ।
- दलित समुदायको उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम गर्नुपर्ने ।
- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण हुनुपर्ने ।
- आयोगले नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गर्ने ।

छलफल तथा अन्तरक्रिया कार्यक्रममा लेकबेशी न.पा.का कानूनी सल्लाहकार श्री राम बाबु वि.सी., जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री राम प्रसाद घर्ती, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खरेल, लेकबेशी नगरपालिकाका नगर प्रमुख श्री गगन सिंह सुनारले मन्तव्य राख्नु भएको थियो । कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माले कार्यक्रममा उपस्थित दलित जनप्रतिनिधिहरूको क्षमता विकास, नगरपालिकासँग दलित जनप्रतिनिधिहरूको निरन्तर समन्वय र सहकार्य हुनु पर्ने कुरा राख्दै जातीय बिभेदको घटनाका सन्दर्भमा र

दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई ध्यानाकर्षण र पत्रचार गरेको र आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरूको कार्यान्वयनमा प्रतिवद्ध रहेको विचार राख्दै समापन गर्नु भएको थियो ।

**५.६.११. सुदुरपश्चिम प्रदेश अन्तर्गतको कैलाली जिल्लाको धनगढी उप माहानगरपालिकामा "दलितको हक अधिकार सम्बन्धी स्थानीय तहका जनप्रतिनिधीहरूसँग छलफल तथा अन्तरक्रिया" कार्यक्रम**

दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी नेपाल सरकार समक्ष सुझाब दिने सन्दर्भमा र यस आयोगले गर्नुपर्ने आगामी भावी कार्यदिशाको बारेमा राय सुझाव लिन मिति २०७८/०३/२३ गते कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकामा माननीय सदस्य श्री मीनादेवी सोवको समन्वयमा राष्ट्रिय दलित आयोगको आयोजनामा “दलितको हक अधिकार सम्बन्धी स्थानीय तहका जनप्रतिनिधीहरूसँग छलफल तथा अन्तरक्रिया” विषयक कार्यक्रम राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माको अध्यक्षतामा आयोगका माननीय सदस्य श्री मीना देवी सोव, संविधानसभाका माननीय सदस्य श्री अफिलाल उखेडा, धनगढी उपमहानगरपालिकाका नगर प्रमुख श्री नृप ब.वड, उपप्रमुख श्री सुशीला मिश्र, प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाल, प्रहरी उपरीक्षक श्री विश्व अधिकारी, धनगढी उपमहानगरपालिकाका अधिकृत कर्मचारी, पत्रकारहरू, दलित अधिकारकर्मीहरू लगायत दलित जनप्रतिनिधिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यको बारेमा आयोगका माननीय सदस्य श्री मीना देवी सोवज्यूले राख्नु भयो । कार्यक्रम सञ्चालन आयोगको शाखा अधिकृत श्री भोजराज श्रीपाइलीले गर्नु भएको थियो । कार्यक्रममा बोल्दै दलित जनप्रतिनिधिहरूले देहाय बमोजिमको विषयहरू राख्नु भएको थियोः-

- देशभर घटेका जातीय बिभेदका घटनाका सन्दर्भमा आयोग अग्रसर हुनुपर्ने ।
- आयोगले दलितको हक अधिकार सम्बन्धी सचेतनात्मक तथा सम्बर्द्धनात्मक कार्यक्रम बनाउनु पर्ने ।
- आयोगले विभेदकारी ऐन, कानूनको अध्ययन गर्नुपर्ने ।
- दलित समुदायको उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम गर्नुपर्ने ।
- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण हुनुपर्ने ।
- आयोगले नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने ।

- दलित-दलितबीच र दलित-गैरदलितबीच अन्तरघुलनका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- स्थानीय सरकारले नै आफ्नो क्षेत्रभित्रका उत्पीडितहरूको समस्या बुझ्ने भएकोले नगरपालिकाले जातीय बिभेद अन्त्यको लागि सचेतनाका कार्यक्रमहरू तर्जुमा गर्नु पर्ने ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रममा संविधानसभाका माननीय सदस्य श्री अफिलाल उखेडा, धनगढी उपमहानगरपालिकाका नगर प्रमुख श्री नृप ब. वड, उपप्रमुख श्री सुशीला मिश्र, प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाल, प्रहरी उपरीक्षक श्री विश्व अधिकारीले मन्तव्य राख्नु भएको थियो । कार्यक्रमका अध्यक्ष एवं राष्ट्रय दलित आयोगका माननीय अध्यक्ष श्री देवराज विश्वकर्माज्यूले कार्यक्रममा उपस्थित दलित जनप्रतिनिधिहरूको क्षमता विकास, नगरपालिकासँग दलित जनप्रतिनिधिहरूको निरन्तर समन्बय र सहकार्य हुनुपर्ने कुरा राख्दै जातीय बिभेदको घटनाका सन्दर्भमा र दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई ध्यानाकर्षण र पत्रचार गरेको र आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरूको कार्यान्वयनमा प्रतिवद्ध रहेको  विचार राख्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

**उल्लेखित दलित हक र अधिकार सम्बन्धी कार्यक्रमबाट प्राप्त भएको उपलब्धिहरू**

- दलित समुदायका समस्या तथा सशक्तीकरणका उपाय पहिचान गर्न सहयोग भएको ।
- समारोहमा संलग्न अतिथिहरूको धारणाबाट आयोगले जनधारणा बुझ्न सहयोग भएको ।
- सवैधानिक आयोगहरूबीच प्रभावकारी समन्वय र अन्य निकायहरूसँगको सम्बन्ध थप मजबुत भएको ।
- नगरपालिकाको आगामी आ.व. को लागि बजेट निर्माण गर्दा लक्षित वर्गका लागि कार्यक्रम तथा बजेट बिनियोजनमा नगरपालिकालाई सुझाब गराईएको ।
- आफ्नो क्षेत्रभित्रका उत्पीडितहरूको समस्या बुझ्ने भएकोले नगरपालिकाले जातीय बिभेद अन्त्यको लागि सचेतनाका कार्यक्रमहरू तर्जुमा गर्न दलित जनप्रतिनिधीहरूको थप भूमिका र क्रियाशिलाताको अपेक्षाको महसुस गरायको ।
- राष्ट्रिय दलित आयोगसंग जनप्रतिनिधिहरूको समन्बय र सम्बन्ध राम्रो भएको ।
- जातीय छुवाछूत तथा भेदभावका अन्त्य गर्न तथा स्थानीय तहबाट निर्माण हुने बजेट नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा दलित जनप्रतिनिधिहरूको थप सक्रिय भूमिका रहने देखिन्छ ।
- यस आयोगले आगामी दिनमा गर्नु पर्ने कार्यहरूको योजना निर्माणमा विषय पहिल्याउन सहज भएको ।
- कोभिड महामारीमा दलित समुदायमा परेको प्रभाव र यसको समाधानका बारेमा भएको छलफलले दलित जनप्रतिनिधीहरूको थप भूमिका र क्रियाशिलाताको अपेक्षाको

महसुस गराएको । महामारीको प्रभावलाई कम गर्नको लागि समन्बय र सहकार्य हुने प्रतिबद्धता नगरपालिका र जनप्रतिनिधिहरूबाट भएको ।

### ५.१.१२ बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको थापाथली स्थित कार्की ब्याङ्क्वेटमा थर सूचीकरणको सन्दर्भमा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय दलित आयोग ऐन २०७४ को दफा ३ (छ) मा दलित समुदायको पहिचानको सम्बन्धमा विस्तृत अधययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था भए बमोजिम नेपाल सरकारलाई थर सूचीकरण गर्न सिफारिस गर्ने प्रयोजनार्थ दुई पटक सूचना प्रकाशन गरेको थियो ।

सूचीकरण प्रकृयालाई प्रभावकारी बनाई आम दलित समुदायको पहिचान गर्न सरोकारवालाहरूसँग छलफल आयोजना गर्ने आयोगको निर्णयानुसार उक्त कार्यक्रम मिति २०७८ असार २९ र ३० गते कार्की ब्याङ्क्वेट थापाथली, काठमाडौंमा सम्पन्न भएको थियो ।

यस कार्यक्रमले दलितको हकहित संरक्षण, सम्बर्द्धन र सशक्तिकरण गर्दै दलितको हक हित तथा जातीय छुवाछूत अन्त्यका लागि दलित समुदायहरूको पहिचान गर्न सहयोग पुऱ्याएको देखिन्छ । आयोगले थर सूचीकरणको सन्दर्भमा के कस्ता कार्यहरू गर्न आवश्यक छ भन्ने विषयमा सरोकारवालाहरूसँग छलफल भयो र कार्यक्रममा प्राप्त सुझावहरूले यस आयोगले अघि बढाएको थर सूचीकरणको प्रकृयालाई प्रभावकारी बनाउन सहयोग पुग्ने देखिन्छ ।

### ५.६.१३ कार्यक्रमको बारेमा संक्षिप्त जानकारी

**पहिलो दिन (मिति २०७८ असार २९ गते)**

कार्की ब्याङ्केट थापाथली, काठमाडौंमा सम्पन्न भएको कार्यक्रमको पहिलो दिन आयोगका माननीय सदस्यहरूको र विभिन्न जातीय संघ संस्थाको प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा कार्यक्रम सञ्चालन राष्ट्रिय दलित आयोगको माननीय अध्यक्ष श्री देवराज विश्वकर्माले गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सहभागीहरूलाई कार्यक्रम आयोजना गर्नुको उद्देश्यका साथै स्वागत मन्तव्य सहितको कार्य प्रस्तुति आयोगका माननीय सदस्य श्री मेहले पार्कीले गर्नु भएको थियो । त्यसपछि थर सूचीकरणको सन्दर्भमा आयोगको भूमिका विषयक कार्यपत्र आयोगका सचिव श्री नबराज ढुङ्गाना तथा आयोगको माननीय सदस्यबाट प्रस्तुत भई कार्यक्रम छलफल तथा अन्तर्क्रियातर्फ प्रवेश गर्यो । छलफलमा बिभिन्न जातीय समाज तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूबाट सुझाब आएको थियो । छलफलमा सहभागीहरूबाट थर सूचीकरणको बिषयमा देहाय अनुसारका सुझाब प्राप्त भयो ।

### सहभागीहरूबाट प्राप्त सुझाबहरू

१. राष्ट्रिय दलित आयोगले पञ्जिकरण बिभागमा मिति २०७८/०३/०२ मा गरेको पत्राचार कार्यान्वयन नगर्न तत्काल पुनः पत्राचार गर्नु पर्ने ।

२. अनुसन्धान गरेर तथा स्थलगत भ्रमणबाटमात्र सूचीकरण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु पर्ने ।
३. मधेसी दलितहरूमाथि बिभेदको मात्रा बढिरहेको सन्दर्भमा आयोग त्यसतर्फ सचेत रहनुपर्ने ।
४. मधेसी दलितको अध्यन गर्दा कम्तिमा तराईका तीन स्थानलाई केन्द्र बनाई अध्ययन गरिनु उपयुक्त हुने ।
५. आयोगको अधिकारक्षेत्रको विषयमा कार्य गर्दा राम्ररी अध्ययन गरे मात्र आयोगले कार्य गर्नु पर्ने ।
६. जात र थरको बिषयमा आयोगले प्रष्ट धारणा बनाउनु पर्ने ।
७. दलित जातीय अनूसुचि बिबरण आयोगले सवै स्थानीय तहमा जानकारीका लागि पठाउनु पर्ने ।
८. तथ्य र तर्कपूर्ण ढङ्गले आयोग अघि बढ्नुपर्ने ।
९. थर सूचीकरणको विषयमा आयोगले दलित हुने सूचक तथा आधारहरू बनाउनुपर्ने ।
१०. थरहरू सुचीकृत हुन नछुट्ने किसिमले प्रकृया अघि बढाउनुपर्ने ।

यसरी छलफल कार्यक्रममा सहभागीहरूले आ-आफ्नो विचार व्यक्त गरेपश्चात कार्यक्रमलाई संक्षेपीकरण सहित छलफलमा उठेका विषयहरूलाई सम्बोधन गर्दै राष्ट्रिय दलित आयोगले सवैलाई न्याय हुने गरी सरोकारवालाहरूसँग समन्वय गरेर अघि बढ्ने तथा राष्ट्रका सवै क्षेत्रका सवै स्थानका दलित समुयदामाथिको उत्पीडन उस्तै रहेकोले सो सँग लड्न सवै हातेमालो गर्नुको विकल्प नरहेको कुरा राख्दै कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सवैलाई र सहभागिहरूलाई धन्यवाद दिँदै पहिलो दिनको कार्यक्रम आयोगको माननीय अध्यक्षज्यूले समापन गर्नु भयो ।

## दोश्रो दिन (मिति २०७८ असार ३० गते)

कार्की ब्याङ्क्वेट थापाथली, काठमाडौंमा  सम्पन्न भएको कार्यक्रमको दोश्रो दिन राष्ट्रिय दलित आयोगको माननीय अध्यक्ष श्री देवराज विश्वकर्माको अध्यक्षतामा आयोगका माननीय सदस्यहरू डि. एन. एफ.का प्रतिनिधि र सञ्चारकर्मीहरूको उपस्थितिमा कायृक्रम सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सहभागीहरूलाई कार्यक्रम आयोजना गर्नुको उद्देश्यका साथै स्वागत मन्तव्य सहितको कार्य प्रस्तुति आयोगका माननीय सदस्य श्री मीनादेवि सोवले गर्नु भएको थियो । त्यसपछि थर सूचीकरणको सन्दर्भमा आयोगको भूमिका विषयक कार्यपत्र आयोगका सचिव श्री नबराज ढुङ्गाना तथा माननीय सदस्यबाट प्रस्तुत भयो । छलफलमा बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूबाट र पत्रकारहरूबाट सुझाब आएको थियो । संबिधानसभा सदस्य श्री अफिलाल उखेडाले पनि कार्यक्रममा विचार

राख्नुभयो । दोश्रो दिनको छलफलमा सहभागीहरूबाट थर सूचीकरणको बिषयमा देहाय अनुसारका सुझाव प्राप्त भयो ।

**सहभागीहरूबाट प्राप्त सुझाबहरू**

१. दलित समुदायभित्रका विविध थरहरूका आ-आफ्नै ऐतिहासिक पृष्ठभूमि भएकाले स्थानीय तहमा गएर दलित को, किन र कसरी भन्ने सम्बन्धमा अध्ययन गर्नु पर्ने ।

२. विज्ञसँग सल्लाह गरेर सूचीकरण प्रकृयालाई निष्कर्षमा पुऱ्याउनु पर्ने ।

३. हिनताबोध हुने थरहरू अद्याबधिक गर्नुपर्ने ।

४. सवै जातीहरूको पृष्ठभूमि लेख्दा उचित हुने ।

५. गैर दलितको थर लेख्न प्रोत्साहन गर्न नहुने ।

६. जात र थरको बिषयमा आयोगले प्रष्ट धारणा बनाउनु पर्ने ।

७. लिङ्गको आधारमा, व्यक्तिगत तथा समुदायमा चोट पुग्ने गरी थर सूचीकरण हुन भएन ।

८. थरहरू नछुट्ने किसिमले प्रकृया अघि बढाउनुपर्ने ।

यसरी छलफल कार्यक्रममा सहभागीहरूले आ-आफ्नो विचार व्यक्त गरेपश्चात कार्यक्रमलाई संक्षेपीकरण सहित छलफलमा उठेका विषयहरूलाई सम्बोधन गर्दै राष्ट्रिय दलित आयोगका सहभागिहरूलाई धन्यवाद दिदै आयोगका माननीय अध्यक्षज्यूले कार्यक्रमा समापन गर्नु भयो ।

## ६. राष्ट्रिय दलित आयोग र महान्याधिवक्ता बीच छलफल

राष्ट्रिय दलित आयोगका पदाधिकारी र महान्याधिवक्ता बीच मिति २०७८ असारमा भेटघाट तथा छलफल भएको थियो । उक्त भेटमा जातीय विभेदका सम्बन्धमा, मुद्दा दर्ताका प्रक्रिया र प्रमाण संकलन तथा व्याख्याका सम्बन्धमा छलफल भयो । जातीय विभेदको मुद्दामा सदियौं देखिको जातीय छुवाछूतको संवेदनशिलता बुझी कार्य गर्न सबै जिल्ला सरकारी वकिल कार्यालयहरू निर्देशन दिने प्रतिबद्धता महान्याधिवक्ताबाट व्यक्त भयो ।

## ७. राष्ट्रिय दलित आयोग र पशुपति क्षेत्र बिकास कोषबीच छलफल

राष्ट्रिय दलित आयोगका पदाधिकारीहरू र पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव सहितका पदाधिकारीहरूसँग मिति २०७८/०३/३१ गते जातीय विभेद र छुवाछूत न्यूनीकरण गर्ने सन्दर्भमा पशुपति क्षेत्रमा हुनसक्ने विभेदका सम्बन्धमा लगायतका विषयमा छलफल भएको थियो । छलफलको क्रममा पशुपति क्षेत्र विकास कोषले छुवाछूत तथा जातीय विभेद न्यूनीकरणमा धार्मिक क्षेत्रबाट कोषबारे राष्ट्रिय दलित आयोगसँग समन्वय र सहकार्य गर्ने प्रतिबद्धता भएको छ ।

## ८. वार्षिक कार्यक्रम

राष्ट्रिय दलित आयोगको आ.व.२०७७/७८ मा स्वीकृत कार्यक्रमबाट देहाय बमोजिमका कार्यहरू सम्पन्न भएका छन् ।

१. बारम्बार सोधिने प्रश्नोत्तर निर्माण र प्रकाशन

२. राष्ट्रिय दलित आयोग एक झलक ब्रोसर छपाई

३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को सूचना समेटी प्रकाशित पम्प्लेट छपाई

४. दलित समुदायको हक हित र अधिकारका सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धी पुस्तिका प्रकाशन

५. जातीय बिभेद विरुद्धका सचेतनामूलक सूचनाहरू समेटी बि.स. २०७८ सालको वार्षिक क्यालेण्डर प्रकाशन

६. जातीय बिभेद विरुद्धका सचेतनामूलक सूचनाहरू समेटी स्पाइरल नोट कपि र डट्पेन छपाई ।

## ९. वार्षिक कार्यक्रमको प्रगति

राष्ट्रिय दलित आयोगको आ.व. २०७६/७७ मा स्वीकृत भयका र सम्पन्न भएका कार्यक्रमहरू

| सि.नं | कार्यक्रमको नाम | इकाई | लक्ष्य | प्रगति | खर्च रू |
|---|---|---|---|---|---|
| १ | वार्षिक प्रतिवेदन | पटक | १ | १ | २,९३,८००।- |
| २ | दलित अधिकार सम्बन्धी प्रवर्धनात्मक र सचेतनामूलक कार्यक्रम | जिल्ला | ७ | ६ | २१,०८,८०८।- |
| ३ | जातीय बिभेद तथा छुवाछुत अन्त्य दिवस | पटक | २ | २ | १,५७,१६०।- |
| ४ | दलित अधिकार सम्बन्धी ऐन नियमको प्रचार प्रसार (१० पटक) | पटक | १० | १० | ४,८७,६२३।- |
| | **जम्मा** | | | | ३,०४७,१९१।- |

## १०. आयोगबाट जारी भएका प्रेस विज्ञप्ती र शुभकामना सन्देशहरू

राष्ट्रिय दलित आयोगमा पदाधिकारीहरू बहाल भएपश्चात् विभिन्न समयमा निम्नानुसारका प्रेस विज्ञप्ती र शुभकामना सन्देशहरू जारी भएको छ । यसको विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ ।

१. दाङको तुल्सीपुर उ.म.न.पा.-६ मा भारतीय नम्बर प्लेटको कारभित्र दलित बालबालिकाहरू मृत अवस्थामा भेटिएको सम्बन्धमा २०७८/१/१९ गते जारी भएको प्रेस विज्ञप्ती ।

२. जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस २०७८ को अवसरमा राष्ट्रिय दलित आयोगद्वारा मिति २०७८ जेष्ठ १ गते जारी शुभकामना सन्देश ।

३. राष्ट्रिय दलित आयोग र टेलिचलचित्र 'जुठे' को लेखक/निर्देशकबीच उक्त टेलिचलचित्रका बारेमा आयोजना मिति २०७८ असार ०९ गते भएको निर्णयको विज्ञप्ती ।

४. सञ्चारकर्मी रुपा सुनारलाई जातको आधारमा कोठा दिन नमानेको र तत्कालिन नेपाल सरकारका मन्त्री आरोपितलाई छुटाउन आफै प्रहरी कार्यालयमा पुगेको सम्बन्धमा मिति २०७८/०३/१० मा जारी भएको प्रेस विज्ञप्ती ।

## ११. राष्ट्रिय दलित आयोग बैठकका महत्वपूर्ण निर्णयहरू

वि.सं. २०७७ माघ २१ गते रष्ट्रिय दलित आयोगका पदाधिकारीहरू नियुक्त हुनु भएपश्चात् २०७८ असार मसान्तसम्म राष्ट्रिय दलित आयोगको बैठकबाट भएका महत्वपूर्ण निर्णयहरूको व्यहोरा निम्नानुसार रहेको छ ।

१. राष्ट्रिय दलित आयोग ऐन २०७४ को दफा ३ (५) बमोजिम दलित समुदायकै रुपमा समाजमा रहेका तर विभिन्न कारणबाट सूचीकृत हुन नसकेका वा छुटेको समुदायहरूलाई आफू दलित भएको केही प्रमाण भए सो संलग्न गरी, नभए सम्बन्धित स्थानीय तहको किटानी सिफारिस सहित आयोगबाट सूचना प्रकाशित भएको मितिले तीन महिनाभित्र ईमेल, हुलाक वा स्वयं उपस्थित भई निवेदन दिनका लागी सूचना प्रकाशन गर्ने ।

२. हाल कायम रहेको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्न आवश्यक देखिएकोले यस आयोगको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने । निजामती सेवा ऐनम, २०४९ को दफा ६(क २) बमोजिम आयोगको कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी थप गर्नु पर्ने कारण र सो को औचित्य र उपलब्ध मानव स्रोतका आधारमा संगठन र व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने भएकोले सो गरी प्रतिवेदन पेस गर्न संगठन संरचना र दरबन्दी सिर्जना निर्देशिका, २०६३ को ५.३ (क) बमोजिम मा.सदस्य श्री मीनादेवी सोवको अध्यक्षतामा समिति गठन गर्ने ।

३. विश्वभरी माहामारीको रुपमा फैलिएको कोभिड-१९ मा सवै नागरिकहरू प्रभावित रहेका र विशेषरुपमा दलित समुदायमा बढी असर तथा प्रभाव देखिएको हुँदा निःशुल्क स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था गरी जीबिकोपार्जन, रोजगारी तथा राहतको प्रबन्ध गर्नको लागी सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण तथा पत्राचार गर्ने ।

४. आ.व.२०७८/७९ को बार्चिक बजेट तयारीको सन्दर्भमा नेपाली समाजमा बिद्यमान छुवाछूत तथा भेदभाव गन्मूलन गर्न जनचेतनामूलक योजना तथा कार्यक्रम तर्जुमा गर्ने र दलित समुदायको हक हीतको संरक्षण र सम्बर्धन तथा समुदायको सशक्तीकरण, उत्थान र विकासको लागी दलित हीतसँग सरोकार राख्ने नीति तथा कार्यक्रम निर्माण गरी दलित मैत्री बजेट बनाउनका लागी सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण तथा पत्राचार गर्ने ।

५. आयोगको बैठक सञ्चालन कार्यलाई व्यवस्थित बनाउन राष्ट्रिय दलित आयोग ऐन २०७४ को दफा १७ को उपदफा ११ बमोजिम आयोगको वैठक सञ्चालन कार्यविधी र आयोगका पदाधिकारीहरूको आचारसंहिता निर्माणका लागि मस्यौदा निर्मांण गर्न आयोगका मा. सदस्य टुञ्जे कामीको संयोजकत्वमा समिति गठन गर्ने ।

६. राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची विवरणमा पटवा, बिल्टाउ, बिन (मुखिया), मलाह (सहनी) लोहार र गोढया जात /थरहरू दलित वर्गमा पर्ने नपर्ने खुलाई पठाउन राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण बिभागको च.नं २२७० मिति २०७७/१२/२२ को पत्रबाट खुलाइ पठाउन लेखि आएको र नेपाल मलाह कल्याण संघले समेत उक्त थरहरू सूचीकृत गरिपाँउ भनी आयोगमा मिति २०७७/१२/२३ मा निबेदन दर्ता गराएको साथै हाल राष्ट्रिय दलित आयोगले थर सूचीकरणको प्रकृया अघि बढाएकोले उल्लेखित जात/थरहरू आयोगको दलित जातीय अनुसूची विवरणमा समावेश गरिने व्यहोरा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लेखी पठाउने ।

७. थर सूचीकरणको प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवालाहरूसँग यही मिति २०७८ असार २९ र ३० गते छलफल कार्यक्रम आयोजना गर्ने ।

८. यस आयोगले मिति २०७७/१२/०१ गते प्रकाशन गरेको दलित समुदाय भित्रका राष्ट्रिय दलित आयोगमा सूचिकृत हुन छुट भएका थरहरू सूचिकृतका लागि निवेदन पेश गर्ने समयावधि २०७८ जेष्ठ मसान्तमा समाप्त हुने सन्दर्भमा मुलुकमा कोभिडको संक्रमण फैलिरहेको र नयाँ थरहरू समेत दलित समुदायका हुन भनि सूचिकृतका लागि निवेदन प्राप्त हुने क्रम बढिरहेको हुँदा उक्त समयावधि बढाई २०७८ असार मसान्तसम्म कायम गर्ने निर्णय गरियो । साथै, नयाँ थरहरू सूचिकरण गर्ने सम्बन्धमा राय/सुझाव प्राप्त गर्नका लागि उक्त समायावधिभित्र दलित समुदायसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, सरोकारवाल व्यक्ति तथा निकाय र दलित मानवअधिकारीकर्मीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

८. देशका विभिन्न ठाउँहरूमा दलित समुदायका मानिसहरूमाथि दलितको अधिकार उपभोग गर्नबाट बञ्चित गरिएको, जातीय छुवाछूत तथा भेदभावमा परि ज्यान गुमाउनु पर्नेसम्मका जघन्य अपराधहरू भएका समेत दलित समुदायका मानिसहरू पिडित हुनु परेका विभिन्न घटनाहरू विभिन्न माध्ययमहरूबाट यस आयोगमा प्राप्त भइरहेको अवस्थामा पछिल्लो समयमा प्राप्त भएका निम्न घटनाहरूका सन्दर्भमा आयोगबाट तत्काल अनुगमन गर्नुपर्ने आवश्यकता महसुस गरिएको हुँदा अनुगमन टोली खटाई यथासम्भव तुरुन्त अनुगमन गर्ने निर्णय गरियो र उल्लेखित प्रकृतिका अन्य घटनाहरूमा आवश्यकता अनुसार निरन्तर अनुगमन कार्य जारी राखिने ।

क) झापा जिल्लाको कन्काई नगरपालिका वडा नं. ०५ सुरुङ्गामा गैरदलित मोहन घिमिरेले ऐ. निवासी बल बहादुर वि.क.लाई मिति २०७७ साल चैत्र महिनाको अन्त्यतिर कुटपिट गरि मारेको घटना विभिन्न माध्यमबाट आयोगमा प्राप्त भएपछि आयोगका माननीय सदस्य श्री टुन्जे कामीज्युबाट प्रारम्भिक अनुगमन गरि तत्कालिन विवरणहरू प्राप्त भएकोमा हालको अवस्थाको यथार्थ जानकारी लिनका लागि पुनः अनुगमन गरिने ।

ख) चितवन जिल्लाको राप्ती नगरपालिका वडा नं. ९ बस्ने कल्पना परियार र निजको छोरालाई छिमेकी राज कुमार श्रेष्ठ, निजको आमा र श्रीमतीले जातीय छुवाछूत र भेदभाव युक्त निच जनाउने शब्दहरू प्रयोग गरी गाली गलौज गरेको र अंग भंग समेत हुने गरी कुटपिट गरेको भनि प्राप्त भएको निवेदनका सम्बन्धमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गरिएकोमा हालको अवस्थाको यथार्थ जानकारी लिई दोषीलाई प्रचलित कानून बमोजिम कारवाहीको भागीदार बनाउनका लागि सहजिकरण हुने किसिमले अनुगमन गरिने ।

ग) भोजपुर जिल्लाको षडानन्द नगरपालिका वडा नं. १४, बोया भन्ने ठाउँमा १८ वर्षीय संगम ठटालले श्रेष्ठ थरकी १५ वर्षीय केटीलाई गत जेठ १० मा विवाह गरि भगाएकोमा भोलिपल्ट उमेर नपुगेको निहुँमा माइती पक्ष र स्थानीय जनप्रतितिनिधिले जातीय निच जनाउने अवहेलनायुक्त शब्दहरू प्रयोग गरि जातीय विभेदकै कारण केटा-केटीलाई छुट्टाइदिएकोमा त्यसको ३ दिन पछि निज संगम ठटालको शव गाउँकै जंगलमा झुन्डिएको अवस्थामा भेटिएको भन्ने समाचार प्राप्त भएकोले वास्तविकता के हो भनि यथार्थ जानकारी लिई दोषीलाई प्रचलित कानून बमोजिम कारवाहीको भागिदार बनाउनका लागि सहजिकरण हुने किसिमले अनुगमन गरिने ।

१०. यस आयोगको मिति २०७८ असार ०२ गतेको बैठकको निर्णयानुसार तराई/मधेसी समुदायका पटवा, विल्टाउ, विन (मुखिया), मलाह (सहनी), लोहार र गोढया जात/थरका मानिसहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि उक्त थरहरू आयोगको दलित जातीय अनुसूची विवरणमा समावेश गरिने व्यहोरा लेखि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लेखि पठाइएकोमा उल्लेखित थरहरू दलित जाती भित्रका नभएकाले दलित जातीय अनुसूची विवरणबाट हटाउनका लागि विभिन्न व्यक्ति तथा सँस्थाबाट लिखित तथा मौखिक रुपमा आयोगमा निवेदनहरू निरन्तर प्राप्त भइरहेको तथा सो सम्बन्धमा सरोकारवालहरूसँग छलफल तथा अन्तरक्रिया भइरहेको हुँदा उक्त निर्णय हाललाई कार्यान्वयन नगरी/नगराई यथावत राख्नका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा लेखि पठाउने ।

११. प्रस्ताव नं. १. मा छलफल गर्दा यस आयोगको मिति २०७७।१२।१९ गतेको बैठकको निर्णयानुसार आयोगका माननीय सदस्य श्री मीना देवी सोवज्यूको अध्यक्षतामा श्री अर्थ मन्त्रालय र श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सदस्य रहेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले यस आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७८ तयार गरि आयोग समक्ष पेश भएको सन्दर्भमा उक्त प्रतिवेदन स्वीकृत गरी निजामती सेवा ऐन, २०४९ को दफा ६क(२), (२क) र संगठन संरचना र दरबन्दी सृजना निर्देशिका, २०६३ को खण्ड ६ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी श्री अर्थ मन्त्रालयको सहमति लिई श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्नेछ भन्ने व्यवस्था भए बमोजिम यस आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा

श्री अर्थ मन्त्रालयको सहमतिको लागी पठाउने र सहमति प्राप्त भएपछि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्वीकृतिको लागी नेपाल सरकार, मन्त्रिपरिषद समक्ष पठाउने ।

## १२. विश्वव्यापी कोरोना महामारी र यसको असर

चीनको बुहानबाट शुरु भएर विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड -१९ को महामारीबाट नेपाल पनि अलग रहन सकेन जस्को प्रत्यक्ष असर आर्थिक क्षेत्रमा परेको छ । यस महामारीले कुनै पनि क्षेत्रलाई छाडेन तसर्थ सवै क्षेत्र धरासायी बन्दै गएको अवस्था छ । यस आयोगको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रदेश तथा जिल्ला स्तरीय कार्यक्रमहरू, विभिन्न सरकारी, गैरसरकारी र नीजि क्षेत्रसँग महत्वपूर्ण विषयमा छलफल तथा अन्तर्क्रिया, भेटघाट, सरोकारवाला समुदायका समस्याका विषयमा अन्तर्क्रिया कार्यक्रमहरू समेत कोभिड -१९ को कारण गर्न सकिएन ।

# परिच्छेद - ६
# जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी घटनाहरूको विवरण

## ६. जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी घटना, उजुरी र कारवाही तथा आयोगको सुझाव

विभिन्न पत्रपत्रिका, अनलाइन संचारका माध्यम तथा आयोगमा जातीय छुवाछूत तथा भेदभाव विरुद्ध प्राप्त उजुरीहरूको प्रकृति हेरी सम्बन्धित निकायमा पत्राचार गरी उजुरी सम्बोधनको पहल गरिएको छ । वि.सं. २०७७ गत श्रावण देखि २०७८ आषाढ सम्म प्राप्त ३६ वटा गुनासा तथा उजुरी सम्बन्धित निकायमा कानून बमोजिम कारवाहीका लागि लेखी पठाइएको छ । पत्रपत्रिकामा आएका दलित समुदायप्रति भएका विभेद तथा छुवाछूतका समाचार संग्रह गरी राखिएको छ। त्यस्ता समाचार बारे प्रहरी कार्यालयमा टेलिफोनबाट बुझ्ने तथा पत्राचार गर्ने गरिएको छ। स्थानिय तहमा दलित समुदायको हक हित र अधिकारको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने एकरुपता ल्याउन अनुगमन फाराम तयार गरिएको छ ।

## ६.१ विभिन्न पत्रपत्रिकाहरूबाट तथा आयोगमा प्राप्त जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी घटनाको विवरण

| क्र. सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७/०४/२३ | २०७७/०४/१९ गते सोमबार/माई नपा -२, इलाम | मिति २०७७/०४/२२ गते नयाँपत्रिका दैनिकमा प्रकाशित समाचार | दलितसँग बिहे गरेकी छोरीलाई सँगै बसेर बुबाको अन्तिम संस्कार गर्न दिइएन शीर्षकको उक्त समाचारमा ऐ निवासी यामकला आचार्य बिकले १२ वर्ष अघि दलित समुदायका व्यक्तिसँग विवाह गरेको कारण सबैसँग बसेर आफ्ना बुबाको अन्तिम संस्कार गर्न नदिइएको व्यहोरा उल्लेख । | * मिति २०७७/०४/२३ मा जिल्ला प्रशासन कार्यालय, इलामलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | जातीय छुवाछूत र सामाजिक तिरस्कार |
| २ | २०७७/०४/२३ | २०७७/०४/१९ गते सोमबार राती/ बुढीगंगा गापा -२ खार्जी, मोरङ्ग । | मिति २०७७/०४/२३ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित समाचार | मुसहर बस्तीमा गुन्डा लगाएर आक्रमण, प्रहरीले विना कारवाही छाडिदियो: त्रासले महिलाले गरीन् आत्महत्या, गाउँ नै त्रसित शीर्षकको उक्त समाचारमा सामान्य विवादमा ऐ निवासी सरस्वती ऋषिदेवको परिवारसँग बदला लिन स्थानीय बैजनाथ यादवले विराटनगर -१४ जतुवाबाट २० जना गुन्डा बोलाएर मुसहर समुदायमा नै आक्रमण गराई कम्तिमा ५ जनालाई गम्भिर घाइते बनाएको, घटनाका सम्बन्धमा प्रहरीले बेवास्ता गरेको र आक्रमणको त्रासले एक दलित महिलाले आत्महत्या गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/०४/२३ मा जिल्ला प्रशासन कार्यालय, मोरङ्गलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले आवश्यक छानविन सम्बन्धमा प्रहरी प्रधान कार्यालय, काठमाडौं र जिल्ला प्रशासन कार्यालय, मोरङ्गलाई लेखि पठाएको बोधार्थ पत्र मिति २०७७/०४/२९ मा प्राप्त । | जातीय कुटपिट र मृत्यू |

| क्र.सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | २०७७/०५/०२ | शुभकालीका गाउँपालिका -७, कालिकोट । | मिति २०७७/०५/०२ गते नागरिक दैनिकमा प्रकाशित समाचार | मन्दिरमा प्रवेश गर्न खोज्दा कुटिए दलित युवक शीर्षकको उक्त समाचारमा ऐ गा.पा. -८ पुरीबाडा निवासी २२ वर्षिय पंखबहादुर वि.क. ऐ गा.पा. -७, मच्छेवाडीमा धल्पुरा देवताको पुजा गर्न मन्दिर प्रवेश गर्न खोज्दा दलित भएको कारण ऐ गा.पा. निवासी ३ जना गैर दलित युवाहरूले जातीय रुपमा गाली गलौच गर्दै मरणासन्न हुने गरीकुटपिट गरेका । पीडितको खुट्टा दुई ठाउँमा भाँचिएको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/०२ मा जिल्ला प्रशासन कार्यालय, कालिकोटलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले आवश्यक कार्वाही सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, कालिकोटलाई लेखि पठाए को बोधार्थ पत्र मिति २०७७/०५/१० मा प्राप्त । | जातीय छुवाछूत र गम्भीर कुटपिट |
| ४ | २०७७/०५/१० | मिचैया नपा -४, कुथन, सिरहा । | मिति २०७७/०४/१७ गते dalitonline.com मा प्रकाशित समाचार | अध्यक्षमा दलित महिला निर्वाचित भएपछि गैर दलितहरूले लगाए स्कुलमा ताला शीर्षकको उक्त समाचारमा ऐ स्थित श्री आधारभूत विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा दलित महिला सर्वसहमतिबाट निर्वाचित भएपछि निज दलित भएकै कारण स्थानीय गैर दलितहरूले विरोध गर्दै विद्यालयमा ताला लगाएको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/१० मा जिल्ला प्रशासन कार्यालय, सिरहालाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | |
| ५ | २०७७/०५/१० | २०७७ भदौ ८ गते सोमबार राती ८ बजेतिर/मेचीनगर -१९, चारआली, झापा । | मिति २०७७/०५/१० गते nayapatrikadaily.com मा प्रकाशित समाचार | जातीय अत्याचारको यो रुप : राष्ट्रिय किर्तिमानी खेलाडीलाई पनि कुटपिट, अस्पताल भर्ना शीर्षकको उक्त समाचारमा ऐ निवासी दुर्गा श्रेष्ठ र उनकी श्रीमती विष्णु श्रेष्ठले ऐ.निवासी राजन दर्जी, नेपाल पुलिस क्लबमा आवद्ध एथ्लेटिक्स खेलाडी चन्द्रकला लामगादे र उनका श्रीमान् सुमन खातीलाई दलित भएको कारण जातीय विभेदयुक्त गाली गलौज र निर्घात कुटपिट गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/१ गते जिल्ला प्रशासन कार्यालय, झापालाई आवश्यक कार्वाहीका लागि पत्रपठाइएको ।<br>* गृह मन्त्रालयले आवश्यक कारवाही सम्बन्धमा प्रहरी प्रधान कार्यालय नक्साललाई लेखि पठाएको बोधार्थ पत्र मिति २०७७/०५/१५ मा प्राप्त । | जातीय छुवाछूत र भेदभाव एवं कुटपिट |
| ६ | २०७७/०५/१० | २०७७ साउन २३ देखि हराएको/ ललितपुरको भट्टेडाँडामा । | मिति २०७७/०५/०४ गते dalitonline.com मा प्रकाशित समाचार । | दलित युवाको निर्ममतापूर्वक हत्या : प्रहरीको लेनदेन भएको हुन सक्ने मृतक परिवारको आरोप शीर्षकको उक्त समाचारमा ललितपुर मनपा -२४ निवासी वर्ष १७ का दिपेन बर्देवा २०७७ साउन २३ गते सथीहरू सुवास थापा र राजेश तिमिल्सिनासँग घुम्न निस्केका तर लामो समय सम्म सम्पर्कमा नआएपछि प्रहरीको सहायतामा परिवारका सदस्यले खोज गर्दा ११ दिन पछि भदौ १ गतेको राति हत्या गरी ढुंगाको कापभित्र बोरामा हालिएको अवस्थामा शव भेटिएको । निर्ममतापूर्वक हत्या गरिएको मृतकका परिवारको गुनासो रहेको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/१० मा जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | हत्या |
| ७ | २०७७/०५/१५ | २०७७ साउन १८ गते/सिदिङवा गापा-३, ताप्लेजुङ । | मिति २०७७/०५/१४ गते अन्नपूर्ण पोष्टमा प्रकाशित समाचार | अन्तर्जातीय विवाह गर्नेलाई बुवाको शव हेर्नै दिइएन शीर्षकको उक्त समाचारमा ऐ निवासी राजेन्द्र बुढाक्षेत्रीले दलित समुदायकी महिलासँग विवाह गरेको कारण बुवाको मृत्यूपछि निजका दाजु र केही अन्य व्यक्तिहरूले बुवाको शव हेर्न र अन्तिम संस्कार गर्न समेत नदिइएको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/१५ मा जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | |

| क्र. सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | २०७७/०५/१५ | २०७७ भदौ १० गते बुधबार/इलाका प्रहरी कार्यालय, गरुडा, रौतहट । | मिति २०७७/०५/१४ गते अन्नपूर्ण पोष्टमा प्रकाशित समाचार | थुनुवाको मृत्यूमा प्रहरीतिरै प्रश्न शीर्षकको उक्त समाचारमा गरुडा नपा -८ जिगडिया, रौतहटका २० वर्षीय निरन्जन राम चमारको हत्याको आशंकामा स्थानीय विजय राम समेतलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय गरुडामा हिरासतमा राखिएकोमा प्रहरीको कुटपिटका कारण निज विजय राम विरामी भई उपचारका क्रममा मृत्यू भएको पीडित पक्षको दाबी तर प्रहरीका अनुसार मृगौलाको समस्याका कारण मृत्यू भएको भनी अस्पतालले जानकारी गराएको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/१५ मा जिल्ला प्रशासन कार्यालय, रौतहटलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले पत्र पठाइएको सम्बन्धमा प्रहरी प्रधान कार्यालय, नक्साललाई लेखि पठाएको पत्रको बोधार्थ मिति २०७७/०५/२२ मा प्राप्त । | मृत्यू |
| ९ | २०७७/०५/२५ | २०७७ भदौ २२ सोमबार/उर्लाबारी नपा -०४, थापाडाँगी, मोरङ्ग । | मिति २०७७ भदौ २४ गते annapurnapost.com मा प्रकाशित समाचार | घरभित्र पसेको भन्दै दलित बालिकामाथि निर्घात कुटपिट शीर्षकको उक्त समाचारमा उर्लाबारी नपा -०४, थापाडाँगीमा बस्ने १२ वर्षीय फूलसरी मग्राती (सार्की) ऐ निवासी श्रेष्ठको घरभित्र पसेको निहुँमा स्थानीय नन्दलाल श्रेष्ठ, श्रीमती निर्मला श्रेष्ठ र छोरा अमीर श्रेष्ठले बालिकालाई कुटपिट गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/२५ मा जिल्ला प्रशासन कार्यालय, मोरङ्गलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | जातीय छुवाछूत र कुटपिट |
| १० | २०७७/०५/२५ | २०७७ भदौ ११ गते/रामारोशन गापा -०२, बिरसैन, अछाम । | मिति २०७७ भदौ १७ गते nepali public.com मा प्रकाशित समाचार | दलितसँग प्रेम गरेकै कारण केशरीले गरीन् आत्महत्या, प्रेमी टमट्टालाई निर्घात कुटियो शीर्षकको उक्त समाचारमा ऐ निवासी १८ वर्षीय प्रकाश टमट्टाले केशरी रावललाई प्रेम गरेको कारण प्रेमी/प्रेमीका दुवै जनालाई मरणासन्न कुटपिट गरेको र भोलीपल्ट केशरी झुण्डिएको अवस्थामा मृत फेला परेको व्यहोरा उल्लेख । | * मिति २०७७/०५/२५ मा जिल्ला प्रशासन कार्यालय, अछामलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको ।<br>* जिल्ला प्रशासन कार्यालयले जानकारी पठाइएको सम्बन्धमा पत्र मिति २०७७/०६/१२ मा प्राप्त । | अन्तरजातिय प्रेमका कारण कुटपिट र मृत्यू । |
| ११ | २०७७/०६/०५ | २०७७/०५/१६ गते/भीमदत्त नपा -१८, शुभकामनाटोल, कञ्चनपुर । | ऐ. निवासी निवेदिका बिमला ठडराईले मिति २०७७/०६/०५मा दर्ता गराउनुभएको निवेदन । | आवश्यक सहयोग गरीदिने बारे विषयमा दर्ता गराएको निवेदन अनुसार निज निवेदिका बिमला ठडराईलाई ऐ निवासी माया नेगीले विगत ७ वर्षदेखि पटक पटक जातीय विभेद गर्दै आइरहेकोमा मिति २०७७/०५/१६ गते बेलुका अन्दाजी ४:४५ बजे दलित भएकै कारण टोल छाड्नु पर्ने भनी जातीय रुपमा गाली-गलौच र अवहेलना गरेको व्यहोरा निवेदनमा उल्लेख । | * मिति २०७७/०६/०५ मा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरलाई आवश्यक कार्वाही सम्बन्धमा पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंलाई आवश्यक कारवाही सम्बन्धमा लेखि पठाएको पत्र मिति २०७७/६/११ मा प्राप्त । | जातीय भेदभाव र गाली गलौच |
| १२ | २०७७/०६/०९ | २०७७/०६/०७ गते बुधबार/मष्टा गापा -०२, खिकाला, बझाङ । | मिति २०७७/०६/०९ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचार | गोठ हिडेकी बालिकाको शव मन्दिरभित्र शीर्षकको उक्त समाचारमा बुधबार गोठ जान भनेर हिडेकी ऐ निवासी १२ वर्षीय बालिका सम्झना कामी बेलुका अबेर सम्म घर नफर्किए पछि खोजी कार्य गर्दा साँझ नजिकैको एक मन्दरभित्र चोटपटक सहित मृत अवस्थामा फेला परेको, जिल्ला प्रहरी कार्यालय, बझाङका प्रमुखका अनुसार बलात्कार पछि हत्या भएको हुन सक्ने अनुमान रहेको व्यहोरा उल्लेख । | * मिति २०७७/०६/०९ मा जिल्ला प्रशासन कार्यालय, बझाङलाई आवश्यक कारवाही सम्बन्धमा पत्र पठाइएको । | बलात्कार पछि हत्या |

| क्र. सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | २०७७/०८/१० | २०७७ कार्तिक २२ गते/मिथिला बिहारी नपा -०६, सिरसिया, धनुषा । | ऐ. निवासी विपिन कुमार महराले मिति २०७७/०८/१० मा दर्ता गराएको निवेदन | निवेदक महराले ऐ.नगरपालिका वडा नं. ०३, मौहवाहीकी मनिता मण्डलसँग काठमाडौं जिल्ला अदालतमा कानूनी विवाह गरेकोमा हाल केटीका बुवा समेतले तल्लो जातको केटासँग विवाह गरेको भनी मिति २०७७ कार्तिक २२ गतेदेखि बन्धक बनाई राखेको र भाडाका गुण्डाको सहायतामा केटाको ज्यान मार्ने प्रयास भएको व्यहोरा उल्लेख । | * मिति २०७७/०८/११ गते जिल्ला प्रशासन कार्यालय, धनुषालाई घटनाको छानविन गरी आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | जातीय विभेद र ज्यान मार्ने धम्की |
| १४ | २०७७/०९/१५ | जानकी गा.पा. -०८, पालबजार, कैलाली । | मिति २०७७/०९/१५ गते thahaonline.com मा प्रकाशित समाचार | जातीय विभेदबाट कुटिइन् शान्ति परियार, विभेदको मुद्दा चार दिनसम्म दर्ता भएन शीर्षकको उक्त समाचारमा ऐ स्थित ऐश्वर्य आधारभूत विद्यालयका प्रधानाध्यापक (समचारमा प्राध्यापक उल्लेख) नारायणी भट्टराई र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष जानकी पुरीले विद्यालयको भवन निर्माणका क्रममा आर्थिक अनियमितता गरेको ठहर गरी लेखाजोखा माग्ने क्रममा वर्तमान अध्यक्ष शान्ति परियारलाई पदिय जिम्मेवारी समेत हस्तान्तरण नगरी जातीय भेदभावपूर्ण शब्द प्रयोग गरी गालिगलौचसँगै निर्घात कुटपिट गरेको र सो सम्बन्धमा ईलाका प्रहरी कार्यालय, टिकापुरमा जाहेरी मुद्दा दिएकोमा चार दिन बितिसक्दा पनि मुद्दा दर्ता नभएको भन्ने व्यहोरा उल्लेख । | * मिति २०७७/०९/१५ मा जिल्ला प्रशासन कार्यालय, कैलालीलाई आवश्यक कार्वाही सम्बन्धमा पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले मिति २०७७/०९/२१ मा प्रहरी प्रधान कार्यालय, नक्साल र जिल्ला प्रशासन कार्यालय, कैलालीलाई आवश्यक कारवाहीका लागि लेखि पठाएको । | जातीय भेदभाव, गाली गलौच र कुटपिट |
| १५ | २०७७/०९/२६ | मिति २०७७ पुस १६ देखि पुस २३ सम्म/दमक, झापा । | मिति २०७७/०९/२६ गते नयाँपत्रिका दैनिकमा प्रकाशित समाचार । | आठ दिन सम्म होटेलमा बन्धक बनाएर दलित बालिकामाथि बलात्कार शीर्षकको उक्त समाचारमा मोरङ जिल्ला पथरी-शनिश्चरेका २५ वर्षीय प्रकाश कार्कीले मादक पदार्थ सेवन गरी झापा गौरादहकी एक दलित बालिकालाई दमक स्थित कोरोसन एण्ड पार्टी प्यालेसको कोठा नं. १०१ मा उपर्युक्त ८ दिनको अवधिमा बन्धक बनाएर कुटपिट साथै बलात्कार गरेको र प्रहरीमा उजुरी गर्दा निज कार्कीकी आमाले बालिकालाई विभिन्न प्रलोभन र डर देखाएको भन्ने व्यहोरा उल्लेख । | * मिति २०७७/०९/२६ मा जिल्ला प्रशासन कार्यालय, झापालाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको ।<br>*गृह मन्त्रालयले मिति २०७७/०९/२९ मा आवश्यक कार्यार्थ प्रहरी प्रधान कार्यालय, नक्साललाई लेखि पठाएको । | बलात्कार |
| १६ | २०७७/१०/१९ | २०७७ माघ १७ गते राती/ भगवानपुर गापा -०३, सिरहा । | मिति २०७७/१०/१९ गते नयाँपत्रिका दैनिकमा प्रकाशित समाचार | शौच गर्न गएकी दलित किशोरीमाथि बलात्कार प्रयास शीर्षकको उक्त समाचारमा सिरहा जिल्ला भगवानपुर गापा -०३ निवासी एक १७ वर्षीय दलित बालिकामाथि सोही ठाउँका २३ वर्षीय युवक पप्पु भनीने कन्हैया यादवले बलात्कारको प्रयास गरेको, सोही राती नै निज युवकलाई प्रहरी समक्ष बुझाइएकोमा सो युवकको घरका महिलाहरूले प्रहरीबाट खोसेर पुन: भगाएको भन्ने व्यहोरा उल्लेख । | * मिति २०७७/१०/१९ गते जिल्ला प्रशासन कार्यालय, सिरहालाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | बलात्कार प्रयास |
| १७ | २०७७/११/१२ | २०७७ फागुन ०२/ काठमाडौं जिल्लाको धापासी हाइट | मिति २०७७/१०/१२ गते निवेदिका करुना विश्वकर्माले दर्ता गराएको निवेदन | शैलुङ गापा-०७, दोलखा स्थायी ठेगाना भई हाल टोखा नपा-०४, धापासी, काठमाडौं बस्ने करुना विश्वकर्मालाई ऐ निवासी माधवराज भुसालले घर भाडामा लगाउने क्रममा रु. १,०००। (अक्षरुपी एक हजार मात्र) अग्रिम लिई त्यहाँबाट फर्ने क्रममा थर सोधी विश्वकर्मा हो भन्ने वित्तिकै जातको कारण कोठा भाडामा दिन नसक्ने भनी जातीय भेदभाव गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/११/१२ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | जातीय भेदभाव |

| क्र. सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १८ | २०७७/११/१३ | कञ्चनरुप नपा-१०, बगद, सप्तरी | मिति २०७७/११/१३ गते नयाँपत्रिका दैनिकमा प्रकाशित समचार | बिहेको भोजमा दलितमाथि विभेद कारवाही गर्न प्रहरीमा उजुरी शीर्षकको उक्त समचारमा ऐ स्थानमा १९ वर्षीय सुरजकुमार पासवान र १७ वर्षीय कृष्णकुमार पासवानलाई बिहे भोजमा बोलाएर भोज खाने बेलामा जातीयताका आधारमा सँगै खान नमिल्ने भनी विभेद गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/११/१३ गते जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको ।<br>* मिति २०७७/११/१७ गते गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंलाई आवश्यक कारवाहीका लागि पत्र पठाएको । | जातीय भेदभाव |
| १९ | २०७७/११/१२ | मिति २०७७/१०/०८ गते (तदनुसार २१ जनवरी २०२१)/मोतिहारी जिल्लाको कुण्डुवा चइनपुर, विहार प्रदेश, भारत । | बस्ती व्यवस्थापक समिति खुरखुरेका नवल सिंह विकले मिति २०७७/११/१२ गते दर्ता गराउनु भएको ज्ञापन पत्र । | बर्दिया जिल्लाको बारबर्दिया नपा -०३, खुरखुरेमा बसोवास गर्ने गोरे कामीको नातिनी, खड्ग बहादुर कामीको छोरी अन्दाजी वर्ष १२ की सुमित्रा कामीको मिति २०७७ साल माघ ०८ गते (तदनुसार २१ जनवरी २०२१) भरतको विहार प्रदेश मोतिहारी जिल्लाको कुण्डुवा, चइनपुरमा निर्मम हत्या भएको र मृतकको शरीरको कुनै पनि भाग बाँकी नरहने गरी जलाइएको व्यहोरा उल्लेख । | * मिति २०७७/११/१२ गते आवश्यक कारवाहीका लागि गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई पत्र पठाइएको ।<br>* मिति २०७७/१२/१७ गते गृह मन्त्रालयले आवश्यक जानकारी सम्बन्धमा पत्र यस आयोगमा पठाएको । | निर्मम हत्या |
| २० | २०७७/११/१६ | मिति २०७७ फागुन १४ गते शुक्रबार/ बर्दिवास नपा-०३ गौरीडाँडा, महोत्तरी । | मिति २०७७/११/१५ गते नयाँपत्रिका दैनिकमा प्रकाशित समचार | जातीय विभेद गर्दै अभिभावकले दलित शिक्षक कुटे शीर्षकको उक्त समचारमा ऐ स्थित जनता मा.वि. का शिक्षक नेत्र बहादुर रम्तेलमाथि स्थानीय एक अभिभावक मनिष अर्यालले जातीय दुर्व्यवहार गर्दै कुटपिट गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/११/१६ गते जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | जातीय विभेद र कुटपिट |
| २१ | २०७७/११/१६ | २०७७ फागुन १० गते/ काठमाडौं | मिति २०७७/११/१६ गते निवेदक पदमराम टेलरले दर्ता गराएको निवेदन | सुर्नया गापा ०१, बैतडी स्थायी ठेगाना भई हाल चन्द्रागिरी नपा-११, काठमाडौं निवासी पदमराम टेलरलाई काठमाडौं म.न.पा.-३२ बस्ने गजेन्द्र बहादुर चन्दले विभिन्न वाहनामा फोनबाट जातीय आधारमा गाली गलौज गर्दै ज्यान मार्ने धम्की दिएको व्यहोरा उल्लेख । | * मिति २०७७/११/१६ गते गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई आवश्यक कार्वाहीका लागि पत्र पठाइएको ।<br>* मिति २०७७/११/१८ गते गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई आवश्यक कारवाहीका लागि पत्र पठाएको । | गाली गलौज तथा ज्यान मार्ने धम्की |
| २२ | २०७७/१२/०१ | शै.सत्र २०७७ मा/नामुण्डा विन्द्रासैनी नपा-५, दैलेख | मिति २०७७/१२/०१ गते ऐ निवासी मदन विक भद्र विकले दर्ता गराएको निवेदन | ऐ स्थित श्री देवती आधारभूत विद्यालय, बनाडामा शै. सत्र २०७७ मा नेपाल सरकारद्वारा दलित बालबालिकाको लागि प्रदान गरिएको छात्रवृत्ति विद्यालयका प्र.अ. र वि.व्य.स. अध्यक्षले हिनामिना गरेको व्यहोरा उल्लेख । | * मिति २०७७/१२/०१ गते शिक्षा विकास तथा समन्वय इकाई, दैलेखलाई जानकारी दिई जिल्ला प्रशासन कार्यालय, दैलेखलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | दलित हक अधिकार हनन |
| २३ | २०७७/१२/०२ | २०७७ मंसिर महिना पछि/शुक्लागण्डकी नपा-१२, लामागाउँ, तनहुँ । | मिति २०७७/११/२९ गते गोरखापत्र दैनिकमा प्रकाशित समचार | गाउँमा सबै दलितलाई सामाजिक बहिष्कार शीर्षकको उक्त समचारमा ऐ निवासी १४ वर्षकी दलित बालिकालाई गैर दलित युवक केश बहादुर गरुङले बलात्कार गरेकोमा गाउँमा मिलापत्र गरी अपराध लुकाउन दलित समुदायका मानिसहरूले नमानेर आरोपी जेल परेपछि पुरै दलित समुदायलाई सामाजिक बहिष्कार गरिएको व्यहोरा उल्लेख । | * मिति २०७७/१२/०३ गते जिल्ला प्रशासन कार्यालय, तनहुँलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको ।<br>* जिल्ला प्रशासन कार्यालयबाट सो घटनाका सम्बन्धमा स्थलगत जाँचबुझ गर्दा उक्त समचारमा सत्यता नभएको र कुनै व्यक्तिलाई कानूनी कारवाही गर्नु नपर्ने व्यहोराको पत्र प्राप्त । | बलात्कार |

| क्र.सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| २४ | २०७७/१२/२० | गोदावरी नपा १०, चापागाउँ, ललितपुर | ऐ बस्ने बिमला घिमिरे विकले दर्ता गराएको निवेदन | ऐ स्थायी निवासी राजु घिमिरेसँग २०६५ सालमा प्रेम विवाह भई छोरा छोरी समेत भइसकेको अवस्थामा हाल श्रीमानले तँ तल्लो जातको केटीसँग विवाह गरेर भूल भयो भनी यातना दिने, आफु समेतले मिहेनत गरी बनाएको घरमा बस्न नदिइ निकालिदिएको भन्ने व्यहोरा उल्लेख । | * मिति २०७७/१२/२२ गते आवश्यक कारवाहीका लागि गृह मन्त्रालयलाई पत्र पठाइएको ।<br>* जिल्ला प्रशासन कार्यालय, ललितपुरले महानगरीय प्रहरी परिसर, ललितपुरलाई आवश्यक कारवाहीका लागि पत्र पठाएको जानकारी प्राप्त । | अन्तरजातिय विवाह र अवहेलना |
| २५ | २०७७/१२/१८ | महाकाली नपा-३, जगौडापारी, कञ्चनपुर | ऐ निवासी सतली बादी, राधा बादी, विष्णु बादी र सुर्मा बादीले दर्ता गराएको निवेदन | निवेदकहरूले विगत २०२५ साल देखि २०५२/५३ सालसम्म उपभोग गररेको सुकुम्वासी जग्गा द्वन्दकालमा काटमार भएको कारण छोडेर भारत जानुपरेकोमा हाल गाउँमा फर्किदा उक्त जग्गामा स्थानीय विद्यालय र केही व्यक्तिले हडपेर बिभिन्न संरचना बनाएको र खेतिपाती गरेकोले विस्थापित भएको हुँदा उक्त जग्गा पुन भोगचलन गर्न पाउँ भन्ने व्यहोरा उल्लेख । | * मिति २०७७/१२/१९ गते आवश्यक कार्वाहीको लागि भूमि सम्बन्धी समस्या समाधान आयोगमा पत्र पठाइएको र मिति २०७७/१२/२३ गते जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा आवश्यक कार्वाहीका लागि पत्र पठाइएको । | भूमिबाट विस्थापन |
| २६ | २०७७/१२/२२ | धनकुटा नपा-७, धनकुटा । | ऐ निवासी नारायण विश्वकर्माले दर्ता गराएको निवेदन | ऐ स्थित श्री त्रिवेणी मा.वि.मा कार्यालय सहायक पदमा कार्यरत निवेदकको श्रीमतीलाई वि.व्य.स. सदस्य पदमा उम्मेदवार हुन नदिइएको र आफुलाई समेत दलित भएको कारण विद्यालयबाट हट्नु पर्छ भनी आतंकित बनाई विद्यालय छाड्न बाध्य बनाइएको छ भन्ने व्यहोरा उल्लेख । | * मिति २०७८/१२/२४ गते धनकुटा नगरपालिकाको कार्यालयलाई ध्यानाकर्षण सम्बन्धी पत्र पठाइएको । | जातीय भेदभाव |
| २७ | २०७८/०१/०२ | लहान नपा -२३, सिरहा/२०७७/१२/२८ गते राती ११:४५ बजे | मिति २०७७/१२/२९ गते ekantipur.com मा प्रकाशित समाचार | डकैति पछि सुनचाँदी व्यवसायीको गोलि हानी हत्या शीर्षकको उक्त समचारमा लहान नपा-२२ घरभई लहान नपा-२३, गढीया चोकमा सुनचाँदी पसल गर्दै आएका प्रदिप मिझारको उल्लेखित मितिमा हत्या भएको तथा निजकी श्रीमती अनिता दुलाल घाइते भई उपचार भइरहेकोमा हत्यको आशंकामा लहान नपा-७ का रामकृष्ण चौधरी र लहान नपा-२३ का सूर्य सहनीलाई नियन्त्रणमा लिइएको व्यहोरा उल्लेख । | * मिति २०७८/०१/०२ गते जिल्ला प्रशासन कार्यालय, सिरहालाई आवश्यक कारवाहीका लागि पठाइएको ।<br>* गृह मन्त्रालयले आवश्यक कारवाहीका लागि प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएको । | हत्या |
| २८ | २०७८/०१/०५ | वीरेन्द्रनगर-६, सुर्खेत | मिति २०७८/०१/०४ गते अन्नपूर्ण दैनिकमा प्रकाशित समचार | दलितमाथि अझै छोइछिटो शीर्षकको उक्त समचारमा विरेन्द्रनगर-६ निवासी ममता सुनार, विरेन्द्रनगर-२ निवासी बाटुली सुनार र विरेन्द्रनगर-६ निवासी रत्न बादी लगायत धेरै दलित महिलाले सार्वजनिक कुवा र पँधेरोमा समेत जातीय छुवाछूत र भेदभाव भोग्नुपरेको र विभेद गर्नेलाई कानून बमोजिम कारवाही हुन नसकेको गुनासो समेतको व्यहोरा उल्लेख । | * मिति २०७८/०१/०५ गते जिल्ला प्रशासन कार्यालय, सुर्खेतलाई सत्य तथ्य जाँचबुझ तथा कारवाहीका लागि पत्र पठाइएको ।<br>* गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई आवश्यक कारवाहीका लागि पत्र पठाएको । | जातीय छुवाछुत र भेदभाव |
| २९ | २०७८/०१/०६ | कन्काई नपा-०५, टेक्रास्थित दार्जिलिङ टोल, झापा/२०७८/१२/२६ गते राति | मिति २०७७/१२/२८ गते newnepaldainik.com मा प्रकाशित समचार | झापामा एक दलितको जातीय दर्वुयवहार गर्दै निर्घात कुटपिटबाट मृत्यु, हे दैव कहिले हट्ला यो छुवाछूत ??? शीर्षकको उक्त समचारमा निवासी बल बहादुर विश्वकर्मालाई दलित भएको कारण पटक पटक जातीय विभेद, दुर्वुयवहार, गाली गलौज र बहिष्कार गरेका छिमेकी मोहन घिमिरेले निर्घात कुटपिट गरेको कारण निज विश्वकर्माको मृत्यू भएको व्यहोरा उल्लेख । | * मिति २०७८/०१/०६ गते जिल्ला प्रशासन कार्यालय, झापालाई सत्य तथ्य जाँचबुझ तथा कारवाहीका लागि पत्र पठाइएको । | कुटपिट र मृत्यू |

| क्र. सं. | घटनाको जानकारी प्राप्त मिति | घटना घटेको मिति/स्थान | जानकारी प्राप्तिको स्रोत | घटनाको संक्षिप्त व्यहोरा | आयोगबाट भएको कारवाही/ पत्राचार विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ३० | २०७८/०१/१९ गते अघि र पछि विभिन्न मितिमा | तुल्सीपुर उमनपा-६, स्याउली बजार, दाङ/२०७८/०१/१८ गते | अधिवक्ता मोहनलाल आचार्य, अधिवक्ता भोजमान लाम्गादे समेतको प्रेस विज्ञप्ती र अन्य स्रोतहरू | ऐ स्थानमा पार्किङ गरी राखेको भारतीय नम्बर प्लेट RJ 01CC0885 को कार भित्र तुल्सीपुर-६, बरुगाउँका दलित बालकहरू करण परियार, सुवर्ण परियार र सन्दिप परियारको शव लक गरिएको गाडीभित्र नग्न तथा अर्ध नग्न अवस्थामा भेटिएको हुँदा घटना संकास्पद रहेको व्यहोरा उल्लेख । | * आयोगद्वारा प्रेस विज्ञप्ति जारी ।<br>* मिति २०७८/०१/१९ गते गृह मन्त्रलाय सिंहदरबारलाई कसुरदारलाई पक्राउ गरी कानूनी कार्वाहीका लागि पत्र पठाइएको । | संकास्पद मृत्यू |
| ३१ | २०७८/०२/१२ | लहान नपा -१५, सिरहाका दलित बस्ति | मिति २०७८/०२/१२ गते nayapatrikadaily.com मा प्रकाशित समाचार | दलित बस्तीमा ज्वरोको प्रकोपः संक्रमणकव डरले जाँदैनन् जचाउन शीर्षकको उक्त समचारमा ऐ स्थान अन्तर्गत लग्राहा(सिसवनी), बानो, बीरनगर, मेनहर्वा, ढोढनाका दलित बस्तीमा पछिल्लो तीन सातादेखि ज्वरो र रुघाखोकीको प्रकोप बढेको कारण स्वास्थ्य उपचार गराउन जान नसकेको तथा बिहान बेलुका खानाको व्यवस्था समेत गर्न नसकेको व्यहोरा उल्लेख । | * मिति २०७८/०२/१२ गते स्वास्थ्य परीक्षण तथा उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्र पठाइएको । | स्वास्थ्य समस्या र गरीबी |
| ३२ | २०७८/०२/१६ | विष्णु गापा-०७, दुलबा, सर्लाही | मिति २०७८/०२/१४ गते thahaonline.com मा प्रकाशित समचार | दलितलाई बहारी स्वीकार्न सकिन्न भन्दै गाई गोठमा राखियो, केटा फरार शीर्षकको समचारमा ऐ निवासी चाँदनी माझीलाई सोही गाउँका सिबा यादबले भागी विवाह गरे पछि दलित भएको कारण स्वीकार्न र सँगै राख्न सकिन्न भन्दै गोठमा राखेको र केटा अहिले सम्पर्कमा नआएको व्यहोरा उल्लेख । | * मिति २०७८/०२/१६ गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीलाई सत्य तथ्य जाँचबुझ तथा आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | |
| ३३ | २०७८/०२/२० | राप्ती नपा-०९, चितवन | ऐ निवासी कल्पना परियारले दर्ता गराउनुभएको निवेदन | निवेदिका कल्पना परियार र निजको छोरालाई छिमेकी राजकुमार श्रेष्ठ र चिनीमाया श्रेष्ठले दलित भएको कारण जातीय आधारमा गाली गलौज तथा कुटपिट गरेको कारण अस्पतालमा उपचार समेत गराउनु परेको व्यहोरा उल्लेख । | * मिति २०७८/०२/२१ गते जिल्ला प्रशासन कार्यालय, चितवनलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | जातीय गालीगलौज र कुटपिट |
| ३४ | २०७८/०२/२४ | २०७८/०२/१४ गते/षडानन्द नपा-१४, बोया, भोजपुर | मिति २०७८/०२/२४ गते nayapatrikadaily.com मा प्रकाशित समचार | जातीय विभेदले लियो अर्को ज्यान शीर्षकको उक्त समचारमा ऐ निवासी १८ वर्षीय संगम ठटालले ऐ निवासी १५ वर्षीय श्रेष्ठ थरकी किशोरीसँग जेठ १० मा अन्तरजातिय विवाह गरेकोमा जेठ ११ मा प्रहरी र जनप्रतिनिधिले अलग गरीदिएको र जेठ १२ देखि बेपत्ता भएका संगमको शव जेठ १२ मा गाउँकै जंगलमा झुण्डिएको अवस्थामा भेटिएको । अन्तरजातिय विवाह गरेको कारण आफ्नो छोराले ज्यान गुमाउनु परेको मृतकका आमा बुवाको भनाई रहेको व्यहोरा उल्लेख । | * मिति २०७८/०२/२६ गते जिल्ला प्रशासन कार्यालय, भोजपुरलाई सत्य तथ्य जाँचबुझ तथा आवश्यक कारवाहीका लागि पत्र पठाइएको ।<br>* जिल्ला प्रशासन कार्यालय, भोजपुरले जिल्ला प्रहरी कार्यालय, भोजपुरलाई अनुसन्धान गरी प्रतिवेदन पेश गर्नका लागि पत्र पठाएको जानकारी प्राप्त । | अन्तरजातिय विवाहका कारण मृत्यू |
| ३५ | २०७८/०३/०४ | २०७८/०३/०१ गते/काठमाडौ म.न.पा.-११, बबरमहल, काठमाडौं । | हाल ऐ निवासी रुपा सुनारले दर्ता गराएको निवेदन | तनहुँ जिल्ला व्यास न.पा.-०४, हाल परिवर्तित वडा नं. ११ घर भई हाल काठमाडौ म.न.पा ११, बबरमहल बस्ने निवेदिका रुपमा सुनारले सोही ठाउँमा अर्को घरमा डेरा खोज्ने क्रममा घरधनी सरस्वती प्रधानसँग सम्पूर्ण कुराहरू मिलेर कोठा दिने पक्का भइसकेपछि सुनारले आफु कामीको छोरी भएको कुरा जानकारी गराउँदा घरधनी प्रधानले कोठा दिन नमानेको र पछि खबर गर्छु भन्ने बाहानामा कोठा नदिई पठाएको व्यहोरा उल्लेख । | * मिति २०७८/०३/०४ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | जातीय भेदभाव |
| ३६ | २०७८/०३/३० | २०७८ सालको नयाँ वर्षको दिन/ मध्यविन्दु नपा-०९, बसन्तपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ऐ निवासी थर बहादुर विश्वकर्माले दर्ता गराएको निवेदन | ऐ निवासी विष्णु प्रसाद भण्डारीले निवेदक विश्वकर्मालाई नयाँ वर्ष २०७८ सालको अवसरमा बनभोज खाने क्रममा दलित भएको कारण जातीय छुवाछुत तथा भेदभाजन्य व्यवहार गरेको कारण आफ्नो आत्मसम्मानमा चोट पुगेको व्यहोरा उल्लेख । | * मिति २०७८/०३/३० गते जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)लाई आवश्यक कारवाहीका लागि पत्र पठाइएको । | जातीय छुवाछूत र भेदभाव |

## राष्ट्रिय दलित आयोगको

# घटना विवरण अभिलेख

## आर्थिक वर्ष २०७७/०७८

**आ.व.२०७७/७८ मा आयोगमा प्राप्त उजुरी /घटनाहरूको प्रकृति**

| उजुरी/घटनाको प्रकृति | संख्या | कैफियत |
|---|---|---|
| दलित हक अधिकार हनन | १ | |
| जातीय छुवाछूत र भेदभाव | १० | |
| कुटपिट र  मृत्यू | २ | |
| कुटपिट | ६ | |
| बलात्कार र मृत्यू | १ | |
| बलात्कार | १ | |
| अन्तरजातीय विवाह/प्रेम र मृत्यू | ३ | |
| अन्तरजातीय विवाह/प्रेम | २ | |
| हत्या/मृत्यु | ४ | |
| अन्य प्रकृति | ६ | |
| जम्मा | ३६ | |

यस आयोगमा पर्न आएका वा बिभिन्न सञ्चारका माध्यममा प्रकाशित समाचार अनुसार आयोगको ध्यानाकर्षण भई जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सम्बन्धित निकायमा पत्राचार हुनुको साथै यस आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरूबाट उल्लेखित घटनाहरूको सम्बन्धमा स्थलगत अनुगमन भएको छ । उल्लेखित घटनाहरूमा मानीनयहरूबाट भएको अनुगमनको साराशं देहाय बमोजिम रहेको छ ।

**७. माननीय सदस्य मिनादेबी सोवद्वारा गरिएको विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी घटनाको स्थलगत अनुगमन प्रतिवेदन**

**७.१ चितवन जिल्लाको अध्ययन प्रतिवेदन**

**७.२ पृष्ठभूमि**

चितवन जिल्ला राप्ती नगरपालिका वाड नं.०९ बस्ने एकल महिला कल्पना परियारलाई तिमी डुम, दमिनी किन यहाँ आएको भनी नानाथरी गाली गलौज, अश्लील शब्द र जातीय सम्मानमा आँच आउने खालका शब्द प्रयोग, हातपात, लछार पछार गरी छोराको दायाँ कुइनो फुत्काई अपमानजनक गाली गलौज तथा जातीय विभेद गरेको  घटनामा कल्पना परियारको मिति २०७८/०२/१६ गतेको राष्ट्रिय दलित आयोगमा प्राप्त निवेदनमा राष्ट्रिय दलित आयोगबाट खटिई गएको अनुगमन टोलीले

सो घटनाको अवस्थाका बारेमा जानकारी लिने उद्देश्यले मिति २०७८/०३/०७ गते राष्ट्रिय दलित आयोगको माननीय सदस्य श्री मिनादेवी सोवको टोलीले अनुगमन गरेको थियो ।

## ७.३ स्थलगत अनुमनका क्रममा प्राप्त तथ्य, सुझाव र निष्कर्षहरू

७.३.१ चितवन जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामीछानेसँगको छलफल अन्तर्क्रियामा प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेले चितवन जिल्ला राप्ती नगरपालिका वाड नं.०९ बस्ने एकल महिला कल्पना परियारलाई अपमानजनक गाली गलौज गरी जातीय विभेद गरेको विषयमा राष्ट्रिय दलित आयोगबाट पत्र प्राप्त हुना साथ म आफैले पीडित महिला कल्पना परियारलाई फोन गरी जानकारी लिए, पीडित महिला कल्पना परियारबाट जानकारी लिनासाथ जिल्ला प्रहरी कार्यालयलाई कारवाही अगाडी बढाउन निर्देशन पछि मुख्य पीडक राजकुमार श्रेष्ठलाई प्रहरी नियन्त्रणमा राखिएको र अदालतमा बयानका लागि पेश हुने जानकारी प्राप्त भएको ।

७.३.२ पीडित एकल महिला कल्पना परियारको घरमा पुगी राष्ट्रिय दलित आयोगबाट खटिइ गएका टोली र एकल महिला कल्पना परियारसँग र दलित अधिकारकर्मी सिमा घतानी बिश्वकर्मा, लक्ष्मण बिश्वकर्मा र अन्य उपलब्ध ब्यक्तिहरूसँगको छलफल अन्तर्क्रियामा धेरै पहिले ब्याजमा ऋण लिएको ब्याज सहित पहिले नै तिरी सकेको थिए केही रिसइवी पनि थिएन । गाउँमा छिमेकीको पैसा र सामान हराएको भनेर भेला जम्मा भएको देखेर खै के भएको रहेछ भनेर हामी आमा छोरा मानिस भेला भएका ठाउँमा गयौ । पुग्दा अन्यायवालाहरूले तिमी डुम, दमिनी किन यहाँ आएको भनी नानाथरी गाली गलौज, अस्लील शब्द र जातीय सम्मानमा आँच आउने खालका शब्द प्रयोग गरी म र मेरो छोरीलाई हातपात गरी लछारपछार गरी छोराको दायाँ कुइनो फुत्काई दिएको । मैले अन्याय सहन नसकी राष्टिय दलित आयोगमा अपमानजनक गाली गलौज गरी जातीय विभेद गरेको रइलाका प्रहरी कार्यालय खैरेनी चितवनमा ज्यान मार्ने उद्योगमा निवेदन दिइ अहिले  मुख्य पीडक राजकुमार श्रेष्ठलाई प्रहरी नियन्त्रणमा राखिएको छ। अन्य दुई जान लाई हाल सम्म नियन्त्रणमा लिइनसकेको जानकारी प्राप्त भयो । जातीय विभेदको कसुरमा जाहेरी हुनु पर्नेमा इलाका प्रहरी कार्यालय खैरेनी चितवनमा ज्यान मार्ने उद्योगमा निवेदन दिई राजकुमार श्रेष्ठलाई प्रहरी नियन्त्रणमा राखिएको छ ।

# ८. कैलाली र कञ्चनपुर जिल्लाको अध्ययन भ्रमण प्रतिवेदन

## ८.१ पृष्ठभूमि

नेपालको संविधाको धारा २५५ बमोजिम गठित राष्ट्रिय दलित आयोग दलित समुदायको संरक्षण सम्वर्द्धन गर्ने सर्वोच्च आयोग हो । दलित आयोगको सदस्यको हैसियतले यही मिति २०७८ फागुन १४ गतेदेखि २३ गतेसम्म सुदूरपशिचम प्रदेशमा भ्रमण गर्न विभिन्न कार्यक्रम, समुदायसँग छलफल भेटघाट, अध्ययन, बहस समवन्य गरी, सम्वाद गरी दलितहरुको हित, संरक्षण, सम्वर्द्धनमा सहयोग

पुग्ने गरी दलित आयोगको नीति नियम, मूल्य मान्यता अनुरुप कामकाज सम्पन्न गरेर यो प्रतिवेदन पेश गरेको छु ।

**८..२ भ्रमणको उद्देश्यः**

- दलित समुदायसँग भेटघाट गरेर समस्या पहिचान गर्ने
- समस्या समाधानका बारेमा दलित आयोग मार्फत वकालत गर्ने ।
- दलित समुदायका समस्यालाई स्थानीय, प्रदेश, संघीय सरकारलाई जानकारी गराएर समाधानमा लाग्न अनुरोध, सुझाव तथा निर्देशन दिने ।

**८.३ धनगढीमा दलित समुदायको बीचमा अन्तरक्रिया छलफल विषयवस्तु**

- जातीय छुवाछूत समस्या ।
- छुवाछूत समस्याले परेको असर ।
- छुवाछूत अन्त्यका लागि राज्य सरकारबाट भएका पहल कदमी र उपलब्धी ।

**८.४ राष्ट्रिय दलित आयोगको भूमिका र कार्यक्षेत्र**

- समुदायबाट उठान गरेका विषयवस्तु ।
- राज्य सरकार संविधान र ऐन कानूनमा छुवाछूतको अन्त्य भएता पनि व्यवहारिक रुपमा दलित समुदायले छुवाछूतको मार खेपी रहेको ।
- अधिकांश दलित समुदायहरु भूमिहिन रहेका कारण आर्थिक अवस्था नाजुक रहेको छ ।
- रोजागरीका अवसरबाट वञ्चित हुँदा अधिकांश युवायुवती भारत जानु परेको ।
- पैतृक पेशा लोप हुँदै गएको ।
- राज्यबाट विशेष सेवा सुविधाको व्यवस्था हुनुपर्ने ।

८.५ **२०७७/११/१८ गते :** बेलुका महेन्द्रनगरका SP उमा प्रसाद चतुर्वेदीसँग भेटघाट गरेर दलित समुदायका समस्यामा आउने मुद्दा मामिलामा ऐन कानूनमा कुनै कमजोरी नगरी कार्यान्वयन गरिदिन छलफल भयो ।

८.६ **२०७७/११/२० गतेः** गोदावरी नगरपालिका वडा नं. ११ बागे सालमा पूर्व गाविस अध्यक्ष मानसिंह वि.क.को अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा ३५ जना सहभागी रहेका थिए । सहभागीहरुलाई राष्ट्रिय दलित आयोगको परिचय दलित समस्या समाधानका उपायका बारेमा छलफल भयो ।

८.७ **२०७७/११/२१ गते :** अत्तरिया झलारी यात्रा झलारीमा भेटघाट गरेर फर्कदै गर्दा कञ्चनपुर जिल्ला गुलरियामा चढेको गाडी र स्कुटर बीच दुर्घटना भएको हो । दुर्घटनामा गाडीमा सवार कसैलाई चोट नलागेको तर गाडीमा ठूलो क्षति भएर मर्मतको लागि धनगढी ग्यारेजमा रहेको छ । स्कुटरमा सवार उषा थापा कृष्णपुर न.पा. वडा नं. घर ठेगाना भएकोलाई गम्भीर चोट लागेर उपचारार्थ हुनुहुन्छ । वहाँ स्कुटर पूर्ण रुपमा क्षतविच्छेद भएर मर्मतमा रहेको छ । गल्ती स्कुटरकै भएता पनि ठूलो गाडी

भएका कारण घाइतेको औषधि उपचार र स्कुटरको मर्मत गर्ने सहमतिमा अगाडि बढिरहेको अवस्था छ ।

## ८.८ सुझावहरू

- प्रदेश कार्यालय स्थापना गरी आयोग प्रभावकारी ढंगले परिचालित हुनु पर्नेछ ।
- आयोगले दलित समुदायको बीचमा चेतनामुलक आयमुलक रोजगारमुलक कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- विद्यमान ऐन कानूनको प्रभावकारी कार्यान्वयन र थप कानून निर्माण गर्नुपर्ने देखिन्छ ।

# ९. माननीय सदस्य मेहले पार्कीद्वारा गरिएका विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी घटनाको अनुगमन प्रतिवेदन

## ९.१ सर्लाही जिल्लाको अनुगमन प्रतिवेदन

## ९.२ पृष्ठभूमि

सर्लाही जिल्ला बिष्णु गाउँपालिका वाड नं. ०७ दुलबाकी चाँदनी माझीलाई सोही गाउँका शिव राय यादवले भागी विवाह गरेर घरमा लगेको केटी दलित भएकोले बुहारी स्वीकार्न र संगै बस्न नसक्ने भन्दै गाई गोठमा छुट्टै राखि जातीय विभेद गरेको घटनामा राष्ट्रिय दलित आयोग बाट खटि गएको अनुगमन टोलीले सो घटनाको अवस्थाका बारेमा जानकारी लिने उदेश्यले मिति २०७८/०३/०६ गते राष्ट्रिय दलित आयोगको माननीय सदस्य मेहल पाकीको टोलीले अनुगमन गरेको थियो ।

## ९.३ स्थलगत अनुमनका क्रममा प्राप्त तथ्यहरू

९.३.१ सर्लाही जिल्ला प्रशासन कार्यालयका प्रमख जिल्ला अधिकारी श्री हेमराज तामाङ, सर्लाही जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्री सन्तोष सिं राठोर र सर्लाहीको महिला शान्ति सेवा केन्द्रका अध्यक्ष बनिता कार्कीसँगको छलफल अन्तर्क्रियामा प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङले सर्लाही जिल्ला बिष्णु गाउँपालिका वाड नं. ०७ दुलबाकी चाँदनी माझीलाई सोही गाउँका शिव राय यादवले भागी विवाह गरेर घरमा लगेको केटी दलित भएकोले बुहारी स्वीकार्न र संगै बस्न नसक्ने भन्दै गाई गोठमा छुट्टै राखिएको अवस्थामा आफ्नो अदेशमा जिल्ला प्रहरी कार्यालयको सक्रियतामा महिला शान्ति सेवा केन्द्रको सेफ हाउसमा सुरक्षित राखिएको र बाँकी कारवाही अगाडि बढाउन प्रहरी उपरीक्षकलाई निर्देशन भैसकेको र प्रहरी कार्यालयबाट चाँदनी माझीको जाहेरी निवेदन अनुसार अपहरण शरीर बन्धक पछि बलात्कार मुद्दामा केटा शिव राय यादवलाई प्रहरी नियन्त्रणमा राखिएकोछ । आवाश्यक अनुसन्धानको प्रकृया पछि मुद्दा अदालतमा पेश गरिने जानकारी प्राप्त भएको ।

९.३.२ केटी चाादनी माझीले पनि केटा शिव राय यादवले मलाई धोका दियो अब उसँग विवाह गर्दैन मेरो माईती घरमा जान्छु भनेकी छिन् । सर्लाही जिल्लाका दलित अधिकारकर्मी राजेश पासवान र अन्य उपलब्ध व्यक्तिहरूसँगको छलफल अन्तर्क्रियामा पीडित चाँदनी माझी

मुसहर समुदायकी दलित जातीकी भएकी र केटा शिव राय यादव तराईको उच्च जाती भनीने भएकोले केटा शिव राय यादव र चाँदनी माझी बीच विवाह गर्ने सहमतिमा केटा शिव राय यादवले लगि काकाको घरमा राख्यो । केटा शिव राय यादव भागेर गयो । केटाको घरपरियारले मलाई दलितकी छोरी लाई बुहारी मान्न सक्दैनौं भनी गाईको गोठमा राखेर धोका दिएकोले जातीय विभेदको कसुरको अपराध भएको जानकारी प्राप्त भयो ।

## ९.४ सुझाव सिफारिस तथा निश्कर्ष :

उक्त जातीय विभेदको घटनामा शिव राय यादव र चाँदनी माझी बीच विवाह गर्ने सहमति भयो । दलित भएकोले बुहारी स्वीकार्न र संगै बस्न नसक्ने भन्दै गाई गोठमा छुट्टै राखिएको अवस्थामा प्रमुख जिल्ला अधिकारीज्युको अदेशमा जिल्ला प्रहरी कार्यालय, महिला शान्ति सेवा केन्द्र, मानव अधिकार आयोग र सञ्जालको संयुक्त टोलीले उद्धार गरी ल्याएर महिला शान्ति सेवा केन्द्रको सेफ हाउसमा राखेको ४५ दिन पछि आफन्त आमा बुवाको जिममा लगाउने तयारी  अपहरण शरीर बन्धक पछि बलत्कार मुद्दा जाहेरी भएको पाईयो । केटा शिव राय यादवलाई प्रहरी नियन्त्रणमा राखिएकोछ । उक्त घटना अपहरण शरीर बन्धकपछि बलत्कार मुद्दा हो या जातीय विभेदको कसुर सजाय तथा केटी चाँदनी माझीको उमेर १९ वर्ष ७ महिना २० दिन भएको छ  त्यसैले कुन कसुरमा कारवाही चलाउने र पीडित चाँदनी माझी कसरी न्याय पाउन थप अध्ययन तथा अनुसन्धान गरी सम्बन्धित निकायमा आयोगको तर्फबाट थप पहल गरिनु पर्ने देखिन्छ ।

## ९.५ सुर्खेत र दैलेख जिल्लाको अनुगमन प्रतिवेदन

### ९.५.१ पृष्ठभुमी

सुर्खेत र दैलेख जिल्लामा जातीय विभेद सम्बन्धमा अनुगमनको क्रममा  कर्णाली प्रदेशका मुख्य मन्त्री, मन्त्रीहरू सांसदहरू, नगरपालिका प्रमुखहरू, प्रदेश मन्त्रालयका सचिवहरू, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक, इलाका प्रहरी कार्यालयका प्रहरी अधिकृत, नगरपालिका प्रशासकीय अधिकृतहरू दलित नागरिक समाजका अगुवाहरू बिचमा अन्तरक्रियात्मक छलफल, जातीय विभेद सम्बन्धी जानकारी लिने र सरोकारवाला निकायलाई जातीय विभेद अन्त्यका लागि जिम्मेवारी बनाउने तथा जातयि विभेद अन्त्य गर्ने उद्देश्य रहेको थियो ।

### ९.५.२ कार्यक्रम तथा अनुगमनको उद्देश्य

- समाजमा हुने जातीय विभेद अन्त्य गर्न सहयोग गर्ने ।
- समाजमा हुने जातीय विभेद अन्त्य सम्बन्धी भएका संवैधानिक तथा कानूनी प्रावधानहरूलाई जानकारी गराउने ।
- दलित र गैर दलित विच अन्तर घुलन सम्बन्धका बारेमा छलफल गर्ने ।
- जातीय विभेदका घटनाहरूको बारेमा प्रहरी  प्रशासन र जनप्रतिनिधिहरू तथा सरोकारवाला व्यक्ति एवं निकायहरूलाई उत्तरदायी बनाउने ।
- दलित समुदायलाई अधिकार प्रति जिम्मेवार बनाउने ।

### ९.५.३ कार्यक्रम तथा अनुगमनबाट प्राप्त तथ्यहरू

९.५.३.१ कर्णाली प्रदेशका मुख्य मनत्री महेन्द्र बहादुर शाही र कर्णाली प्रदेशकी कानूनमन्त्री सीता नेपालीसँग कार्यकक्षामा कर्णालीमा दलित सशक्तिकरण विधेक र राष्टिय दलित आयोगको प्रदेश कार्यालय स्थापनाको सम्बन्धमा भएको छलफलमा कर्णालीमा दलित सशक्तिकरण विधेक तयारी अवस्थामा रहेको हाल सदन अवरुद्ध भएको छ सदन सुचारु भएमा यसलाई पहिलो प्रथामिकतामा राखी पास गराइ कार्यन्वयनमा ल्याउने प्रतिवद्धता प्राप्त भयो । यसै गरि राष्टिय दलित आयोगको प्रदेश कार्यालय स्थापनामा आवाश्यक सहयोग गर्ने प्रतिवद्धता प्राप्त भयो ।

९.५.३.२ सुर्खेतको लेकवेसी नगरपालिकाको हलमा भएको स्थानीय दलित जनप्रतिनिधिहरूको छलफल अन्तरक्रिया कार्यक्रममा जिल्लाको सदरमुकाम बाहेकका गाउँ बस्तीहरूका सार्वजनिक स्थलमा जातीय विभेद कायमै रहेको । दलित हरूमाथिको होचो हेलाको दृष्टिले हेर्ने चलन कायमै रहेको । स्वयम दलित भित्रको विभेद पनि कायमै रहेको । राजनितिक रुपमा असमावेशीता कायमै रहेको । दलितहरूले आफु माथिको अपमानको विरुद्धमा प्रतिकार गर्न सकेको नसकेको । राज्यको तर्फबाट हालसम्म जातीय विभेद विरुद्धका गरिएका प्रयासहरूलाई प्रभावकारी कार्यन्वयन हुन सकेको जानकारी प्राप्त भयो ।

९.५.३.३ जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक र प्रहरी अधिकृत नरेश वि.क. सँगको छलफलमा जातीय विभेद सम्बन्धी उजुरीका विषयमा भएको छलफलमा हाल सुर्खेत जिल्लामा जातीय विभेद तथा अन्तरजातीय प्रेम र अन्तरजातीय विबाहका घटना सम्बन्धमा कुनै जाहेरी दर्ता नभएको जानकारी प्राप्त भयो । आउदा दिनमा यस्ता उजुरी आएमा दर्ता गरी कारबाही चलाउने प्रतिवद्धता प्राप्त भयो ।

९.५.३.४ नेपाल दलित मुक्ति अभियान कर्णाली प्रदेशका अध्यक्ष जनम बहादुर वि.क. लगायतका पदाधिकारीहरू सँगको छलफलमा रुपा सुनारको जातीय विभेदको घटनाको बारेमा रुपा सुनारलाई भएको अन्यको बारेमा तत्काल कारबाही गर्न दबावका लागि कर्णालीको प्रदेश सरकारलाई माग सहित ज्ञापन पत्र बुझाउने सम्बन्धमा छलफल भै मुख्यमन्त्री समक्ष ज्ञापन पत्र बुझाएको छ ।

९.५.३.५ दैलेख जिल्लाको गुराँसे नगरपालिका प्रमुख प्रशासकिय अधिकृत जातीय विभेद सम्बन्धी उजुरीका विषयमा भएको छलफल ।

## ९.६ कार्यक्रम तथा अनुगमनको निष्कर्ष

सुर्खेत र दैलेख जिल्लाको अनुगमन गरिएका मन्त्रालय,सरकारी कार्यालय तथा बस्तीहरूमा दलित आयोगको अनुगमनबाट जातीय विभेद अन्त्यका लागि सकारात्मक सोच पैदा भएको स्वयम् दलित समुदायका ब्यक्तिहरूमा आफु माथिको विभेद विरुद्धमा आवाज उठाउन जागरुक भएको तथा सामाजिक अन्तरघुलन सम्बन्ध सामाजिक सदभाव कायम गर्न उत्प्रेरितको भावना पैदा भएको छ ।

### ९.७ कार्यक्रम तथा अनुगमनको सुझावहरू

सुर्खेत र दैलेख जिल्लाको अनुगमनबाट प्राप्त तथ्यको आधारमा तपसिलमा उललेखित सुझाव प्रस्तुत गर्दछु ।

९.७.१ कर्णालीमा दलित सशक्तीकरण विधेयक र राष्टिय दलित आयोगको प्रदेश कार्यालय स्थापनाको सम्बन्धमा निरन्तर सम्पर्कमा रहि छिटो भन्दा छिटो पारित गराइ कार्यन्वयनमा ल्याउन आयोगबाट थप पहल गर्न जरुरी भएकोले सोही अनुसार पहल कदमी अगाडी बढाउनु पनै देखिन्छ ।

९.७.२ अन्तरजातीय प्रेम सम्बन्धबाट बैबाहिक जोडिहरूलाइ माइतीको घरमा सहज तरिकामा आवत जावतका लागि वातावरण मिलाउन आयोगको तर्फबाट विशेष कार्य योजना बनाई कार्यान्वयन गरिनु पर्ने आवाश्यकता देखिन्छ ।

९.७.३ जातीय विभेद अन्त गर्न बनेका संवैधानिक र कानुनी प्रावधानहरूलाई दलितहरू र अन्य सरोकारवालाहरू बीच  अन्तरक्रियात्मक तथा अभिमुखी कार्यक्रम सञ्चालन गरि सुस्पष्ट पार्नु पर्ने देखिन्छ ।

## १०. दोलखा जिल्लाको अनुगमन प्रतिवेदन

### १०.१ पृष्ठभुमी

दोलखा जिल्लामा जातीय विभेद सम्बन्धमा अनुगमनको क्रममा  जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक, भिमेश्वर नगरपालिका का वडा नं. ६ का दलित  समुदायका ब्यक्तिहरू, वडा नं. ७ का वडा पालिकाका जनप्रतिनिधिहरू तथा वडा पालिकाका सचिव एवं  मकैवारीका दलित बस्ती ब्यक्तिहरू र सोही वडा नं. ७ मकैवारीको श्री हरिकीर्तन अधारभूत विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र वडा नं. ८ बोझ गाउँका दलित बस्तीका दलित समुदायका ब्यक्तिहरू बीचमा अन्तरक्रियात्मक छलफलमा जातीय विभेद सम्बन्धी जानकारी लिने र सरोकारवाला निकायलाई जातीय विभेद अनत्यका लागि जिम्मेवारी बनाउने तथा जातीय विभेद अन्त्य गर्ने उद्देश्य रहेको थियो ।

### १०.२ कार्यक्रम तथा अनुगमनको उद्देश्य

- समाजमा हुने जातीय विभेद अन्त्य गर्न सहयोग गर्ने ।
- समाजमा हुने जातीय विभेद अन्त्य सम्बन्धी भएका संवैधानिक तथा कानूनी प्रावधानहरूलाई जानकारी गराउने ।
- दलित र गैर दलित विच अनतरघुलन सम्बन्धका बारेमा छलफल गर्ने ।
- जातीय विभेदका घटनाहरूको बारेमा प्रहरी  प्रशासन र जनप्रतिनिधिहरू तथा सरोकारवाला ब्यक्ति एवं निकायहरूलाई उत्तरदायी बनाउने ।
- दलित समुदायलाई अधिकार प्रति जिम्मेवार बनाउने ।

### १०.३ कार्यक्रम तथा अनुगमनबाट प्राप्त तथ्यहरू

दोलखा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव घिमिरेसँगको जातीय विभेद सम्बन्धमा भएको छलफलमा हाल दोलखा जिल्लामा जातीय विभेद तथा अन्तरजातीय प्रेम

र अन्तरजातीय विबाहका घटना सम्बन्धमा कुनै जाहेरी दर्ता नभएको जानकारी प्राप्त भयो । त्यस्तै जिल्ला स्तरमा रहेको जातीय भेदभाव तथा छुवाछूत अन्त्य सम्बन्धी जिल्ला समन्वय समितिको हाल सम्म बैठक नबसेको बैठक बोलाउन खोज्दा प्रधानमन्त्री कार्यालयमा सम्पर्क गर्दा दलित आयोग गठन नहुदा समन्वय समिति सक्रिय थियो अहिले संवैधानिक आयोग गठन भै सके पछि समन्वय समितिको भूमका नरहने भएकोले बैठक बस्न नसकेको जानकारी प्रापत भयो ।

दोलखा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक श्री भेषराज रिजालसँगको जातीय विभेद सम्बन्धी उजुरीका विषयमा भएको छलफलमा हाल दोलखा जिल्लामा जातीय विभेद तथा अन्तरजातीय प्रेम र अन्तरजातीय विबाहका घटना सम्बन्धमा कुनै जाहेरी दर्ता नभएको जानकारी प्राप्त भयो । आउदा दिनमा यस्ता उजुरी आएमा दर्ता गरी कारबाही चलाउने प्रतिवद्धता प्राप्त भयो ।

दोलखा जिल्ला भिमेश्वर नगरपालिका पालिका वडा नं. ७ मकैबारीको वडा पालिका कार्यालयका सचिव श्री रिषी दाहाल र जनप्रतिनिधिहरू सँग दलित लक्षीत बजेटका कार्यक्रहरूको विषयमा भएको छलफलमा तल उल्लेखित अनुसार जानकारी प्रापत भयो ।

क) दलित लक्षित बजेटका रुपमा सिपमूलक आयआर्जनमा बाख्रा पालन, पन्चेबाजा र आरनका लागि थोरै बजेट विनियोजन गरी लक्षित समुदायमा ब्यबसायीक रुपमा प्रयोग भएको जानकारी प्राप्त भयो ।

ख) केन्द्रबाट जनता आवास कार्यक्रमका लागि वडामा १० जना आवास विहिनहरूको नामावली मागेकोमा दलित बाहेकका गैर दलितहरूका नाम छनौट गरी पठाएको जानकारी प्राप्त भयो ।

ग) भिमेश्वर नगरपालिका पालिका वडा नं. ७ मकैबारीमा हाल ८ वटा जोडीहरू दलितका केटा र गैर दलितकी केटी बीच प्रेम सम्बन्ध भै प्रम विबाह भएको र हाल केटी पक्षका माइती गैर दलित भै दलितसँग विबाह गरिन भन्दै माइती घरमा आउन जानमा रोक लगाएको जानकारी प्राप्त भयो ।

१०.३.१ भिमेश्वर नगरपालिका वडा नं. ७ मकैबारीको श्री हरिकीर्तन अधारभूत विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू सँग प्रधानाध्यपकको कार्यकक्षामा भएको छलफलमा विद्यालय ब्यबस्थापन समिति जम्मा ९ जनामा दलित महिला २ जना, दलित ४ जना गरि ६ जना दलितहरूको प्रतिनिधित्व भएको पाइयो । शिक्षकमा दलित शिक्षक १ जना र विद्यालयमा भर्ना भएका छात्रा छात्रहरूमा ७० प्रतिशत दलित बालबालिकाहरू नियमित अध्ययन गरी रहेको पाइयो तर दलित बालबालिकाहरूमा गरीविका कारण कपी, झोला र पोशाक अपुग भएको जानकारी प्राप्त भयो ।

१०.३.१ भिमेश्वर नगरपालिका वडा नं. ७ मकैवारीका दलित बस्तीका अघुवा श्री भिमसेन नेपाली र दलित जन प्रतिनिधि तारा मंग्रातीसँग भएको छलफलमा जातीय विभेद कायमै रहेको कतिपय सार्वजनिक स्थलमा समेत दलितहरूले भेदभाव सहनु परेको जानकारी प्राप्त भयो ।

१०.३.३ भिमेश्वर नगरपालिका वडा नं. ६ धरमघरका दलित बस्तीका श्री कृष्ण बहादुर कामी, र

शम्भू कामी दलित जनप्रतिनिधिहरूसँग भएको छलफलमा जातीय विभेद कायमै रहेको कतिपय सार्वजनिक स्थलमा समेत दलितहरूले भेदभाव सहनु परेको जानकारी प्राप्त भयो ।

## १०.४ कार्यक्रम तथा अनुगमनको निष्कर्ष

- दोलखा जिल्लाको अनुगमनबाट प्राप्त तथ्यको आधारमा तपसिलमा उललेखित सुझाव प्रस्तुत गर्दछु ।
- अन्तरजातीय प्रेम सम्बन्धबाट बैबाहिक जोडिहरूलाई माइतीको घरमा सहज तरिकामा आवत जावतका लागि वातावरण मिलाउन आयोगको तर्फबाट विशेष कार्य योजना बनाई कार्यन्वयन गरिनु पर्ने आवाश्यकता देखिन्छ ।
- जातीय विभेद अन्त गर्न बनेका संवैधानिक र कानुनी प्रावधानहरूलाई दलितहरू र अन्य सरोकारवालाहरू बीच अन्तरक्रियात्मक तथा अभिमुखी कार्यक्रम सञ्चालन गरी सुस्पष्ट पार्नु पर्ने देखिन्छ ।
- दलितहरूलाई शिक्षाको मुल प्रवाहमा ल्याउन दलित बालबालिकाहरू लाई छात्रवृत्ति, खाजा, झोला तथा पोशाकको लागि सम्बन्धीत निकायहरूमा पहल गरी उपलब्ध गराउन सहजिकरण गर्न आवाश्यक छ ।

## ११. माननीय सदस्य टुञ्जे कामीद्वारा गरिएको विभिन्न जिल्लाको जातीय विभेद सम्बन्धी घटनाको स्थलगत अनुगमन प्रतिवेदन

## ११.१ झापा जिल्लाको अध्ययन प्रतिवेदन

## ११.२ पृष्ठभूमि

नेपालको संविधानको धारा २५५ बमोजिम गठित राष्ट्रिय दलित आयोग, दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहीचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्बन्धित कानून एवं कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने सन्दर्भमा राष्ट्रिय दलित आयोगको सदस्यको हैसियतले यही मिति २०७८ बैशाख ०१ गतेदेखि ०७ गतेसम्म प्रदेश नं १ को झापा जिल्ला कन्काई नगरपालिका वडा नं ०५ सुरुङ्गामा गैर दलित मोहन घिमिरेले ऐ. निवासी बल बहादुर वि.क लाई कुटेर मारेको घटनाको अनुगमन गरी प्रतिवेदन पेश भएको छ ।

## ११.३ भ्रमणको उद्देश्य

क. दलित समुदायका व्यक्तिमाथि भएको घटना बारे अनुगमन गर्ने ।

ख. सत्यतथ्य बारे सम्पूर्ण जानकारी लिई समस्या समाधानको बारेमा दलित आयोग मार्फत सम्बन्धित निकायसँग पीडितको पक्षमा वकालत गर्ने ।

ग. दलित समुदायका समस्यालाई स्थानीय सरकारलाई जानकारी गराएर समाधानमा लाग्न अनुरोध र सुझाव दिने ।

### ११.४ सुझावहरू

- यस अवधिमा भएका सम्पूर्ण छलफल तथा भेटघाटको निष्कर्षबाट अपराधको छानविन भई पिडक/अपराधीलाई निजको नातीसहित पक्राउ परेको व्यहोरा अवगत गराउन चाहन्छु। साथै अनुगमन उपलब्धिमुलक रहेको र भविष्यमा पनि दलित समुदायको सशक्तीकरणका लागि आयोग प्रभावकारी ढंगले परिचालित भइरहने छ।
- राष्ट्रिय दलित आयोगले दलित समुदायको उत्थानको लागि विभिन्न किसिमका कार्यक्रमहरू धेरैभन्दा धेरै संचालन गर्न जरुरी छ।
- साथै प्राप्त सूचना र विभिन्न दलित समुदायसंग सम्बन्धित दुर्घटना तथा जानकारी अनुसार राष्ट्रिय दलित आयोगले प्रत्यक्ष उपस्थित भई कार्यक्रमहरू तय गर्दा प्रभावकारी हुनाले दलित समुदायको संरक्षणमा मद्दत पुगिरहेको छ।
- देशका तीनै तहका सरकारहरू मार्फत कार्यक्रमहरू गर्दा दलित समुदायको उत्थान, विकास र सशक्तिकरण तीव्र गतिमा हुन सक्छ।
- राष्ट्रिय दलित आयोगको विभिन्न शाखा कार्यालयहरू पनि स्थापना गर्नुपर्ने देखिन्छ। जसले गर्दा धेरै संख्यामा सो वर्गका समुदायहरूलाई सेवा प्रदान गर्न सहज हुनेछ।

## १२. भोजपुर जिल्लाको घटना अनुगमन

भोजपुर जिल्ला षडानन्द नगरपालिका बोया वडा नं. १४ संगम ठटाल वर्ष १९को केटा र सोही ठाँउमा बस्ने श्रेष्ठ थरकी १८ वर्षीय केटीसँग मिति २०७८/२/१० गते भागी विवाह भएको थियो। मिति २०७८/२/१२ गते संगम ठटालको आत्महत्याबाट मृत्यु भएको भनिए पनि सो घटना सामान्य नभई मृत्यु गराइएको हुनसक्ने शंका गरिएको छ। भोजपुरका प्रमुख जिल्ला अधिकारीसँग मृतक संगम ठटालको आत्महत्याको विषयमा भेटघाट गरियो। वहाँले अनुसन्धानको प्रक्रियामा रहेको कुरा खुलाउनु भयो। जिल्ला प्रहरी कार्यालयमा डि.एस.पी.लाई मिति २०७८/०३/११ गते भेटियो घटना आफै नभै गराएको हुनसक्ने विषयमा कुरा गर्दा शंका गरिए पनि सो मृत्यु आफैले आत्महत्या गरेको हो भन्नु भयो। यद्यपि मुद्दा प्रक्रियामै छ। छानविन हुदै छ भन्नु भयो। त्यसै गरी दलित अगुवा दलित मुक्ति अभियान्ताहरू रोहित विश्वर्मा, दुर्गा नेपाली, सम्पन्न परियार, मेनुका परियार, विमल रणपहेली, लाल ब. वि.क. सँगको भेटघाट पछि मृतक संगम ठटालको आत्महत्याबाट मृत्यु भएको थियो भन्ने कुरामा शंका रहेको कुरा गर्नु भयो। सोही विषयमा आत्महत्या की हत्या, मृत्यु कसरी भएको हो सो विषयमा आमा बुवाले आत्महत्या आफै गरेको हो भन्ने कुरा बोल्नु भएको छ। दवावमा हो वा सत्य हो त्यसको छानविन हुँदैछ। यस विषयमा गाउँले, आफन्त छिमेकीहरूसँग भेटी छलफल गरियो।

## १३. मोरङ्ग र ओखलढुङ्गा जिल्लाको घटना अनुगमन

जिल्ला मोरङ्ग गाँउपालिका कानेपोखरी वडा नं. ०५ पीडित डुकादेवी दर्जी र ओखलढङ्गा तापकेडाँडा वडा नं. ३ को जातीय विभेद सम्बन्धी घटनामा यस आयोगका माननीय सदस्य श्री टुञ्जे कामीद्वारा घटना भएको स्थानमा स्थलगत निरीक्षण र अध्ययन तथा आवश्यकतानुसार सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया गर्नुभयो।

# परिच्छेद-७
# आयोगको विद्यमान अवसर, चुनौती र सुझावहरू

## ७. दलित समुदायको हक हित तथा जातीय विभेद तथा छुवाछूत सम्बन्धी विद्यमान अवसर, चुनौती र सुझावहरू

नेपालको संविधानको प्रस्तावनामा नै सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्ने उल्लेख गरिएको छ। मौलिक हकमा दलितको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, सामाजिक न्यायको हकलाई कानून बनाई लागु गर्ने उल्लेख गरिएको छ। दलित समुदायको हक हितको संरक्षणका लागि राष्ट्रिय दलित आयोगको गठन सम्बन्धी व्यवस्था नेपालको संविधानमा भएको छ। जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ तथा जातीय भेदभाव तथा छुवाछूत  भेदभाव (कसूर र सजाय) नियमावली, २०७४ लगायतका कानूनी व्यवस्था गरिएको छ। दलितको हक हित तथा उत्थानका लागि निजामती सेवा ऐन, प्रहरी ऐन, भूमि सम्बन्धी ऐन लगायतका क्षेत्रगत ऐनहरूमा विशेष व्यवस्था गरिएता पनि वास्तविक रुपमा लक्षित वर्गहरू अझै समेट्न नसकिरहेको अवस्थामा दलित समुदायको हक हित तथा जातीय विभेद तथा छुवाछूत सम्बन्धी विद्यमान अवसर, चुनौती र सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

### ७.१ अवसर

- राष्ट्रिय दलित आयोग संवैधानिक आयोग भएकोले यसको भूमिका र कार्य सर्वस्वीकार्य र व्यापक भएको छ।
- समानुपातिक समावेशीको सिद्धान्त अनुसार राज्यका संरचनाहरूमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित भएकोले दलित हक हित र अधिकारका विषयहरू राज्यका संयन्त्रहरूमा प्रवेश भएको छ।
- जातीय बिभेद विरुद्ध सचेतनाको विस्तारसँगै यस विषयमा नागरिक संलग्नता, समन्वय र सहकार्यको वातावरण बन्दै गएको छ।
- दलित हितका सम्बन्धमा भएका नीतिगत व्यवस्थाहरूको अध्ययन गरी त्यसमा गर्नुपर्ने सुधारका विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्थाले दलितमैत्री नीतिहरू तर्जुमा हुने अवसर सिर्जना भएको छ।
- प्रदेशस्तरमा राष्ट्रिय दलित आयोगको कार्यालय स्थापना मार्फत जातीय बिभेदमा न्यूनीकरणमा आयोगको भूमिका बढाउन सकिने अवस्था विकास भएको छ।
- जातीय विभेद तथा छुवाछूतको विषयमा नागरिक समाज र सचेत व्यक्ति तथा संस्थाको चासो बढेकोले आयोगलाई उनीहरूसँग सहकार्य गर्ने अवसर प्राप्त भएको छ।

### ७.१.१ चुनौतिहरू

- राज्यले समावेशीकरणको नीति अवलम्बन गरेको सन्दर्भमा राज्यका सबै तह र निकायमा समावेशीताको व्यवस्थाका लागि कानूनी सुनिश्चितता भएको छ। तर व्यवहारमा राजनीतिक

निर्णयका मुख्य तह, कार्यकारी संरचनाका निर्णायक स्थान तथा न्यूनतम योग्यता तोकिएको अवस्थामा समावेशीताको सिद्धान्तलाई व्यवहारमा अनुभूत गर्न नसकिएकाले समावेशीकरणको अर्थपूर्ण कार्यान्वयन चुनौतिपूर्ण देखिएको छ ।

- दलित समुदाय समाजको तल्लो तहमा रहेको समुदाय हो । राज्य र कानूनले यस समुदायको अधिकार, हित र प्रतिनिधित्वको सुनिश्चितता गरे पनि अशिक्षा, चेतनाको कमी, कमजोरमानसिकता र आत्मबलका कारण आफ्ना हक, अधिकार प्राप्तिका लागि अग्रसर हुन नसकि रहेको अवस्था छ । तसर्थ ती समुदाय र वर्गलाई आफ्ना हक अधिकार प्रति सचेत गराउनु र कानूनी व्यवस्था कार्यान्वयनका लागि अग्रसर हुन सवल बनाउनु चुनौतिपूर्ण छ ।
- समाजमा घट्ने विभेदका घटनाहरू न्यायिक र कानूनी निरुपणका लागि प्रक्रियामा जानु अगावै गैर कानूनी मेलमिलापका लागि प्रयास गरिनु, कानूनको दायराबाट वाहिर निकाल्ने प्रयत्न हुने, तथ्य र यथार्थभन्दा फरक तवरले सामाजिक सञ्जाल र सूचना प्रशारणका अन्य माध्यमबाट दवाव सिर्जना हुने र कतिपय अवस्थामा घटनाको परियोजनाकरण समेत हुने देखिएकाले सबै घटनालाई कानूनी दायरामा ल्याउने, पीडितलाई न्याय दिलाउने तथा दोषीउपर कारवाही गर्ने कार्यमा चुनौती थपिएको छ ।
- विभिन्न क्षेत्र र स्थानमा विभाजित रुपमा क्रियाशिल गैर सरकारी संस्थाहरू आ-आफ्नो रुपले क्रियाशिल छन् । ती सबैलाई एकीकृत प्रणालीमा आवद्ध गरी तिनबाट प्रवाह हुने स्रोत, तिनबाट सम्पादित हुने क्रियाकलापलाई लक्ष्यमुखी वनाई दलित समुदायलाई उपलब्धी हुने गरी परिचालन गर्न चुनौतीहरू छन् ।
- राज्यले संघीय प्रणाली अवलम्बन गरी सकेको सन्दर्भमा दलित आयोगका कार्यक्रम संचालन र दलित अधिकार कार्यान्वयनका लागि सुस्पष्ट संरचना बनी नसकेको, संघीयताको अनुभव लामो नभएको अवस्थामा सबै तहका सरकारको समान बुझाई, एउटै लक्ष्य र गतिका साथ अगाडि बढ्न चुनौतीपूर्ण अनुभव भएको छ ।
- जातीय र अन्य विभेदमा परेका वर्ग र समुदाय तथा त्यसका लागि स्थापित संयन्त्रको एकल प्रयासले मात्र सम्भव छैन । जातीय विभेदको अन्तका लागि अन्य वर्ग, क्षेत्र र समुदायको भूमिका पनि महत्वपूर्ण हुन्छ । अशिक्षा, अज्ञानता, अन्धविश्वास र विभेदको चरम रुप, विद्यमान नै रहेको हाम्रो जस्तो समाजमा विभेद अन्तका लागि सबै समुदाय, वर्ग र क्षेत्रको साझा एजेण्डाका रुपमा तय गरी क्रियाशिल हुन चुनौतीपूर्ण देखिएको छ ।
- साधन र स्रोतको सिमितताले गर्दा आयोगले आफ्ना क्रियाकलापलाई अगाडि बढाउन सकेको छैन । मौजुदा संगठन संरचना बमोजिम र उपलब्ध स्रोत, साधन परिचालन गरी संवैधानिक जिम्मेवारी पूरा गर्न चुनौतिपूर्ण छ ।
- समावेशी प्रणाली बमोजिम विभिन्न तहका सरकारमा दलित समुदायका प्रतिनिधित्व सुनिश्चित भएको सन्दर्भमा प्रतिनिधिमा अन्तरनिहित क्षमताको कमी र न्यूनताले आफ्ना

समुदाय लक्षित कार्यक्रम, क्रियाकलाप, सिर्जनशिल र दवाबमुलक भूमिका निर्वाह हुन नसकेको अवस्था चुनौतिपूर्ण देखिएको छ ।

- आयोगले आफ्नो भूमिका निर्वाह गर्न वहु क्षेत्र समन्वय र साझेदारी गर्न आवश्यक छ तर समन्वय, सहकार्य र साझेदारीको सुस्पष्ट मार्गचित्र विभेद अन्तका लागि क्रियाशिल निकाय, संघ/संस्थालाई संजालिकरण गरी कार्य अगाडि बढाउनु चुनौतिपूर्ण छ ।
- आयोगप्रति दलित समुदायको ठूलो आशा र अपेक्षा छ । तर आयोगको कार्यक्षेत्र भूमिका, संरचना, क्षमताले ती अपेक्षा पूरा हुन सक्दैन । यस्तो अवस्थामा आयोगप्रति समुदायको विश्वास अक्षुण राख्नु चुनौतिपूर्ण छ ।

### ७.२.१ समस्याहरू

- दलित समुदायको हक, अधिकार संरक्षण/कार्यान्वयन, यो समुदायको सशक्तीकरण, मुलप्रवाहीकरण र सामाजिक, आर्थिक विभेद अन्तका लागि संवैधानिक कानूनी व्यवस्थाहरू गरिएको छ तर संविधान, कानूनका व्यवस्थाहरू कार्यान्वयन नहुनु, कार्यान्वयनमा गएका व्यवस्थालाई नतिजामुखी बनाउन नसकिनु, कानून निर्माण भए पश्चात कार्यान्वयन नहुँदा कानून कार्यान्वयन गर्ने निकायलाई कार्यान्वयन प्रति जवाफदेही र उत्तरदायी बनाउने संयन्त्र नहुँदा उत्पीडनमा परेको वर्ग र समुदायमा निरासा उत्पन्न हुनु र राज्य प्रतिको आसा, अपेक्षा, विश्वास र भरोसा बढाउन नसकिने अवस्थाको सिर्जना हुने जोखिम विद्यमान रहनु ।
- राष्ट्रिय दलित आयोगको संवैधानिक दायित्व पूरा गर्न आवश्यक पर्ने स्रोत, साधन, जनशक्ति उपलब्ध हुन नसकेको । संवैधानिक आयोगका रुपमा क्रियाशिल रहेर भूमिका निर्वाह गर्न आवश्यक पूर्वाधार, साधन स्रोतको व्यवस्थापन नहुँदा आवश्यक देखिएका क्षेत्रमा Proactvly क्रियाशिल हुन नसकिएको ।
- दलित समुदायमाथि हुने विभेद र असमानताका घटनालाई मानव अधिकार उल्लंघनका घटनाका रुपमा लिई अनुसन्धान, तहकिकात, कारवाही गर्ने प्रणालीका रुपमा लिन नसकिएको । सामाजिम मनोविज्ञान, धार्मिक कानूनको प्रभाव, चेतनाको कमी, शिक्षाको न्यून स्तर जस्ता पक्षले उल्लिखित विभेद र असमानतालाई सामान्य घटनाका रुपमा लिने, कानूनको दायराभन्दा बाहिर राखी मिलापत्रमा जोड दिने र राज्यका निकाय कतिपय अवस्थामा उदासिन देखिने अवस्थाले दलित समुदायको मानव अधिकार हननको अवस्थामा अपेक्षित सुधार हुन नसकेको ।
- मानव अधिकार र अन्य आयोगका रुपमा क्रियाशिल आयोगहरूका बीचमा साझा मुद्दा, सवाल र विषयमा सूचना, अनुभव, क्षेत्रगत साझेदारी, समन्वय, सहकार्यको लागि आवश्यक संजाल निर्माण हुन नसकेकोले साझा सवालहरूमा एकीकृत र सामाजिक रुपले क्रियाशिल हुन नसक्दा, एकल रुपमा गरिएका प्रयासको स्वर मलिनो सुनिने, कमजोर देखिने र नतिजा प्राप्त नहुने अवस्था रहेको ।

- राज्य संयन्त्रका विभिन्न क्षेत्र, पद, भूमिकामा प्रतिनिधित्व गर्ने, जन प्रतिनिधिहरूको क्षमता अपेक्षित रुपलेविकास हुन नसकेको अवस्थामा ती निकाय तथा क्षेत्रलाई दलितमैत्री बनाउन नसकिएको ।
- तीन तहका सरकारका बीचमा दलित समुदायको उत्थान, विकास, सशक्तीकरण, सम्मान र पहिचानका लागि आवश्यक पर्ने स्रोत, साधन, कार्यक्रमको समन्वय गर्ने Vertical र Horizontal संयन्त्र प्रभावकारी नभएको ।
- दलित समुदायमा विद्यमान ज्ञान, सीप, विशेषज्ञतालाई समयानुकुल परिमार्जन, परिष्कृत, विकसित र उन्नतिकरण गर्ने प्रयास फलदायी हुन सकेको छैनन् । बजार संयन्त्रको प्रतिकुल प्रभावले परम्परागत पेशाहरू लोप हुने अवस्थामा पुगेका छन् परिणामस्वरुप सिंगो दलित समुदाय थप गरीब, सिमान्तकृत, बेरोजगार र आर्थिक रुपले वहिस्करणमा पर्ने अवस्था देखिएको छ ।
- सार्वजनिक सेवा प्रवाहलाई दलित समुदायमैत्री बनाउन सकिएको छैन । शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका मानवीय आवश्यकताका सेवामा दलित समुदायको सर्वसुलभ पहुँच स्थापित भएको पाइँदैन । सार्वजनिक सेवामा हुने विभेद, सामाजिक सरोकारका विषयको सहभागीतामा हुने अवरोध, दलित हक कार्यान्वयनमा सरोकारवाला समस्याको उदासिनता जस्ता पक्षले दलित समुदायको मानवीय विकासको अवस्था कमजोर भएको छ ।
- जातीय विभेद र छुवाछूत विरुद्ध विभिन्न संयन्त्रहरू निर्माण र गठन भएका छन् । केन्द्रीय तह देखि स्थानीय तहसम्म गठन गरिएका यस्ता संयन्त्रहरू स्वचालित, स्वतःस्फूर्त रुपमा क्रियाशिल हुन सकेका छैनन् । यी सबै संयन्त्रहरू नतिजामुखी रुपले Functional नहुँदा विभेद, वहिष्करण, सामाजिक अवरोध, छुवाछूत लगायतका घटना नियन्त्रण, अनुसन्धान, कारवाही गर्न जटिलता उत्पन्न भएका छन् ।
- भेदभाव, उत्पीडन, विभेद विरुद्ध समाज र सामाजिक संघ/संस्थाको भूमिका र क्रियाशिलता महत्वपूर्ण हुन्छ । यस्ता सामाजिक संघ संस्थाहरू, नागरिक समाज, गैर सरकारी क्षेत्रलाई निश्चित भूमिका सहित परिचालन गर्न नसकिदा शासकीय अभ्यासको महत्वपूर्ण क्षेत्र नागरिक समाज, नागरिक अभियान, सामाजिक परिचालन कमजोर बनेको छ ।
- सरकारबाट जारी भएका नीति, कानूनहरूको प्रगति मूल्याङ्कन र कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्ने परिपाटी संस्थागत नहुँदा कानून कार्यान्वयनका उपलब्धी, कार्यान्वयनमा देखिएका समस्या, सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गरी कानूनलाई नविनतम, समय सापेक्ष, कार्यान्वयनयोग्य र समस्या समाधान उन्मुख बनाउन सकिएको छैन ।
- कानूनतः राज्यका सबै तह र निकाय समावेशी र दलितमैत्री छन् तर व्यवहारमा सरकारका सबै तह र निकायबाट समावेशीकरणको मर्म अनुसार दलित समुदायको समग्र अवस्था सुधारका लागि साधन, स्रोत विनियोजन र योजना निर्माणमा उदासिनता देखाउँदा दलित विभेदरहित समाज निर्माणको गति सुस्त हुन पुगेको छ ।

### ७.२.२ सुझावहरू

आयोग र दलित समुदायको मानव अधिकारको संरक्षण, सशक्तीकरण, विभेदको सन्दर्भमा उल्लिखित चुनौतीको सामना र समस्याको समाधानको लागि देहाय बमोजिमका सुझाव कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

### ७.२.१ कानून कार्यान्वयनको क्षेत्रहरू

- विभेद न्यूनीकरण, दलित हक अधिकार स्थापना लगायतका विषयमा कार्यान्वयनमा रहेको कानूनलाई पूर्ण कार्यान्वयनको व्यवस्था मिलाउने । कार्यान्वयनको अवस्थाको विश्लेषण गरी कार्यान्वयनमा विद्यमान समस्या समाधानको व्यवस्था मिलाउने ।
- कानून कार्यान्वयनको जिम्मेवारी प्राप्त निकाय, पदाधिकारी, व्यक्तिलाई कार्यान्वयन प्रति संस्थागत र व्यक्तिगत तवरले जिम्मेवारी र उत्तरदायी बनाउने । कानून कार्यान्वयनमा हुन सक्ने उदासिनता प्रति राज्यले निरन्तर अनुगमान, मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने ।
- कानूनमा उल्लेख भएका व्यवस्थालाई समय सीमा र उपलब्धी सहितको कार्य योजना बनाई लागूगर्ने । कानून निर्माणकै वखत कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधनको यकिन गरी कार्यान्वयनका चरणमा उपलब्ध हुने सुनिश्चित गर्ने ।
- लागू भएका नीति तथा कानूनलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा लैजाने ।
- कानून कार्यान्वयनका एकाईहरूको संस्थागत क्षमता विकासमा ध्यान दिनुपर्ने साथै कानूनका प्रावधानलाई नागरिक तह सम्म सम्प्रेषण गर्न सामुदायिक संस्था, नागरिक समाज, प्रेस तथा संचार क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।

### ७.२.२ संस्थागत सुधारका क्षेत्रमा

- संवैधानिक आयोग, राष्ट्रिय दलित आयोग लगायत अन्य आयोगका क्षमता विकास गर्ने । संविधानले निर्दिष्ट गरेको भूमिका र कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत, साधन, पूर्वाधार, जनशक्तिको व्यवस्था गर्ने ।
- संविधानको प्रावधान अनुसार आयोगका प्रदेश स्तरका कार्यालय अविलम्ब स्थपना गर्ने व्यवस्था मिलाउने ।
- अन्य आयोग, सरकारी निकाय यस क्षेत्रमा क्रियाशिल संघ संस्था, नागरिक समाज लगायतसँग साझा सवाल र विषयमा समन्वय र सहकार्यका लागि संयन्त्र गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।
- समाजका विभिन्न सवाल र नविनतम प्रवृत्तिका विषयमा संचार क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्थासँग निरन्तर छलफल र अन्तरक्रियाका लागि सम्वद्ध निकायमा संस्थागत संयन्त्र बनाउने ।

### ७.२.३ सार्वजनिक सेवाका क्षेत्रमा

- सार्वजनिक सेवा प्रवाह तथा दलित समुदायलाई राज्यले उपलब्ध गराउने भनी गरेका घोषण, प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयनको व्यवस्था मिलाउने जस्तै- भूमी, आवासको अधिकार

लगायत शिक्षा, स्वास्थ्य, रोजगारीका विषयलाई तत्काल संवोधन गरी कार्यान्वयन गर्ने ।

- सार्वजनिक सेवामा दलित समुदायको पहुँचलाई सुनिश्चित गर्न राज्यबाटै उपलब्ध हुने तथा अन्य क्षेत्रबाट प्रवाह हुने सेवाका संयन्त्रलाई दलितमैत्री बनाउने व्यवस्था मिलाउने । सेवा पाउने अधिकारलाई सुनिश्चित गर्ने, सेवा प्रदायक आवश्यक निकायमा दलित समुदायको सहभागिता मिलाउने, सहजीकरण आवश्यक पर्ने सेवामा दलित डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने ।
- प्राकृतिक विपत्ति, प्रकोप, महामारी जस्ता अवस्थामा समाजको तल्लो तहमा रहने वर्ग, बाढी पीडित प्रभावित बनेको सन्दर्भमा यस्तो अवस्थामा रहेका दलित समुदायको जीवन अन्य नागरिक सरह बनाइ समानता कायम गर्न विशेष व्यवस्था मिलाउने ।

### ७.२.४ सरकारबाट संचालित कार्यक्रमका क्षेत्रमा

- दलित समुदायको वर्तमान अवस्था, मानव सूचकांकको आधार, सामाजिक उत्पीडन, विभेद र वहिस्करणको ऐतिहासिक तथ्यका आधारमा यस समुदायको विकास र समुन्तिका लागि आवश्यक देखिएको कार्यक्रम निर्माण र बजेटको सुनिश्चितता गर्ने ।
- दलित समुदायका परम्परागत ज्ञान, सीप र क्षमतालाई आधुनिक प्रविधिमा आधारित, स्तरोन्नति र प्रतिस्पर्धी बनाई बजारीकरण गर्ने कार्यक्रमहरू संचालन गर्न आवश्यक देखिएको छ। परम्परागत सीपलाई बजारीकरण मार्फत दलित समुदायलाई स्वरोजार बनाउने तर्फ प्रयत्नशील रहने । साथै आधुनिक बजारमा सामुहिक उत्पादन, त्यसको ब्राण्डिङ्ग र बजारीकरणका सम्भाव्यता खोज गरी कार्यक्रम संचालन गर्ने ।
- विभिन्न निकाय र संस्थाबाट संचालन हुने कार्यक्रममा निश्चित मापदण्ड तय गर्ने । सरकारको प्राथमिकताका क्षेत्रमा कार्यक्रम संचालन गर्न स्रोत साधनलाई संजालिकरण गर्ने तथा समग्र कार्यक्रम संचालनमा स्थानीय तहको भूमिका वृद्धि गर्ने ।

### ७.२.५ सामाजिक परिचालनका क्षेत्रमा

- विभेद विरुद्धका अभियान तथा कार्यक्रममा समग्र समाजको परिचालनका लागि समाजका अगुवा, सामाजिक अभियन्ता, लब्ध प्रतिष्ठित व्यक्ति लगायत समाजका विशिष्ठ स्थान बनाएका व्यक्तिहरूको परिचालन र सहकार्यमा सामाजिक अभियान, सामाजिक जागरण तथा सामाजिक सचेतनाका कार्यक्रमहरू संचालन गर्ने ।
- विभेद न्यूनीकरणका लागि समाजमा भएका असल अभ्यास, साहसिक प्रयत्न, उल्लेखनीय कार्यलाई Role Model का रुपमा प्रचार प्रसार गरी विभेद न्यूनीकरण विरुद्धका प्रयास, अभ्यास र कार्यलाई उत्प्रेरित गर्ने ।
- गै.स.स. नागरिक समाज लगायत समाजका पेशागत, वौद्धिक, प्रवुद्ध वर्गसँग सहकार्य, समन्वय, साझेदारीलाई संस्थागत गर्न नियमित अन्तरक्रिया र छलफल गर्ने व्यवस्था गर्ने ।

### ७.२.६ समावेशीकरण र मुलप्रवाहीकरणका क्षेत्रमा

- राज्यले समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरीसकेको सन्दर्भमा राज्यका निर्णायक

तह, कार्यकारी तह, राजनैतिक दलका सर्वोच्च संयन्त्र लगायतका समावेशीकरणको सिद्धान्त बमोजिम समावेशी बनाउने व्यवस्थालाई अनिवार्य गर्न आवश्यक देखिएको ।

- योग्यता र विशेष ज्ञान आवश्यक पर्ने क्षेत्रमा समावेशीकरण अनुसार छनौटका लागि जटिलता देखिएको सन्दर्भमा उल्लिखित समस्या समाधानका लागि दिर्घकालीन नीति सहित क्षमता विकास, सशक्तीकरणलाई प्राथमिकता दिने ।
- विभिन्न तहमा निर्वाचित दलित जनप्रतिनिधिको क्षमता विकासमा विशेष कार्यक्रम संचालन गरी आफ्नो पदीय जिम्मेवारी र भूमिकामा सशक्त र सक्रिय भूमिका निर्वाह गर्न अभिमुखीकरण गर्ने ।

**७.२.७ समसामयिक क्षेत्रमा**

- शासकीय अभ्यासमा संलग्न व्यक्ति तथा पदाधिकारीका व्यवहार, सरकारी संयन्त्रका सबै संगठनात्मक संरचनालाई दलितमैत्री बनाउने, छुवाछूत र विभेद नहुने कानूनी व्यवस्थालाई सार्वजनिक पदाधिकारीको व्यवहारबाट जनमानसमा सन्देश प्रवाह गर्ने ।
- विद्यालय तहको शिक्षामा सामाजिक विभेद, छुवाछूत, असमानता जस्ता पक्षलाई पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गर्ने ।
- स्थानीय तहको बजेट निर्माण प्रक्रियामा दलित समुदाय लक्षित कार्यक्रमहरूलाई प्राथमिकता दिने ।
- जातीय छुवाछूत तथा भेदभाव विरुद्ध गठित समिति, संयन्त्र तथा संस्थाहरूलाई क्रियाशिल र सक्रिय बनाउने ।
- सामाजिक विभेदका घटनाहरूलाई कानूनको दायरामा ल्याउन विशेष अभियान संचालन गर्ने । कानून बमोजिम दण्डित गर्ने प्रणाली स्थापनाका लागि सबै निकाय र क्षेत्रका बीचमा प्रभावकारी समन्वय र साझेदारी गर्ने ।
- गम्भीर र विशेष प्रकृतिका घटना तथा अपराधलाई सम्बन्धित विषयलाई विशेष प्राथमिकता दिई द्रुत Fast Tract सुनुवाइको व्यवस्था मिलाउने ।
- दलित समुदायको आर्थिक समृद्धि, आय-आर्जन, रोजगारी जस्ता क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्ने ।

अनुसूची - १

# हाल आयोगमा कार्यरत कर्मचारी विवरण

| क्र.स | नाम, थर | पद | शाखा | कैफियत |
|---|---|---|---|---|
| १. | श्री नवराज ढुङ्गाना | सचिव | कार्यालय प्रमुख | |
| २. | श्री मनिता श्रेष्ठ | उप सचिव | अधिकार प्रवर्द्धन शाखा | |
| ३. | श्री बिमला महत गौतम | उप सचिव | प्रशासन तथा योजना शाखा | |
| ४. | श्री मेखबहादुर मंग्राती | शाखा अधिकृत | अधिकार प्रवर्द्धन शाखा | |
| ५. | श्री भोजराज श्रीपाइली | शाखा अधिकृत | प्रशासन तथा योजना | |
| ६. | श्री रमेश पाण्डे | लेखापाल | आर्थिक प्रशासन | |
| ७. | श्री अमित परियार | ना.सु | प्रशासन तथा योजना | |
| ८. | श्री रुक्मनी गुरुङ | ना.सु | जिन्सी शाखा | |
| ९. | श्री चिजमाया बिश्वकर्मा | का.स. | पुस्तकालय | |
| १०. | श्री जुना के.सी. | का.स. | प्रशासन तथा योजना | |
| ११. | श्री जितबहादुर सुनार | ह.स.चा | - | |
| १२. | श्री गोपी मिजार | ह.स.चा | - | |
| १३. | श्री राम बिश्वकर्मा | ह.स.चा | - | |
| १४. | श्री रविन्द्र पुर्कुटी | ह.स.चा | - | |
| १५. | श्री खड्ग बहादुर सार्की | ह.स.चा | - | |
| १६. | श्री नमराज विश्वकर्मा | ह.स.चा | - | |
| १७. | श्री निर्मला बिश्वकर्मा | का.स. | - | |
| १८. | श्री तुलसा हिङमाङ | का.स. | - | |
| १९. | श्री जुनामाया बिश्वकर्मा | का.स. | - | |
| २०. | श्री सुधा सार्की | का.स. | - | |
| २१. | श्री ईश्वरराम लुहार | का.स. | - | |
| २२. | श्री सरिता लुहार | का.स. | - | |

# अनुसूची – २

# आ.व. ०७७/७८ को खर्चको फाँटवारी

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं.: २२४००३४०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण

२०७७/७८ साल

राष्ट्रिय दलित आयोग २०७५

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : राष्ट्रिय दलित आयोग[२२४०००११३]
कार्यालय / आयोजनाको नाम :
आयोजना रहेको स्थान :

| दातृ निकाय | खर्च संकेत | स्रोतको | | शुरू बजेट | संशोधन /रकमान्तर/ श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | | थप | घट | | | | | |
| २१११२ | १.१.७.१-अध्यक्ष | नेपाल सरकार | नगद | ९६८,०००.०० | ०.०० | ३४०,९००.०० | ६२७,१००.०० | ३९९,९८८.६७ | ३९९,९८८.६७ | २२७,१११.३३ | |
| २१११२ | १.१.७.३-सदस्य | नेपाल सरकार | नगद | ३,६३२,०००.०० | ०.०० | १,७८८,४००.०० | १,८४३,६००.०० | १,१८१,७९३.६२ | १,१८१,७९३.६२ | ६६१,८०६.३८ | |
| २११२१ | १.३.१.१-निजामती कर्मचारीहरुको पोशाक खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ४०,०००.०० | ४०,०००.०० | ६०,०००.०० | |
| २११३२ | १.२.२.१-स्थायी कर्मचारीको महंगी भत्ता | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ४४,०२१.५२ | ४४,०२१.५२ | ५५,९७८.४८ | |
| २११४१ | १.२.११.१-पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२१११ | २.१.१.२-सुविधा पानी विजुली | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १८,०७४.१८ | १८,०७४.१८ | १८१,९२५.८२ | |
| २२११२ | २.१.८.१-कर्मचारीको सुविधाको सञ्चार खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | |
| २२२११ | २.२.१.१-पेट्रोल- चार पाङ्ग्रे | नेपाल सरकार | नगद | ७२३,०००.०० | ०.०० | ०.०० | ७२३,०००.०० | २९६,३६७.७५ | २९६,३६७.७५ | ४२६,६३२.२५ | |
| २२२११ | २.२.१.४-मोबिल | नेपाल सरकार | नगद | ७७,०००.०० | ०.०० | ०.०० | ७७,०००.०० | ०.०० | ०.०० | ७७,०००.०० | |
| २२२१२ | २.२.२.१-पेट्रोल- चार पाङ्ग्रे | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२२१२ | २.२.२.४-मोबिल | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२२१३ | २.३.१.२-हलुका सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| ८१४२ | ८.१.३.१-पदाधिकारीको घरभाडा सुविधा | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ३९६,१९३.५५ | ३९६,१९३.५५ | ८०३,८०६.४५ | |
| जम्मा | | | | ७,१००,०००.०० | ०.०० | २,१२९,३००.०० | ४,९७०,७००.०० | २,३७६,४३९.२९ | २,३७६,४३९.२९ | २,५९४,२६०.७१ | |

फछ्र्यौट हुन बाँकी पेश्की: 0

पेश्की कटाई खर्च : 0

पेश गर्ने :-

हस्ताक्षर :-

नाम :-

दर्जा :-

सचिव

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं.: २२४००३४०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण

२०७७/७८ साल

राष्ट्रिय दलित आयोग
२०७५

म. ले. प. फा. न. २१४

बजेट मुल शीर्षक नं : राष्ट्रिय दलित आयोग[२२४०००११३]
कार्यालय / आयोजनाको नाम :
आयोजना रहेको स्थान :

| दातृ निकाय | खर्च संकेत | स्रोतको | | शुरू बजेट | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | | थप | घट | | | | | |
| २११११ | १.१.१.२-रा.प. विशिष्ट | नेपाल सरकार | नगद | ८८७,०००.०० | ०.०० | ०.०० | ८८७,०००.०० | ७१२,११३.१० | ७१२,११३.१० | १७४,८८६.९० | |
| २११११ | १.१.१.६-रा.प.अनं. प्रथम | नेपाल सरकार | नगद | ४,४७८,०००.०० | ०.०० | ४३३,५००.०० | ४,०४४,५००.०० | २,४३५,६३३.२० | २,४३५,६३३.२० | १,६०८,८६६.८० | |
| २११११ | १.१.१.५-रा.प. तृतीय | नेपाल सरकार | नगद | १,१९५,०००.०० | ०.०० | ०.०० | १,१९५,०००.०० | १,१९५,०००.०० | १,१९५,०००.०० | ०.०० | |
| २११११ | १.१.१.४-रा.प. द्वितीय | नेपाल सरकार | नगद | १,३४०,०००.०० | ०.०० | ०.०० | १,३४०,०००.०० | १,३४०,०००.०० | १,३४०,०००.०० | ०.०० | |
| ...२१ | १.३.१.१-निजामती कर्मचारीहरुको पोशाक खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ९०,०००.०० | ९०,०००.०० | १०,०००.०० | |
| २११३२ | १.२.२.१-स्थायी कर्मचारीको महंगी भत्ता | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २०६,०००.०० | २०६,०००.०० | ९४,०००.०० | |
| २११३९ | १.२.९.१-कार्यालय समय बाहेक अतिरिक्त समय काम गरे वापतको खाना, खाजा खर्च | नेपाल सरकार | नगद | ३८५,०००.०० | ०.०० | ०.०० | ३८५,०००.०० | ३७६,५००.०० | ३७६,५००.०० | ८,५००.०० | |
| २११३९ | १.२.८.१-प्रसुती स्याहार भत्ता | नेपाल सरकार | नगद | १५,०००.०० | ०.०० | ०.०० | १५,०००.०० | ५,०००.०० | ५,०००.०० | १०,०००.०० | |
| २१२१३ | १.६.४.१-कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च(कर्मचारी/ पदाधिकारी सामाजिक सुरक्षा ) | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ४८,८००.०० | ४८,८००.०० | ५१,२००.०० | |
| २२१११ | २.१.३.३-मिनिरल वाटर | नेपाल सरकार | नगद | ९०,०००.०० | ०.०० | ०.०० | ९०,०००.०० | ७७,८५०.०० | ७७,८५०.०० | १२,१५०.०० | |
| २२१११ | २.१.३.२-ट्याङ्करको पानी | नेपाल सरकार | नगद | ७२,०००.०० | ०.०० | ०.०० | ७२,०००.०० | ६५,६००.०० | ६५,६००.०० | ६,४००.०० | |
| २२१११ | २.१.३.१-जारको पिउने पानी | नेपाल सरकार | नगद | ६०,०००.०० | ०.०० | ०.०० | ६०,०००.०० | ३४,१७८.०० | ३४,१७८.०० | २५,८२२.०० | |
| २२१११ | २.१.२.१-बिद्युत महशुल | नेपाल सरकार | नगद | १७८,०००.०० | ०.०० | ०.०० | १७८,०००.०० | १७८,०००.०० | १७८,०००.०० | ०.०० | |
| २२११२ | २.१.९.१-हुलाक/कुरियर खर्च | नेपाल सरकार | नगद | ३६,०००.०० | ०.०० | ०.०० | ३६,०००.०० | ०.०० | ०.०० | ३६,०००.०० | |
| २२११२ | २.१.८.१-कर्मचारीको सुविधाको सञ्चार खर्च | नेपाल सरकार | नगद | १६,०००.०० | ०.०० | ०.०० | १६,०००.०० | ११,०००.०० | ११,०००.०० | ५,०००.०० | |
| २२११२ | २.१.७.१-ईमेल/ इन्टरनेट/ वेवसाइट महसुल | नेपाल सरकार | नगद | ९६,०००.०० | ०.०० | ०.०० | ९६,०००.०० | ८२,२६४.०० | ८२,२६४.०० | १३,७३६.०० | |
| २२११२ | २.१.६.१-टेलिफोन महसुल | नेपाल सरकार | नगद | २५२,०००.०० | ०.०० | ०.०० | २५२,०००.०० | १५२,०००.०० | १५२,०००.०० | १००,०००.०० | |
| २२२१२ | २.२.२.२-पेट्रोल- दुई पाङ्ग्रे | नेपाल सरकार | नगद | १३७,०००.०० | ०.०० | ०.०० | १३७,०००.०० | १२८,१४६.५० | १२८,१४६.५० | ८,८५३.५० | |
| २२२१२ | २.२.२.१-पेट्रोल- चार पाङ्ग्रे | नेपाल सरकार | नगद | ८९९,०००.०० | ०.०० | ०.०० | ८९९,०००.०० | ८९०,४७०.४८ | ८९०,४७०.४८ | ८,५२९.५२ | |
| २२२१२ | २.२.२.४-मोबिल | नेपाल सरकार | नगद | ६४,०००.०० | ०.०० | ०.०० | ६४,०००.०० | ६४,०००.०० | ६४,०००.०० | ०.०० | |
| २२२१३ | २.३.१.३-दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | ९०,०००.०० | ०.०० | ०.०० | ९०,०००.०० | ९०,०००.०० | ९०,०००.०० | ०.०० | |
| २२२१३ | २.३.१.२-हलुका सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | ४१०,०००.०० | ६००,०००.०० | ०.०० | १,०१०,०००.०० | १,००९,९८४.०० | १,००९,९८४.०० | १६.०० | |
| २२२१४ | २.९.२.२-२ पांग्रे सवारी साधन विमा | नेपाल सरकार | नगद | ९०,०००.०० | ०.०० | ०.०० | ९०,०००.०० | ८६,५८७.०० | ८६,५८७.०० | ३,४१३.०० | |
| २२२१४ | २.९.१.१- ४ पांग्रे सवारी साधन | नेपाल सरकार | नगद | २१०,०००.०० | ०.०० | ०.०० | २१०,०००.०० | २१०,०००.०० | २१०,०००.०० | ०.०० | |

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | भुक्तानी विधि | शुरू बजेट | संशोधन रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२२१ | २.३.२.१-कम्प्यूटर/ल्यापटप मर्मत खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ०.०० | |
| २२३११ | २.४.१.१-विविध कार्यालय खर्च | नेपाल सरकार | नगद | २,५००,०००.०० | ०.०० | ०.०० | २,५००,०००.०० | २,४९५,५९७.३५ | २,४९५,५९७.३५ | ४,४०२.६५ | |
| २२३१३ | २.४.९.१-कार्यालय पुस्तक | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ८५,८१०.०० | ८५,८१०.०० | १४,१९०.०० | |
| २२३१४ | २.२.३.६-सवारी साधन बाहेकका मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १८,०००.०० | १८,०००.०० | १८२,०००.०० | |
| २२३१५ | २.४.१३.१-पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २७२,१९२.०० | २७२,१९२.०० | २७,८०८.०० | |
| २२४११ | २.५.३.१-अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | | | | | ०.०० | ०.०० | | |
| २२४१३ | २.५.७.५-सरससफाई सेवा | नेपाल सरकार | नगद | १६९,०००.०० | ०.०० | ०.०० | १६९,०००.०० | १०८,०००.०० | १०८,०००.०० | ६१,०००.०० | |
| २२४१३ | २.५.७.४-करार सेवा का स | नेपाल सरकार | नगद | २,०२६,०००.०० | ०.०० | ९७,०००.०० | १,९२९,०००.०० | १,७७२,६८०.०० | १,७७२,६८०.०० | १५६,३२०.०० | |
| २२४१३ | २.५.७.३-करार सेवा हसचा | नेपाल सरकार | नगद | २,२४५,०००.०० | ०.०० | ४४०,२००.०० | १,८०४,८००.०० | १,३७१,८७४.९१ | १,३७१,८७४.९१ | ४३२,९२५.०९ | |
| २२४१३ | २.५.७.२-करार सेवाका कर्मचारीहरुको पोशाक | नेपाल सरकार | नगद | १६०,०००.०० | ०.०० | ०.०० | १६०,०००.०० | ११०,०००.०० | ११०,०००.०० | ५०,०००.०० | |
| २२५२२ | २.७.२५.१५-निति तथा कार्यक्रम र समानुपातिक समावेशीताको अध्ययन अनुसन्धान | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | २.७.२५.१०-लोकसेवा तयारी कक्षा सञ्चालन | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | ८००,०००.०० | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | |
| २२५२२ | २.७.२५.१२-आयोगको नियमावली निर्देशिका आचारसंहिता कार्यविधिको मस्यौदा निर्माण | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | |
| २२५२२ | २.७.२५.१४-दलित अधिकार सम्बन्धि प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रम | नेपाल सरकार | नगद | ८००,०००.०० | १,४००,०००.०० | ०.०० | २,२००,०००.०० | २,१०८,८०८.९० | २,१०८,८०८.९० | ९१,१९१.१० | |
| २२५२२ | २.७.२५.१६-जातीय विभेद तथा छुवाछुत अन्त्य दिवश | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | २००,०००.०० | २००,०००.०० | १५७,१६०.०० | १५७,१६०.०० | ४२,८४०.०० | |
| २२५२२ | २.७.२५.६-दलित अधिकार सम्बन्धी ऐन नियमको प्रचार प्रसार | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४८७,६२३.०० | ४८७,६२३.०० | १२,३७७.०० | |
| २२५२२ | २.७.२५.५-बार्षिक प्रतिवेदन | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २९३,८००.०० | २९३,८००.०० | ६,२००.०० | |
| २२५२२ | २.७.२५.१८-विद्यालयमा जातीय विभेद तथा छुवाछुत सम्बन्धि अभिमुखिकरण कार्यक्रम | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२६११ | २.८.१.१-अनुगमन | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | ०.०० | ६००,०००.०० | ५४०,७००.०० | ५४०,७००.०० | ५९,३००.०० | |
| २२६१२ | २.८.२.१-भ्रमण | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | २९५,१६०.०० | २९५,१६०.०० | २०४,८४०.०० | |
| २२७११ | २.९.६.१-विविध खर्च | नेपाल सरकार | नगद | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४९९,३३८.०० | ४९९,३३८.०० | ६६२.०० | |
| २८१४२ | ८.१.३.२-घरभाडा | नेपाल सरकार | नगद | ०.०० | २,२००,०००.०० | ०.०० | २,२००,०००.०० | २,२००,०००.०० | २,२००,०००.०० | ०.०० | |
| २८१४९ | ८.१.८.१-अन्य भाडा | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २०८,२०१.०० | २०८,२०१.०० | ९१,७९९.०० | |
| जम्मा | | | | २५,७००,०००.०० | ४,२००,०००.०० | ३,०७०,७००.०० | २६,८२९,३००.०० | २३,०१४,०७१.४४ | २३,०१४,०७१.४४ | ३,८१५,२२८.५६ | |

फछ्र्यौट हुन बाँकी पेश्की: 0

पेश्की कटाई खर्च : 0

सचिव

**पेश गर्ने :-**

**हस्ताक्षर :-**

**नाम :-**

**दर्जा :-**

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं.: २२४००३४०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण

२०७७/७८ साल

राष्ट्रिय दलित आयोग
२०७५

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय दलित आयोग[२२४०००११४]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| दातृ निकाय | खर्च संकेत | स्रोतको | | शुरू बजेट | संशोधन /रकमान्तर/ श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | | थप | घट | | | | | |
| ३११२२ | ११.३.७.२-डेक्सटप कम्प्यूटर | नेपाल सरकार | नगद | ०.०० | ४००,०००.०० | ०.०० | ४००,०००.०० | ४००,०००.०० | ४००,०००.०० | ०.०० | |
| ३११२२ | ११.३.७.३-प्रिन्टर | नेपाल सरकार | नगद | ०.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ९९,८८०.०० | ९९,८८०.०० | १२०.०० | |
| ३११२३ | ११.६.१३.४-रिभल्भिङ चियर हेभि | नेपाल सरकार | नगद | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ०.०० | |
| [illegible]२२३ | ११.६.१३.२-टेबल | नेपाल सरकार | नगद | ०.०० | २२५,०००.०० | ०.०० | २२५,०००.०० | २२५,०००.०० | २२५,०००.०० | ०.०० | |
| ३११२३ | ११.६.१३.५-स्टिल दराज | नेपाल सरकार | नगद | ०.०० | १२५,०००.०० | ०.०० | १२५,०००.०० | १२५,०००.०० | १२५,०००.०० | ०.०० | |
| जम्मा | | | | ०.०० | १,०००,०००.०० | ०.०० | १,०००,०००.०० | ९९९,८८०.०० | ९९९,८८०.०० | १२०.०० | |

फछ्र्यौट हुन बाँकी पेश्की: 0

पेश्की कटाई खर्च : 0

सचिव

**पेश गर्ने :-**
**हस्ताक्षर :-**
**नाम :-**
**दर्जा :-**

अनुसूची-३


# राष्ट्रिय दलित आयोगको वार्षिक बजेट र खर्च

यस आयोगको आ.व २०७७/७८ को वार्षिक बजेट र खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| क्र.सं | शीर्षक | विनियोजित बजेट | खर्च रू. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु खर्च | २,१८,००,००० | २५,३४३,९८६ | ८० |
| २. | पूँजीगत खर्च | १०,००,००० | ९,९९,८०० | ९९.९८ |
| **जम्मा** | | २,२८,००,००० | २६,३४३,८६६ | ८९.९९ |

## अनुसूची-४


# आयोगबाट प्रकाशित सचेतनामूलक सामग्रीहरू













## अनुसूची – ५

# आयोगबाट जारी भएका प्रेस विज्ञप्ती र शुभकामना सन्देशहरू

**राष्ट्रिय दलित आयोग**
**National Dalit Commission**

प.सं.
च.नं.

प्रेस विज्ञप्ति

मिति २०७८ वैशाख १८ गते दाङको तुल्सिपुर उपमहानगरपालिका-६ स्थित स्याउली बजारमा पार्किङ्ग गरी राखेको भारतीय नम्बर प्लेट RJ 01CC0885 को कारभित्र तुल्सीपुर -६ वरुवागाँउका दलित समुदायका बालकहरु करण परियार (वर्ष ६), सुवर्ण परियार (वर्ष ७) र सन्दिप परियार (वर्ष ९) को शव फेला परेको समाचार प्राप्त भएको छ । सिँगो दलित समुदायलाई स्तब्ध बनाउने उक्त घटना प्रति यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । लक गरिएको गाडी भित्र नग्न तथा अर्धनग्न अवस्थामा शवहरु भेटिएको सूचना तथा समाचारहरुले गम्भिर आशंका सिर्जना गरेको छ । तसर्थ उक्त घटनाको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानवीन गर्न, सत्य तथ्यको सार्वजनिकीकरण गर्न तथा दोषी उपर कानूनी कार्वाही गर्न यस आयोग सम्वन्धित निकाय र नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

मितिः २०७८/०१/१९ गते

मीना देवी सोव
मा.सदस्य
राष्ट्रिय दलित आयोग,कुपण्डोल ललितपुर

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४५१०३१
E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np

**राष्ट्रिय दलित आयोग**
**National Dalit Commission**

प.सं. २०७७/०७८
च.नं.

जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस, २०७८ को अवसरमा राष्ट्रिय दलित आयोगको शुभकामना सन्देश

नेपाली समाजमा विद्यमान जातीय भेदभाव तथा छुवाछुत उन्मूलनको राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण दलित दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । जातीय विभेद र छुवाछुत विरुद्धका सबै आन्दोलनहरुमा प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछौं साथै जातीय भेदभाव तथा छुवाछुत अभियान तथा आन्दोलनमा निरन्तर सहभागी हुनुहुने तथा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति सम्मान प्रकट गर्दछौं ।

जातीय छुवाछुत तथा भेदभाव नेपाली समाजको रुपान्तरण, राज्यको लोकतान्त्रिकरण र मानव विकासको अवरोधको रुपमा देखा परेको छ । सभ्य, समुन्नत र समृद्ध नेपाल नै हाम्रो चाहना हो । सबै जातजाति, भाषाभाषि विरुद्धको विभेदको अन्त्य गर्नु नै लोकतन्त्रको लक्ष्य हो । तर नेपाली समाजमा सदियौंदेखि विद्यमान जातीय भेदभाव तथा छुवाछुत नेपाली समाजको कलंकको रुपमा देखा परेको छ । जातीय विभेद र छुवाछुतको विद्यमानताले व्यक्ति, समाज र राज्यको आर्थिक, सामाजिक/सांस्कृतिक र राजनीतिक आयाममा प्रतिकूल प्रभाव पारी राज्य प्रणालीलाई समतामूलक, लोकतान्त्रिक, जनमुखी र जनमैत्री बनाउन अवरोध सिर्जना गरेको छ ।

नेपालको संविधान तथा कानूनहरुले लोकतन्त्र र मानव अधिकारलाई आत्मसात गरी जातीय विभेद तथा छुवाछुतलाई दण्डनीय अपराधको रुपमा लिनुका साथै निषेध समेत गरेका छन् । तर लक्ष्य अनुसार व्यवहारमा कार्यान्वयन नहुँदा दलित समुदायले लोकतन्त्रका लाभहरुलाई आफ्नो जीवनमा अनुभूत गर्न सकेका छैनन् । उल्लिखित सन्दर्भमा आजको यस महत्वपूर्ण दिनमा समाजमा विद्यमान विभेद र छुवाछुत विरुद्धमा निरन्तर क्रियाशील हुन, सबै पक्षका विचमा हातेमालो गर्न तथा सहकार्य, समन्वय तथा साझेदारी मार्फत समाजको रुपान्तरणमा सहभागी हुन हार्दिक अपिल गर्दछौं।

छुवाछुत विरुद्धको अभियान समाजको साझा अभियानका रुपमा स्थापित हुनुपर्ने हामीले महसुस गरेका छौं । समाजमा शिक्षा र चेतनाको उन्नतीकरण र विकास, समाजका सबै क्षेत्र, वर्ग र समुदायको एक्येवद्धता, हाम्रा आर्थिक, सामाजिक, सांस्कृतिक प्रणाली र आयाममा सार्थक समावेशीकरण र रुपान्तरण मार्फत सबै प्रकारका विभेद र छुवाछुत हटाउन हामी सबैलाई आव्हान गर्दछौ र यस महान अभियानमा हामी सबैको निष्ठापूर्वक सहभागिताको लागि अग्रसर हुने प्रेरणा मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति २०७८ जेठ २१ गते

राष्ट्रिय दलित आयोग
कुपण्डोल, ललितपुर

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४५१०३१
E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np

राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.सं. २०७७/०७८
च.नं.

## विज्ञप्ति

मिति २०७८/०३/०९ गते बुधबारका दिन यस राष्ट्रिय दलित आयोग र हिमालय टेलिभिजनबाट प्रशारण हुने टेलिचलचित्र "जुठे"का लेखक/निर्देशकहरुबीच उक्त टेलिचलचित्रका बारेमा छलफल भई तपसिल बमोजिम निर्णय भएको छ ।

### तपसिल :

१. जुठे टेलिचलचित्रको कथा वस्तुको प्रशारणको सन्दर्भमा दलित समुदाय प्रति पर्न गएको चोटप्रति संवेदनशिल रहि कार्यक्रममा त्यस प्रति स्पष्ट गरी सो कार्यक्रम प्रशारण गर्ने ।

२. टेलिचलचित्र प्रशारणका क्रममा दलित समुदाय माथि भएका/हुन गएका विभेद, छुवाछूत, उत्पीडन र शोषणका विषयहरु भन्दा त्यस विरुद्धका रुपान्तरण, परिवर्तन र प्रयासको सन्देश प्रवाह हुने गरी अगाडी बढ्ने ।

३. राष्ट्रिय दलित आयोग र जुठे टेलिचलचित्रको निर्माण समूहबीचमा आवश्यकता अनुसार छलफल/अन्तरक्रिया गर्ने, आयोगबाट छलफलका लागि बोलाउँदा आयोगमा उपस्थित हुने र जुठे टिमबाट समेत समय माग भएमा छलफलका लागि समय व्यवस्थापन गरी छलफल गर्ने व्यवस्था गर्ने ।

०७८/०३/११

मिति २०७८/०३/११ गते ।

माननीय अध्यक्ष

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४५१०३१
E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np

राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.सं.
च.नं.

## प्रेस विज्ञप्ती

तनहुँ घर भई काठमाडौंमा संचार क्षेत्रमा क्रियाशिल रुपा सुनारलाई काठमाडौं बबरमहलकी घरधनी सरस्वती प्रधानले दलित भएको कारणले कोठा भाडा दिन नमानेको विषय प्रति राष्ट्रिय दलित आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । मानव सभ्यता र विज्ञान प्रविधिको यो २१ औं शताब्दीमा पनि जातको कारणले कोठा भाडामा नदिनु गम्भीर जातीय भेदभाव हो । संविधान र ऐन कानूनले दण्डनीय अपराध मानेको जातीय छुवाछुत तथा भेदभावको घटनामा संलग्न व्यक्तिलाई कानून बमोजिम कारवाहीको लागि यस आयोगबाट सम्बन्धित निकायमा लेखी पठाएको थियो। साथै प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको अवस्थामा संविधानले प्रत्याभूत गरेको मानव अधिकार, कानूनी राज्य, विभेद विरुद्धको हक र दलित अधिकारहरुलाई चुनौति दिँदै राष्ट्रको महत्वपूर्ण जिम्मेवारीमा रहेका नेपाल सरकारका मन्त्री कृष्ण गोपाल श्रेष्ठ आरोपी छुटाउन आफै प्रहरी कार्यालय पुग्नुलाई दुःखद र सार्वजनिक पदको दुरुपयोगका रुपमा आयोगले लिएको छ । जुनसुकै जात, धर्म, वर्णको होस् कसुर गरे अनुसारको सजाय पाउने बातावरण निर्माणको लागि नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छौं। साथै घटनाको सम्बन्धमा अनुसन्धानमा क्रियाशिल सरकारी वकिलको कार्यालय, काठमाडौं र महानगरीय प्रहरी परिसर, काठमाडौंलाई मुलुकको संविधान, प्रचलित कानून र जातीय विभेदको संवेदनशिलतालाई मध्यनजर गरी घटनाको सत्य तथ्य पहिचान गर्न, दोषी उपर कारवाही गर्न तथा घटनाको यथार्थ विवरण सार्वजनिक गर्न साथै आफ्नो दायित्व र कर्तव्य प्रति समेत सचेत गराउन चाहन्छौं ।

०७८/०३/१०

मिति:२०७८ असार १० गते ।

माननीय अध्यक्ष

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४५१०३१
E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np

# आयोगका कार्यक्रमहरूको केही झलकहरू



आयोगका माननीय अध्यक्ष पद बहाली गर्नु हुँदै



रसुवाका जि.न्या.व. कार्यपत्र प्रस्तुत गर्नुहुँदै



मार्च २१ समारोह उद्घाटन गर्नु हुँदै मुख्यमन्त्रीज्यू



अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको तस्वीर



बर्दिवास महोत्तरीमा मन्तव्य राख्नु हुँदै आयोगको मा. अध्यक्ष



नवनियुक्त राजदूत डा. निर्मल विश्वकर्मालाई बधाई तथा शुभकामना पश्चात



थर सूचीकरण सम्बन्धी कार्यक्रम पश्चात सामुहिक तस्विर



कैलाली धनगढी उ.प.पा को कार्यक्रमको झलक



सुर्खेतको लेकवेशी न.पा.को कार्यक्रममा मन्तव्य राख्नुहुँदै आयोगका मा. अध्यक्षज्य


कैलाली कार्यक्रमको झलक


कर्णाली प्रदेशका मुख्यमन्त्रीसँग छलफलको क्रममा


सर्लाही जिल्ला स्थलगत अनुगमनको दृश्य



मा.सदस्य सुन्दर पुर्कुटी पदवहाल पश्चात



माननीय सदस्य सुन्दर पुर्कुटी मा. अध्यक्ष समक्ष सपथ ग्रहण गर्नु हुँदै



माननीय सदस्य र प्रमुख जिल्ला अधिकारीको भेट



माननीय सदस्य र प्रहरी प्रमुख बीच भेट




राष्ट्रिय दलित आयोग र पशुपतिक्षेत्र विकास कोष बीचको छलफल पश्चात



कैलालीमा छलफल गर्दै मा. सदस्य मिनादेवी सौव



कैलाली घटनाको अनुगमनको सन्दर्भमा स्थानीय प्रहरीसँग छलफल गर्दै मा. सदस्य